शिक्षक-साहित्य: पृष्ठ ५०-५७

विचार: महान शिक्षक, महान राष्ट्र

चिन्तन: अचम्मका हामी!

डा.विद्यानाथ कोइराला

# शिक्षक

www.teacher.org.np

मूल्य रु ४०/-

कात्तिक २०६७



## विद्यार्थीले सम्झने शिक्षक शिक्षकले सम्झने विद्यार्थी



शिक्षक खोज

## हुँदै नभएका स्कूलका नाउँमा लाखौं निकासा


Dabur
"उही विश्वास, उही उत्कृष्ट Quality
मेरो Real Juice
नमस्कार, मैले चलचित्रमा धेरै काल्पनिक अभिनय गरें तर आज म एउटा Real वास्तविकता राख्दैछु तपाईहरु माझ। म सधैं उत्कृष्ट quality नै रोज्छु। उत्कृष्ट quality यानि, मेरो Real juice। सत प्रतिशत विश्वासका साथ म वर्षौंदेखि पिउँदै आइरहेको छु। त्यसैले वर्षौं देखि को मेरो favourite Real juice तपाईहरु पनि निर्धक्क पिउनुहोस्।
राजेश हमाल
नेपालको न. १ फ्रुट जुस
Real
Fruit Power
Mango nectar
The Original Goodness
HACCP
CERTIFIED
Tetra Pak
PROTECTS WHAT'S GOOD

# शिक्षक मासिक

जिप्रका लपु दनं ५३/०६५/०६६

वर्ष ३ पूर्णाङ्क ३१

कात्तिक २०६७
Oct-Nov 2010


**शिक्षक खोज**

## हुँदै नभएका स्कूलका नाममा लाखौं निकासा

पृष्ठ २६-३०



**साहित्य विशेष**

५०-५७

### शुभकामना

विजयादशमी तथा शुभ-दीपावली, २०६७ को सुखद् उपलक्ष्यमा सम्पूर्ण शिक्षक, छात्रछात्रा, अभिभावक, विज्ञानपनदाता तथा पाठकहरूमा मङ्गलमय शुभकामना ।

ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड तथा शिक्षक मासिक परिवार

### गतिविधि १४-१७

■ स्कूल त खुल्यो, शिक्षक फर्कनन् ■ विशेष परीक्षाको नतिजा अझै टाढा ■ लाइसेन्सको आंशिक नतिजा ■ शिक्षा समितिमा थपिए शिक्षक संस्था ■ ठूला नेता, कमजोर नतिजा ■ एक लाखलाई टीपीडी ■ नेपालमा पनि विश्व शिक्षक दिवस

### सफल नागरिकका असल शिक्षक






जया कोइराला, पीताम्बर शर्मा गैरे, गौरी राणा र शकुन्तला राना

पृष्ठ १८-२५

### मूल सामग्री


| | | |
|---|---|---|
| अचम्मका हामी ! घोत्लिने कि ? | डा. विद्यानाथ कोइराला | ३२ |
| महान् शिक्षकः महान् राष्ट्र | केशवप्रसाद भट्टराई | ३४ |
| हलुका हुन्न शिक्षकको जिम्मेवारी | अन्तर्वार्ता | ३८ |
| कक्षामा पहिलो दिन | अनुभव | ४२ |
| चितवन निकुञ्जः के'पो छैन र ! | डा. तीर्थबहादुर श्रेष्ठ | ४६ |
| Questions for Conversation | English CLASSROOM | ५८ |


### स्तम्भ


विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, सुझाव र प्रतिक्रिया ४, जिज्ञासा र जवाफ १०, मनका कुरा १२, फुर्सद ६०, मैले पढेको स्कूल ६४



ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित, **सम्पादकः** राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादकः** केदार शर्मा, **सहायक सम्पादकः** सुदर्शन घिमिरे, **वरिष्ठ संवाददाताः** बाबुराम विश्वकर्मा, **संवाददाताः** प्रमोद आयाम, **ले-आउटः** विपेन्द्र घिमिरे

**कार्यालयः** ***शिक्षक*** **मासिक,** मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर, **पो.ब.नं. ३९१, ललितपुर,** फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२, ग्राहक गुनासो- ४२६५६८६
फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np, मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# शरदको सन्देश

**सबै** ऋतुका आ-आफ्ना विशेषता हुन्छन् । कविशिरोमणि लेखनाथ पौड्यालले तिनै कुराको वर्णन र विश्लेषण गरेर एउटा सिङ्गै काव्यकृति 'ऋतुविचार' लेखे । आफूमा परेको ऋतुविशेषको प्रभावलाई अरू धेरै कविहरूले विभिन्न किसिमले शब्द दिएका छन् । राष्ट्रकवि माधव घिमिरे शरद ऋतुमा खुलेको मौसम र हिमालको प्रेरक विशालताको वर्णन यसरी गर्छन्-

भाइ शरद् सुन्दर याम लाग्यो
उघ्यो झरी झलमल घाम लाग्यो
हिमालको दर्शन बल्ल पाएँ
विशालको दर्शन-तुल्य पाएँ ।

यो नेपालभरमै सर्वश्रेष्ठ मौसम हो । फूल फुल्ने याम, खेतबारीमा अन्न हुने वेला, फलफूलको हर्जा नहुने समय–यो सहकालको समय पनि हो । हिमालमा हिउँ परिनसकेको, पहाडमा स्याँठ चलिनसकेको, मधेशको गर्मी घट्ने क्रममा रहेको, क्षितिजमा तुवाँलो जमिनसकेको–यो सुन्दर वेला हो । शायद यही प्रेरणाले राष्ट्रकवि थप्छन्,

पाई शरद सुन्दर धूप खिल्छ
र फूलको सुन्दर रुप खिल्छ
के बुझ्न डुल्छे प्रकृति प्रमत्त
अहो जगत् जीवन एकछत्त ।

शायद यसैले हाम्रा मुख्य चाडबाडहरू पनि यसवेला नै पर्छन् । शरद लाग्नासाथ पितृहरूलाई श्रद्धासुमन अर्पेर हामी चाडबाडमा लाग्छौं । टीका लगाउने चलन भए पनि नभए पनि–सबै नेपालीमा कुनै न कुनै किसिमले दशैंको वेला रमाइलो गर्ने चलन बसिसकेको छ । इस्लाम पर्व इद उल फित्र यसै मौसममा पर्छ । तिहारसँगसँगै आउने नेपाल सम्वतको न्हू द:या (नयाँ वर्ष), लगत्तै पछिको सूर्य आराधना (छठ) र बाली उठाउने क्रममा जोडिएका प्रकृतिपूजकहरूका धान्यपूर्णिमा लगायतका विभिन्न चाडबाड आउँदैछन्



चाडबाडहरू रमाइलो गर्नलाई हुन्, रमाउनलाई हुन्, विद्वेष र कलह मेटाउनलाई हुन् । टाढाकालाई नजिक ल्याउने सबभन्दा राम्रो मौका पनि चाडबाडहरू नै हुन् । शरद ऋतुमा तुवाँलो खुलेका पहाडका तरेली देखेर राष्ट्रकविले पाएको प्रेरणा पनि त्यही हो-

नजिक आए अब दूर डाँडा
रहेन कोही पनि हेर टाढा
म देख्छु भाइ सबलाई आफ्ना
र देख्छु भाइ ! कुन दिव्य स्वप्ना ।

मौसम चक्र अनवरत घुमिरहन्छ । त्यसै भएर त नयाँ नयाँ ऋतुहरू आइरहन्छन् । देशकाल फेरिँदैछ, 'नयाँ नेपाल' को लहर चलेको छ तर चाडबाडहरू उसरी नै आउँछन् । चाडबाडहरू राजनीति र नाराबाट मुक्त हुन्छन् । एउटा उदाहरण, केही वर्षयता 'पुरुषको सुस्वास्थ्य र दीर्घायुका लागि महिलालाई ब्रत बस्न लगाउने तीज अप्रगतिशील र पितृसत्ताको पक्षपाती चाड हो' भन्ने स्वरहरू चर्किएका छन् । तर ती स्वरलाई उछिनेर पहिलेभन्दा धेरै ठूलो सङ्ख्या र समुदायका महिलाहरू तीज मनाइरहेका छन् । छठ पहिले मैथिल समुदायमा मात्र सीमित चाड थियो, अहिले त्यसमा पहाडे समुदायको सहभागिता उल्लेख्य रूपमा बढेको छ । यस्तो सबै चाडपर्वमा हुन्छ । क्रिसमस नमनाए पनि त्यसवेलाको पर्वको मानसिकताले धेरैलाई छुन्छ । भ्यालेन्टाइन डे त एक किसिमले धर्मनिरपेक्ष पर्व नै भइसकेको छ ।

आफ्नो संस्कृति र परम्परामा सबैलाई गर्व हुन्छ । आफूप्रति गर्व गर्नेले अर्कालाई घृणा गर्दैन–बरु सम्मान गर्छ । तर 'गर्व' र 'घमण्ड'का बीचमा एउटा झिनो रेखा चाहिँ अवश्य हुन्छ । घमण्डले अर्कालाई होच्याउँछ । सभ्य समाजका पक्षपातीहरू त्यो झिनो रेखा नाघिएला भनेर सदैव सचेत रहनु आवश्यक हुन्छ । शरद ऋतुको खुलेको मौसमको स्वच्छता, फुलेका बोटहरूको कान्ति, फलेका वृक्ष र बालाहरूको झुकेको विनयशीलता र घरघरमा आएका चाडपर्वले हामीलाई दिने सन्देश पनि यही हो । कवि भन्छन्:

यै धर्तीमा बज्दछ जो मृदङ्ग
नाचूँ कि नाचूँ सरी अङ्ग अङ्ग
नाच्छन् सबै, गाउँदछन् सबै रे
वर्षैभरि उत्सव उत्सवै रे !

लाग्छ शरदको सन्देश यही हो । यो उत्सवको याममा समस्त शिक्षक र शिक्षकहरूमार्फत विद्यार्थी र अभिभावकहरूलाई हार्दिक शुभकामना ! अन्त्यमा राष्ट्रकविकै भाका:

यो धर्ती नाँच्ने अनि गाउने हो
यो पिर्ती मान्छेसित लाउने हो ।

# विनम्रता

**संयुक्त** राज्य अमेरिकाका सोह्रौं राष्ट्रपति अब्राहम लिङ्कनका बारेमा धेरै राम्रा, प्रेरक र उत्साहबर्द्धक कथाहरू प्रचलित छन् । लिङ्कनको विनम्रताका बारेमा प्रचलित एउटा कथा यसप्रकार छः

एकदिन लिङ्कन र उनका एकजना राजनीतिक सहकर्मी बग्गी चढेर कतै गइरहेका थिए । बाटामा एउटा मानिसले लिङ्कनलाई चिन्यो र आदरपूर्वक झुकेर अभिवादन गर्‍यो । लिङ्कनले बग्गीको गति घटाउन लगाए । डाङरी लगाएर असिन-पसिन भएर काम गरिरहेको त्यो मान्छेलाई उसले जसरी नै आदरपूर्वक झुकेर अभिवादन गरे । लिङ्कनका सहकर्मीलाई त्यो दृश्य अलिक अनौठो लाग्यो र उनले भने, "तपाईं यत्रो मानिस भएर पनि एउटा साधारण मजदुरलाई किन यसरी अभिवादन गर्नुभएको ?"

लिङ्कनले भने, "मलाई विनम्र मानिसहरू मन पर्छन् र मलाई पनि उनीहरू जस्तै बन्न मन लाग्छ । तर आफूले मन पराएका व्यक्ति जस्तै कसरी बन्ने भन्ने मलाई थाहा नभएकाले मैले उनीहरूले जस्तै व्यवहार गर्ने कोशिश गरेको हुँ । तपाईंलाई त्यस्तो केही तरिका थाहा भए सिकाइदिनुहोस् न, म त्यही गर्छु ।"



लिङ्कनका सहकर्मी निरुत्तर मात्र भएनन्, उनले पनि लिङ्कनकै जीवनशैली अपनाउने प्रण गरें ।

***शिक्षाः मन परेको व्यक्तिको जस्तो व्यवहार गर्नु ऊ जस्तो बन्ने प्रयास त हो नै; त्यस्ता व्यक्तिप्रतिको सम्मान पनि हो ।***




# प्रतिक्रिया र सुझाव




## व्यर्थको पोशाक बहस

शिक्षकको पोशाकसम्बन्धी समाचार (असोज २०६७) पढ्दा लेखक मित्रले शिक्षा क्षेत्रको मर्म बुझ्न भर्खरै थालनी गरेको अनुभव भयो। शैक्षिक स्तर सुधारका लागि पोशाक पनि एक पाटो हुन सक्छ भन्नेमा म सहमत छु। तर शिक्षकमाथि पोशाक लाद्न खोज्नु पक्कै पनि ठीक होइन। विद्यालयमा शैक्षिक सामग्री, प्रयोगशाला र बालमैत्री तथा भयरहित वातावरणको अभाव छ। शिक्षा नियमावलीमा रहेका अव्यावहारिक नीति लगायतका कठिनाई पनि शिक्षकहरूले झेलिरहनुपरेको छ। सरकारले विद्यालय व्यवस्थापन समितिमा राजनीतिकर्मीहरूको प्रवेश खुला गरिदिएका कारण प्रअ तथा शिक्षकहरूले जागिर जोगाउन चाकडी गर्नुपरेको अवस्था छ। कमजोर सरकारी नीतिले जोसुकैमा अभिभावक बन्ने होड पैदा गराएर शिक्षकको मानमर्दन गर्दैछ। यस्तो अवस्थामा; एकतर्फी रूपमा शिक्षकलाई पात्र बनाएर त्रुटिपूर्ण शिक्षा नीति र सरकारसँग लेखक डराउनुभएको भान हुन्छ।

लेखक मित्रले पोशाकलाई यतिका महत्त्व दिनुभन्दा शिक्षा नीतिमा रहेको त्रुटि सुधारका लागि प्रयास गरेको भए खर्चेको मसी सार्थक हुनेथियो कि ? निजी विद्यालयहरूले पोशाक भिराइदिएर विद्यालयको विज्ञापन गराइरहेको अवस्थामा त्यहाँका शिक्षकहरू भने पोशाक लगाएर पनि असन्तुष्ट देखिन्छन्। सरकारी विद्यालयमा पनि शिक्षकहरू विद्यालय व्यवस्थापन समितिबाट पीडित छन्। समितिको परिवर्तनपिच्छे शिक्षकको पढाउने शैली र व्यवहार बदल्नुपर्ने बाध्यता छ। तर उक्त समाचारमा शिक्षकको पोशाकबाट गरिएको अपेक्षासँगै शिक्षकको अपेक्षालाई गौण बनाइएको छ। के राज्यका अन्य कर्मचारीसरह शिक्षकले पनि महिनापिच्छे तलब पाउनुपर्ने होइन र ?



समाचारलाई सन्तुलित तथा बिकाउ बनाउनका लागि इमान्दार हुनु पनि जरुरी हुन्छ। शिक्षकलाई उभ्याइएको धरातलको ख्याल नगर्दा शिक्षकलाई थप अन्याय गर्न खोजिएको छ। मन्त्रीको चाहनाअनुरुप फेरिँदै गएको नियमावलीले दिएको मानसिक वेदनामा त्यो लेखले अर्को एक पिलो थपेको छ।

**शम्भुप्रसाद चौधरी**
**जनजागृति मावि, गुठी परसौनी, नवलपरासी**

## विवरण झूठो हो

'नपढाई जागिर खाने शिक्षकको मारमा सरकारी स्कूल' शीर्षक (*शिक्षक*, असोज, २०६७) अन्तर्गत पृष्ठ २८ मा छापिएको समाचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ। विद्यालय हाजिर मात्र गर्न जाने, आफ्नो सट्टामा वारेस राखेको भन्ने म सम्बन्धी समाचार एकदम झूठो हो। को हो, कृष्ण ठगुना? म र मेरो विद्यालय परिवार उहाँलाई चिन्दैन।

म कालिका मावि (गाउँ)को विद्यालयबाट सदरमुकामको विद्यालयमा जिम्मेवारीबाट भाग्न होइन विद्यालयको गतिविधिमा बढी सक्रिय हुन सरुवा भएको हुँ। साथै, म गणित नभई विज्ञान विषयको शिक्षक हुँ।

नेपाल शिक्षक संघको जिल्ला अध्यक्ष भएपश्चात् निश्चित रूपमा सोचेअनुरुप विद्यालयलाई समय दिन नसकेको हो। २०६६ कात्तिक १ गतेदेखि म अध्ययन बिदामा बसेको अवस्थामा मेरो विषयमा समाचार लेखिनु राजनीतिक पूर्वाग्रह भन्दा अन्य केही हुनै सक्दैन। आधारविना तयार पारिएको त्यस रिपोर्टको तथ्यहीन अंशहरू सच्याएर प्रकाशित गरिदिनुहुन अनुरोध छ।

**चतुरबहादुर चन्द, बैतडी**

## सरकारी विद्यालयको उत्कृष्ट नतिजा

*शिक्षक* मासिक (भदौ २०६७) को 'देशका १४४ उत्कृष्ट सरकारी स्कूल' सम्बन्धी रिपोर्ट पठनीय लाग्यो। यसले ताप्लेजुङदेखि सुदूरपश्चिमसम्मका राम्रा विद्यालयहरूको रेकर्ड सार्वजनिक गरिदिएको छ।

जुन विद्यालयका वि.व्य.स., प्रअ र अभिभावकले मेहनत गरेका छन् तिनै विद्यालय उत्कृष्ट नतिजा ल्याउन सफल भएको देखिन्छ। ओदानको तीन खुट्टामध्ये एउटा कमजोर भयो भने ढल्न सक्छ। त्यसकारण वि.व्य.स., प्रअ र अभिभावक नै बलियो हुनुपर्छ अनि मात्र सरकारी स्कूलको शिक्षा राम्रो हुन्छ। अर्को पक्ष भनेको; सरकारले चासो राख्नुपर्छ।

*शिक्षक* पत्रिकाले शिक्षा क्षेत्रका गतिविधिलाई जनसमुदायमा ल्याएर ठूलो गुन लगाएको छ। आगामी दिनहरूमा पनि यस्तो योगदान जारी रहोस्।

**लक्ष्मी राई,**
**गोदावरी, ललितपुर**

x x

*शिक्षक* मासिकको भदौ अङ्कले एसएलसीमा सामुदायिक विद्यालयहरूको पनि राम्रो 'रिजल्ट' आउँदो रहेछ भन्ने छर्लङ्ग पारिदिएको छ। सबै पक्षको समन्वय भयो भने विशिष्ट श्रेणी ल्याउन बोर्डिङ नै ताक्नुपर्ने रहेनछ भन्ने पाठ देशका १४४ वटा माविले देखाए। अब शिक्षकले एकपटक निजी विद्यालयमा पढाइने र सामुदायिक विद्यालयमा पढाइने पाठ्यपुस्तकको पाठ्यभार, त्यहाँ समावेश भएका लेख, पाठ र विद्यार्थीको तहगत स्तर आदिको पनि तुलना गर्ने जमर्को गरोस्!

**सुरेश पौडेल**
**बुटवल बहुमुखी क्याम्पस, बुटवल**

## आत्मसम्मानमा चोट

म २०४८/१०/६ गतेदेखि हालसम्म यस विद्यालयमा नियमित रूपमा शैक्षणिक क्रियाकलाप सञ्चालन गर्दै आएकी छु। तर *शिक्षक* मासिक (असोज २०६७) मा हाम्रो विद्यालयसम्बन्धी समाचारको 'स्कूल नजाने, तलब खाइरहने' उप-शीर्षकअन्तर्गत प्रकाशित विवरणले हामी दम्पतीबाट जन्मिएको नवजात शिशु समेतलाई मुछेको देख्दा हामी दम्पती स्तब्ध भयौं। म डाक्टरले दिएको डेलीभरी समय २०६७/३/२५ गते भए तापनि २०६७/३/३० गतेसम्म विद्यालयमा उपस्थित भएको हाजिर कपीबाट प्रस्ट हुन्छ। २०६७/३/३२ गते 'डेलीभरी' भई २०६७/६/१ गतेदेखि पुनः विद्यालयमा उपस्थित छु र मेरो सञ्चित बिदा अझै ११४ दिन बाँकी छ। *शिक्षक* मा प्रकाशित समाचारले मेरो र परिवारको मानवअधिकार र सम्मानमा समेत आँच पुऱ्याएकोले सोको खण्डन प्रकाशित गरिदिन अनुरोध गरेकी छु।

**सफला के.सी.**
**मनोहर उमावि, गोङ्बु, काठमाडौं**

**(टिप्पणीः हाम्रो समाचारमा तथ्यगत त्रुटि नहुँदा नहुँदै पनि त्यसको प्रस्तुतिका कारण केसीजी र उहाँको परिवारलाई परेको चोटका निम्ति हामी क्षमा चाहन्छौं। *शिक्षक* मासिक हरेक शिक्षक र व्यक्तिको आत्मसम्मानको कदर गर्न दृढ सङ्कल्पित छ। -सं.)**

## रोचक उपाय

'नयाँ जीवन ६० वर्षमा त शुरु हुन्छ' (*शिक्षक*, भदौ २०६७) मा अवकाशपछिको जीवनलाई सुखी तुल्याउन दिइएका १० वटा उपाय रोचक लागे।

हामी नेपालीहरूको सरदर आयु ६० वर्ष भएको सन्दर्भमा अब ४० देखि ६० वर्षसम्मका नेपालीहरूको जीवनलाई कसरी सुखमय बनाउन सकिन्छ भन्ने विषयमा पनि त्यस्तै सामग्री दिनुभए राम्रो हुन्थ्यो।

**रामसिं घिसिङ**
**बालुवा मावि, बालुवापाटी, नाल्दुम, काभ्रे**

# हिमशिखरको उचाइः केही स्पष्टीकरण

*शिक्षक* मासिकको असोज अङ्क २०६७ मा छापिएको 'नेपालको सगरमाथाः विश्वको सम्पदा' बारे केही पाठकले मलाई इमेलमार्फत सुझावहरू पठाउनुभएको छ। लेख पढिदिएर त्यसप्रति चासो र चर्चा उठाउनुभएकोमा आभार प्रकट गर्दछु।

उक्त लेखमा सगरमाथा शिखरलाई विश्वसम्पदाको सूचीमा परेको सगरमाथा राष्ट्रिय निकुञ्जको परिप्रेक्ष्यमा प्रस्तुत गरिएको हो। त्यसैले लेखमा उल्लेख भएका हिमशिखर र तिनको उचाइ *'द स्टोरी अफ माउण्ट एभरेष्ट नेसनल पार्क'* नामक पुस्तकमा आधारित छन्। सो पुस्तक न्यूजिल्याण्डबाट सन् १९८६ मा प्रकाशित भएको हो र त्यसको भूमिका सर एडमण्ड हिलारीले लेख्नुभएको छ। अर्को आधार *'मेचीदेखि महाकाली'* (२०३१ वि.सं.) हो। तर यसो भन्दैमा हाम्रा हिमशिखरहरूको उचाइको विवाद टुङ्गिदैन। किनभने नेपाल सरकार नापी विभागबाट पुनः मुद्रित वि.सं. २०६३ का नक्सा तथा नेपाल पर्यटन बोर्डबाट वि.सं. २०६७ मा प्रकाशित पुस्तकका हिमशिखर उचाइ र अन्य केही आधिकारिक विज्ञहरूका कृति एवं केही आधारभूत नक्सासँग मेल खाँदैनन्। केही उदाहरणहरू यहाँ प्रस्तुत छन्:

१. ल्होत्सेको उचाइ ८५०१ मिटर छ भन्ने मान्यता सगरमाथा क्षेत्रको पुनः सर्वेक्षण गरेर सन् १९८८ मा *नेसनल जिओग्राफिक* म्यागाजिनले प्रकाशित गरेको विस्तृत नक्सामा उल्लेख छ। डा. ल्हाक्पा नोर्बु शेर्पाको संयोजकत्वमा लिखित *सगरमाथा राष्ट्रिय निकुञ्जको व्यवस्थापन योजना* (सन् २००७-१२) ले पनि सोही उचाइलाई मान्यता दिएको छ। ल्होत्सेका आरोही अर्नेष्ट राइसले सन् १९६५ मे १८ का दिन ८,५०१ कै उचाइमा पुगेको पुष्टि गरेका छन्। तर नेपाल पर्यटन बोर्डको अङ्क भने ८५१६ मि. छ।

२. चोउको उचाइ ८,१५३ मि. लाई मान्यता दिनेहरूमा डा. ल्हाक्पा शेर्पा तथा डा. हर्कबहादुर गुरुङ छन्। त्यसमा नेपाल पर्यटन बोर्डको अङ्क ८२०१ मि. छ।

३. डा. हर्कबहादुर गुरुङ तथा जेम्स फिसरले नुप्सेको उचाइ ७,८७९ मि. मानेका छन्। डा. ल्हाक्पा शेर्पाले ७,८९६ मि. लाई मान्यता दिएका छन्। नेपाल पर्यटन बोर्डको अङ्क भने ७,८५५ मि. देखिन्छ। *नेसनल जिओग्राफिक* ले ७,८६१ मि. मान्दै आएको छ।

४. आमादाब्लाङको उचाइ ६,८५६ मि. को मान्यता दिनेमा *नेसनल जिओग्राफिक* र डा. हर्कबहादुर गुरुङ छन्। नेपाल पर्यटन बोर्डले ६,८१२ मि. कायम गरेको छ।

५. तामसेर्कुको उचाइ ६६०८ मि. लाई मान्यता दिनेमा डा. हर्कबहादुर गुरुङ तथा टोनी हागन पर्दछन्। नेपाल पर्यटन बोर्डले ६,६२३ मि. कायम गरेको छ।

(६) नुमोरीको हकमा मैले उपयुक्त स्रोत तथा डा. हर्क गुरुङको पुस्तकको आधारमा ७,१४५ मि. उल्लेख गरेको थिएँ। नेपाल पर्यटन बोर्डले ७१६१ मि. कायम गरेको छ। *नेसनल जिओग्राफिक* म्यागाजिनले भने ७,१६५ मि. उल्लेख गरेको छ। यी तीनथरीका उचाइमध्ये कुन चाहिँलाई मान्यता दिने भन्ने सन्दर्भमा आफ्नो सन्दर्भ सामग्री खुलाएर आफ्नै धारणा बनाउनुपर्ने हुन्छ। शिक्षक साथी एवं विद्यार्थी भाइबहिनीहरूले यस्ता अङ्क र तथ्याङ्क उल्लेख गर्दा आफ्नै पाठ्यक्रमलाई पछ्याउनु उपयुक्त हुन्छ; नत्र परीक्षाफलमा त्यसको प्रभाव पर्न सक्छ। अरू वेला; सन्दर्भ सामग्री उल्लेख गरेर आफ्नो निर्णय लिनु उचित हुन्छ।

उपर्युक्त लेखमा गिनिज अफ रेकर्डमा १२ जना नेपालीले सगरमाथा चढेको कीर्तिमान दर्ता गराएको पनि उल्लेख छ। तेन्जिङ शेर्पादेखि गन्दै ल्याउँदा त्यो सङ्ख्या अधिक देखिने कुरामा ध्यानाकर्षण गराउने पाठकलाई मेरो धन्यवाद छ। दिवङ्गत र वर्तमानका व्यक्तिहरूसमेत गरेर जोडिदिँदा त्यो निश्चय नै लामो फेहरिस्त बन्न पुग्छ। तर, लेखको मूल उद्देश्यबाट धेरै टाढा जानु पनि उपयुक्त नहुने हुँदा सबै नामहरू नपरेका हुन्।

**डा. तीर्थबहादुर श्रेष्ठ**

# प्रतिक्रिया र सुझाव

## विद्यालय प्रभावकारिताको सूचक: उत्पादन

तुलसीप्रसाद थपलियाले लेख्नुभएको 'विद्यालय प्रभावकारिता अवधारणा र सूचक' (*शिक्षक,* भदौ २०६७) विश्लेषणात्मक लेख मननयोग्य लाग्यो। त्यो लेखले मलाई पनि केही लेखिहाल्न प्रेरित गर्‍यो:

१. विद्यालय प्रभावकारितासम्बन्धी ७ बुँदा सिद्धान्तत: ठीक छन्। तर व्यवहारत: के देखिएको छ भने लगानी र प्रक्रियासम्बन्धी तत्त्वहरूलाई गौण मान्दै उत्पादनलाई प्रमुखता दिइएको पाइन्छ। अर्थात् कुनै विद्यालयको प्रभावकारिताको मापदण्ड उसले प्राप्त गरेको अन्तिम परीक्षाको नतिजालाई मान्ने गरिएको छ।

२. हाम्रो मूल्याङ्कन (परीक्षा) प्रणाली दोषमुक्त छ भन्न सकिन्न। विद्यार्थीले एक वर्षभित्र प्राप्त गरेको सम्पूर्ण सिकाइ उपलब्धि र आफूमा विकसित गरेको सिर्जनशीलतालाई तीन घण्टाको लिखित परीक्षाले दुरुस्त मापन गर्न कसरी सक्ला? त्यसमाथि हाम्रा परीक्षाहरू (विशेषगरी एसएलसी परीक्षा र +२) को विश्वसनीयतामाथि प्रश्नचिन्ह लाग्ने गरेको छ। त्यसैले, कुनै विद्यालयको नतिजा केलाउनु अघि त्यो विद्यालय सम्मिलित केन्द्रको परीक्षा कति मर्यादित थियो भनी थाहा पाउनु जरुरी हुन्छ।

३. मूल्याङ्कन प्रणालीको असर उत्पादनमा मात्र पर्दैन, यसले लगानी र प्रक्रियालाई समेत प्रभावित गर्दछ। अर्को शब्दमा, अवैज्ञानिक परीक्षा प्रणालीले न विश्वासिलो नतिजा दिन्छ न लगानी र प्रक्रियाका कुराहरूलाई गुणस्तरीय र वैज्ञानिक बन्न सघाउँछ। यथार्थमा मूल्याङ्कन प्रणालीले सम्पूर्ण शिक्षा प्रणालीलाई नै प्रभावित गर्दछ।

४. शिक्षा क्षेत्रमा व्याप्त विकृतिका लागि धेरै हदसम्म राज्यको लापरवाही, उदासीनता र दण्डहीनता जिम्मेवार छ। उदाहरणको लागि; गत २०६५ सालको एसएलसी परीक्षा सञ्चालनको वेला टेलिभिजनले पूर्वतिरको कुनै एउटा परीक्षा केन्द्रमा भइरहेको अनियमितताबारे भिडिओ रेकर्डसहित समाचार प्रसारण गरेका थिए तर तत्कालीन परीक्षा नियन्त्रक परीक्षा अत्यन्त मर्यादित रूपमा सञ्चालित भइरहेको दावी गरिरहेका थिए।

यस्तो अवस्थामा विद्यालयको प्रभावकारिताको मापदण्ड केलाई मान्ने भन्ने प्रश्नको उत्तर अलमलमा पर्नु स्वाभाविक हुन्छ।

अन्त्यमा शिक्षासँग सरोकार राख्ने सम्पूर्णको पत्रिका *शिक्षक* ले शिक्षा क्षेत्रको एउटा सजग 'प्रहरी' वा 'एम्पायर'को भूमिका निर्वाह गर्दै यस क्षेत्रका सकारात्मक पक्षलाई प्रकाशमा ल्याई प्रोत्साहन दिने र यसका विकृतिहरूलाई बढार्ने काम गर्दै जानेछ भन्ने अपेक्षा गर्दछु।

इन्द्रराज बडु जनज्योति उमावि,
महेन्द्रनगर, कञ्चनपुर

## राष्ट्रियगानको निष्पक्ष छनोट

'पौने तीन करोडको मनोभाव' (*शिक्षक,* भदौ २०६७) मा राष्ट्रियगानको नालीबेली उपयोगी लाग्यो। करिब १२९५ जना प्रतिस्पर्धीबाट कहिल्यै नाम नसुनिएका व्याकुल माइलाको छनोट हुनुले पनि छनोट प्रक्रिया निष्पक्ष थियो भन्ने प्रस्ट देखाएको छ। सामान्य पददेखि विशिष्टसम्मको कुनै पनि पदमा कर्मचारी नियुक्त गर्दा राजनीतिक रवाफ र लबिङ प्रशस्त हुने घटनाहरूलाई राष्ट्रियगान छनोट समितिको निष्पक्ष निर्णयले गतिलो झट्का दिएको छ। यसरी कुनै पनि कुरामा निष्पक्षता भयो भने शहरिया र सम्भ्रान्त मात्र होइन ग्रामीण भेगका पिछडिएका वर्गहरू पनि अगाडि आउन सक्छन्। आखिर ढुङ्गाको कापबाट नै त सुकोमल पीपलको बिरुवा उम्रन्छ नि हैन र?

तीर्थ घर्तीमगर
बागेश्वरी मावि, लिवन, ह्वामा, रोल्पा

## के चित्त दुखाउनु !

बूढानीलकण्ठ स्कूलका ज्ञानप्रसाद आचार्यको तर्क (प्रतिक्रिया र सुझाव, भदौ २०६७) चित्तबुझ्दो लाग्यो। बौद्धिक वर्गले पढ्ने *शिक्षक* जस्तो पत्रिकामा वर्णविन्यास त्रुटि हुनै नहुने हो। तर कहिलेकाहीँ भइहाल्दोरहेछ। जस्तो कि भदौ अङ्कमै त्यस्तो पाइयो। पृष्ठ १४ मा उल्लिखित 'इण्डिया' नभएर 'इन्डिया' हुनुपर्ने थियो। नेपाली व्याकरणको सामान्य नियम अनुसार पञ्चम वर्णको प्रयोग, तत्सम शब्दमा मात्र गरिन्छ जबकि यो शब्द त्यस्तो होइन। त्यस्तै पृष्ठ १५ को शीर्षकमा 'युनियनबाट ढकालको बिदाई' छापियो। यो वाक्यांशमा प्रयुक्त 'बिदाई' नभएर 'बिदाइ' हुनुपर्थ्यो।

यस्ता नगन्य त्रुटिहरूलाई बिर्सिदिने हो भने *शिक्षक* का सामग्रीहरू साह्रै पठनीय छन्। यस अङ्कमा गुणराज लोहनीको विचार 'राम्रो पढाइको शर्त: समस्यामुक्त शिक्षक' अत्यन्त यथार्थपरक र विचारणीय लाग्यो। साँच्चै नै, हाम्रो देशमा थरीथरीका शिक्षक राख्ने प्रावधान हटाएर सरकारले शिक्षकका पेशागत हकहित बढाउने कुरातर्फ ध्यान दिएको दिन कस्तो होला? तर यो कुरा मनको लड्डु घिउसँग खानुसरह भएको छ। अन्य मुलुकमा राजनेताहरू विद्वान् छन्। जुन देशका नेताहरू त्यस्ता छन्, तिनले


विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड.(अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ। – तीनथाना, काठमाडौं, फोन: ४३११८४३

✓ एम.एड. दोस्रो वर्षको अभ्यास शिक्षण कार्यक्रम असोज १० गते साँझ ४ बजेबाट।
✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन।
✓ कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म
✓ शतप्रतिशतसम्म मासिक शुल्कमा छात्रवृत्तिका साथ नयाँ भर्ना आरम्भ।

पहिलो सामुदायिक शिक्षा क्याम्पस

काठमाडौं शिक्षा क्याम्पस
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोन: ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
नोटिस बोर्ड नं.: क्याम्पस विशेष सूचना (१६१८०१४२३०२४०)
विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१) उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

शिक्षाको महत्त्व बुझेका छन् । त्यसैले उनीहरू राष्ट्रको नीति तथा कार्यक्रममा शैक्षिक एजेण्डालाई प्रमुख रूपमा उठाउँछन् । हाम्रा देशका नेताहरू त्यस्ता छैनन् । त्यसैले तिनले आँखा देखेनन् भनेर के चित्त दुखाउनु !

**इन्द्रकुमार श्रेष्ठ**
**सरस्वती उमावि, खानीभन्ज्याङ, ओखलढुङ्गा**

## स्याबास वासुजी !

'नेता इमानदार भएनन् ? त्यसो भए शिक्षामा सुधार गर', 'लेख्ने पाटी: कालोभन्दा सेतो जाती', 'छलाङी बच्चा र थोत्रिएका शिक्षक', 'पढाउन सकिन्छ नपन्छाऔं' *(शिक्षक,* साउन २०६७) जस्ता थुप्रै पठनीय सामग्रीहरू हुँदाहुँदै पनि मेरो ध्यान 'म शिक्षक, मेरो गौरव' भन्ने लेखमा केन्द्रित भयो । नियत गलत भएका कतिपय शिक्षकहरू शिक्षण पेशालाई कमसल ठान्दछन् । जसरी आफूले ठगी खाने भाँडो शिक्षण पेशालाई बनाएका छन् तिनले त्यसरी नै यो पेशालाई अमर्यादित बनाइरहेका छन् । उनीहरूकै हेराइ, बुझाइ र भोगाइले हामी शिक्षक र शिक्षण पेशालाई अपहेलित ठानिएको हो । त्यस्ता अयोग्य व्यक्तिहरूलाई यो लेख चोटिलो खुराक र स्वाभिमानी शिक्षकहरूका लागि आत्मगौरवको विषय बनेको छ । यसका लागि लेखक वासुप्रसाद सुवेदीलाई हार्दिक साधुवाद !

त्यस्तै; शिक्षकलाई पनि दुर्गम र महँगी भत्ता शीर्षकको समाचार पढ्न पाउँदा ज्यादै खुसी लाग्यो । शिक्षा मन्त्रालय तथा शिक्षा विभागबाट जतिसक्यो चाँडो दुर्गम र महँगी भत्ता बढेको पत्र जिशिकामा पठाइयोस् भन्ने हाम्रो अनुरोध छ ।

**प्रेम धिताल 'श्रमिक'**
**मालिका निमावि, लोठचौर, जुम्ला**

## डरछेरूवाहरू !

शिक्षाशास्त्रको विद्यार्थी भएकाले शिक्षक सम्बन्धी सम्पूर्ण पक्षहरूको अध्ययन गर्छु । यसै क्रममा, अस्थायी तथा राहत शिक्षकहरूले स्वत: स्थायी हुनुपर्छ भनी गरेको माग सुन्दा अचम्म लाग्छ । लाखौं विद्यार्थीहरूको भविष्य कोर्ने जिम्मा लिएका र आफूलाई राष्ट्रको दक्ष जनशक्ति भन्न रुचाउने शिक्षकहरू प्रतिस्पर्धासँग किन डराउँछन् ? त्यसमा पनि नेपाल शिक्षक संघका अध्यक्ष मोहन ज्ञवाली *(शिक्षक,* साउन, २०६७) को अभिव्यक्ति पढ्दा म अचम्मित भएँ । शिक्षक जस्तो सम्मानित पेशामा लाग्नुभएका ज्ञवालीज्यूको मुखारबिन्दबाट यस्तो गैरजिम्मेवार अभिव्यक्ति कसरी प्रकट भयो ? यस्ता नेता र प्रतिस्पर्धाबाट भाग्ने डरछेरुवा शिक्षकहरूबाट देशले के आशा गर्न सक्छ? यिनीहरूले कस्तो जनशक्ति उत्पादन गर्लान् ? देश र जनताको भविष्यमाथि खेलबाड गर्ने तथा शिक्षक पेशालाई नै बद्नाम गर्नेहरूलाई नै स्वत: स्थायी गर्ने हो भने देशको भविष्य कस्तो होला ? म जस्ता लाखौं शिक्षाशास्त्र अध्ययन गर्ने विद्यार्थीहरूको भविष्य के होला ? एकछिन शान्त मनले सोचौं त !

**सन्तोष मेहता, नरसिंह-८, सुनसरी**

## अस्पष्ट प्रश्न

सामान्यज्ञान-२१ (असार, २०६७) 'नेपालीको भान्छामा आलु पहिले पस्यो कि तरुल ?' भन्ने प्रश्नको जवाफ 'तरुल' भनेको पाउँदा अचम्म लाग्यो । यो कसरी र कुन आधारमा हो ? यसको सही जवाफ रुर्को नमानी बताइदिनुहुन अनुरोध गर्दछु । साथै जहिले पनि एउटा प्रश्न अनुमान




# प्रतिक्रिया र सुझाव

गर्नुस् भनेर अस्पष्ट रूपमा राखिन्छ यसको कारण के हो ?

**भुवन आचार्य**
**जनज्योति प्रावि, झारा-१, रातमाटा, सिन्धुली**

**(टिप्पणी: सही जवाफ तरुल नै हो । तर त्यो किन र कसरी भन्ने व्याख्या *शिक्षक* का अरू नै पाना वा अङ्कमा खोज्नुपर्छ । सामान्यज्ञानको जवाफमा व्याख्या गर्न सम्भव हुँदैन । यस्ता जिज्ञासा हाम्रो 'जिज्ञासा र जवाफ' स्तम्भमा पनि पठाउन सकिन्छ । -सं.)**

## नगर्दै राम्रो

*शिक्षक* मासिकले हामीजस्ता शिक्षकहरूको बौद्धिक, शैक्षिक तथा व्यावहारिक सीप अभिवृद्धिमा ठूलो योगदान गरेको छ । यसका लागि मुरीमुरी धन्यवाद । यसको सामान्यज्ञान स्तम्भमा विवादास्पद तथा ठोस उत्तर नहुने प्रश्नहरूलाई सकभर समावेश नगरियोस् ।

मेरो विचारमा *शिक्षक* को पुरस्कार विजेतालाई नि:शुल्क शिक्षक भन्दा रु.१००० दिने व्यवस्था नै ठीक हो ।

**सुरेशकुमार शर्मा**
**सिद्धार्थ निमावि, मोतीपुर-१, बर्दिया**

**(सुझावका लागि धन्यवाद । थुप्रै पाठक र पुरस्कार विजेताहरूको सुझाव अनुरुप पुरस्कारको रूपमा नगदको सट्टा पत्रिका उपलब्ध गराउने निर्णय अघिल्लो महिना नै भइसकेको छ । सं.)**

## युनियन बोलोस् !

अस्थायी शिक्षकका समस्या समाधानार्थ गरिएको अन्तिम सहमतिमा आन्तरिक प्रतिस्पर्धाका लागि गरिने नयाँ विज्ञापनपूर्व नियुक्ति पाएका सम्पूर्ण अस्थायी शिक्षकहरूमाझ (कोटा निर्धारण गरिकन) प्रतिस्पर्धा गराएर समस्या समाधानका निमित्त सहमति गर्न युनियनलाई के बाधा थियो ? बाधा थिएन भने निश्चित 'डेडलाइन' तोकेर आन्तरिक प्रतिस्पर्धा गराउनुको पछाडि युनियनको के स्वार्थ छ ? समस्या ग्रसितहरूलाई मलमपट्टी लगाउनुको साटो फूट गराएर सहमति गर्नुको उद्देश्य के हो ? सम्पूर्ण अस्थायी शिक्षकहरूमाझ प्रतिस्पर्धा गराउँदा के योग्य र खारिएका शिक्षक छान्न बाधा पुग्थ्यो र ? समस्याको दीर्घकालीन समाधानको निमित्त युनियन किन गम्भीर नभएको ? यस किसिमको किस्ताबन्दी कामबाट समस्याको निकास कहिलेसम्ममा होला ? अस्थायी शिक्षकका समस्या समाधानको निमित्त कहिलेसम्म लडिरहने ? वेलैमा सचेत भएर कसैलाई मार नपर्ने गरी सहमति संशोधन गरेर समस्याको जरै उखेलेर फ्याँक्ने अब कुनै बाटो छैन ?

**हरिप्रसाद दाहाल**
**सार्वजनिक निमावि, टक्सार-८, भोजपुर**

## अङ्ग्रेजी उपयोगी छ

शिक्षा क्षेत्रमा भए गरेका विविध उपलब्धि, विकृति र विसङ्गतिको जरा केलाउने साधन *शिक्षक* मासिक बनेको कुरा लेख्दा वा भन्दा कुनै अत्युक्ति नहोला । तथापि *शिक्षक* लाई मेरा तपसिलका सुझाव छन्:

- अङ्ग्रेजी स्तम्भ अति नै उपयोगी छ । मैले यो स्तम्भलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्ने गरेको छु । *शिक्षक* मासिकको मूल्यवृद्धिसँगै यसको पृष्ठ पनि बढाई A Training Course for Teacher का केही अंशहरू खुराकका रूपमा पस्किदिएको भए अरु प्रभावकारी हुनेथियो कि ?
- शब्दखेल काटेर पठाउँदा अङ्ग्रेजी लेख जोगिने भएछ । तर अन्ताक्षरी, सुडोकु र सामान्यज्ञान स्तम्भलाई पनि बेग्ला-बेग्लै पृष्ठ उपलब्ध गराउँदा कसो होला ?
- सामान्यज्ञानको प्रश्नमा अनुमान गर्नेभन्दा विशिष्ट उद्देश्य हासिल गर्ने तथ्य राखिदिनुहुन अनुरोध गर्छु ।

**मिलन श्रेष्ठ**
**लक्ष्मी मावि, काहुले-२, खोटाङ**




राष्ट्रको सर्वश्रेष्ठ न्यूज च्यानल

हिन्दुहरुको महान चाड
शुभ-विजया दशमी
तथा
शुभ-दिपावली २०६७ को
पावन अवसरमा हाम्रा सम्पूर्ण दर्शक,
विज्ञापन दाता, विज्ञापन एजेन्सी,
केबल अपरेटर
तथा
शुभ-चिन्तकहरुमा
हार्दिक मंगलमय शुभकामना ।

हामी जनता

Avenues Plaza-11, Tripureshwor, Kathmandu, Nepal. P. O. Box: 2806,
Tel: 977-1-4227222, Fax: 4248811, Toll Free: 166001-22722
E-mail: atv@avenues.tv, ULR: www.avenues.tv




## प्रस्ट भइएन

हामी २०५२ सालको परीक्षामा सफल भई २८ चैत २०६० मा स्थायी नियुक्ति पाएका प्राथमिक शिक्षक हौं। हामी जस्ता हाल कार्यरत शिक्षकले पेन्सन वा उपदान पाउँछन् कि पाउँदैनन्? यस सन्दर्भमा *शिक्षक* को साउन अङ्कमा विद्यालय शिक्षक किताबखानाका निमित्त महानिर्देशक दिवाकर अवस्थीले दिनुभएको जवाफबाट प्रस्ट हुन सकिएन।

**रवीन्द्रप्रसाद जोशी**
**जनता जनार्दन मावि, भल्मा, डोटी**
**हीरालाल जोशी**
**कालिका प्रावि, भारतोली बगलेख, डोटी**

*शिक्षा नियमावलीमा उल्लेख भएबमोजिमको सूचना राजपत्रमा प्रकाशित हुनुभन्दा अघि नियुक्त हुने शिक्षकले विद्यमान व्यवस्था बमोजिम नै पेन्सन वा उपदान पाउनेछन्।*

***विदुरराज गिरी***
***उपसचिव, विद्यालय शिक्षा शाखा, शिक्षा मन्त्रालय***

## अस्थायीलाई अप्ठेरो त पर्दैन ?

अस्थायी दरबन्दीमा नियुक्त शिक्षकलाई ६ महिनाका दरले म्याद थप्दै जानुपर्ने व्यवस्था शिक्षा नियमावलीमा छ। तर, हाल म्याद थपेको पाइँदैन। यसरी व्यवस्थापन समितिले समयमा म्याद नथपिदिँदा अस्थायी शिक्षकलाई पछि कुनै अप्ठेरो त पर्दैन?

**पदमबहादुर कठायत**
**नारायण निमावि, तिलेपाटा– १, दैलेख**

*अस्थायी शिक्षकको हकमा विद्यालय व्यवस्थापन समितिले ६-६ महिनामा म्याद थपी त्यसको सूचना जिशिकालाई दिनुपर्छ। समितिले यो नियमको पालना गर्नैपर्छ। तर, त्यसो नगर्दा पनि शिक्षकको भविष्यमा तात्विक असर चाहिँ नपर्ला। किनकि शिक्षकको हाजिर र उसले बुझेको तलबको प्रमाण सुरक्षित नै हुन्छ। तथापि शिक्षकले पनि आफ्नो म्याद थप्नका निम्ति प्रयास गरिहनुपर्छ।*

***खिमबहादुर भुजेल, शाखा अधिकृत, शिक्षा विभाग***

## राहतको भविष्य के ?

दुई वर्षदेखि ज्ञानोदय निमावि, सिर्योलीमा राहत(प्रा.शि.) कोटामा पढाइरहेको छु। सन् २०१५ पछि दातृ निकायले सहयोग बन्द गर्ने सुनिन्छ। त्यो अवस्थामा राहत शिक्षकहरू सेवाबाट बाहिरिनुपर्ने त हैन?

**लोकबहादुर गरौंजा मगर**
**ज्ञानोदय निमावि, सिर्यौली– ४, सिन्धुली**

*स्कूलहरूमा शिक्षकको खाँचो पूर्ति गर्नका लागि नेपाल सरकार र विश्व ब्याङ्कद्वारा राहत शिक्षक अनुदानको व्यवस्था गरिएको हो। यो अनुदानले कहिलेसम्म निरन्तरता पाउँछ भन्ने निश्चित छैन। अनुदान रोकिइहालेमा पनि सरकारले स्कूलको पठनपाठन जारी राख्न केही न केही व्यवस्था त गरिहाल्छ नि!*

***जनार्दन नेपाल, सहसचिव, शिक्षा मन्त्रालय***

## तालिम भत्ता खै ?

म २०४८ सालमा स्थायी नियुक्ति पाई २०६५ सालमा नि. मा. द्वितीय श्रेणीमा बढुवा भएको तालिमप्राप्त शिक्षक हुँ। मैले बढुवा हुनुअघि खाईपाई आएको तालिम भत्ता (दुई ग्रेड) हालसम्म पाएको छैन। किन?

**रामप्रसाद देवकोटा**
**मित्रता उमावि, आँबुखैरेनी, तनहुँ**

*बढुवा भएपछि माथिल्लो (बढुवा भएको पदको) तलब स्केल शुरु हुने र त्यसरी तलब/भत्ता पाउँदा तल्लो पदको खाईपाई आएको तलब (ग्रेडसहित) भन्दा कम भए ग्रेड समायोजन गर्ने गरिन्छ। बढुवा हुनुभन्दा पहिले खाईपाई आएको ग्रेड बढुवा भएको पदमा दिइँदैन।*

***हरि गौतम, उपनिर्देशक, शिक्षा विभाग***

## केही फरक पर्दैन ?

आई.एड. र बी.एड.को प्रमाणपत्रमा ठेगाना फरक हुँदा केही समस्या पर्छ कि पर्दैन? अनि; शिक्षक सेवा आयोगले शिक्षण लाइसेन्सको परीक्षा अब कहिले लिन्छ?

**डी.पी. शर्मा, बुटवल, रुपन्देही**

*ठेगाना फरक पर्दैमा केही कठिनाई हुँदैन। आयोगले आउँदो कात्तिकभित्र शिक्षण लाइसेन्सको लागि आवेदन माग्ने र फागुनसम्ममा परीक्षा लिने गरी कार्यक्रम तय गरेको छ।*

***बैकुण्ठप्रसाद काफ्ले***
***उपसचिव, शिक्षक सेवा आयोग, भक्तपुर***

## के-के सुविधा पाइन्छ ?

म २०३७ सालदेखि सोलुखुम्बुको केदार उमाविमा काम गर्दै आएको छु। स्कूलले २०४५ सालमा स्थायी नियुक्ति दिए पनि हालसम्म कर्मचारीले पाउनुपर्ने सेवा/सुविधा पाएको छैन। स्वस्थ अवस्थाका कारण म अब सेवाबाट अवकाश लिने तयारीमा छु। मेरो सञ्चय कोष पनि कट्टा हुँदै आएको छ। अब मैले सेवाबाट अवकाश लिँदा के-के सुविधा पाउँछु?

**गङ्गालाल ढुङ्गेल, केदार उमावि, बेतघारी– २, सोलुखुम्बु**

*सरकारी स्तरबाट विद्यालय कर्मचारीलाई स्थायी गरिने व्यवस्था नभएकाले तपाईंले सरकारबाट कुनै सुविधा पाउनुहुने छैन। तपाईंको जिज्ञासाबाट तपाईंलाई स्कूलले नै निजीस्रोतमा रहनेगरी स्थायी गरेको देखिन्छ। सञ्चय कोषको रकम पनि त्यसैबाट कट्टा गरिएको हुनुपर्छ। अतः तपाईंले अवकाश लिँदा विद्यालयले आफ्नो स्रोतबाट दिने सुविधा पाउन सक्नुहुनेछ।*

***हरि गौतम***
***उपनिर्देशक, शिक्षा विभाग, भक्तपुर***

## सरुवा हुन पाइन

म प्राथमिक तहको स्थायी शिक्षक हुँ। मैले एम.एड. गरेको छु। नुवाकोटकै निरञ्जना उमाविका एकजना प्राथमिक शिक्षकसँग पारस्परिक सरुवा राजीखुशीका साथ गर्न खोजेको छु। निरञ्जना उमाविको व्यवस्थापन पक्षले यसमा सहमति पनि जनाएको छ। तर, म कार्यरत रहेको वरदेवी प्राविको व्यवस्थापन समितिले भने निम्नमाध्यमिक तह सञ्चालनमा बाधा पुग्ने भन्दै मेरो सरुवाको सहमति दिन मानेको छैन। मैले आफ्नो योग्यता अनुसार १०+२ पढाउने अवसर पाएकाले सरुवा हुन खोजेको हुँ। व्यवस्थापन समितिले यसरी रोक्न मिल्छ?

**एकाराम सिलवाल**
**वरदेवी प्रावि, बेल्कोट– १, नुवाकोट**

*शिक्षकको सरुवाका लागि 'लिने' र 'दिने' दुवै विद्यालयको सहमति अनिवार्य हुन्छ। त्यस्तो सहमति नपाएसम्म तपाईंको सरुवा हुन सक्दैन।*

***हरि गौतम, उपनिर्देशक, शिक्षा विभाग, भक्तपुर***

## हाम्रो मर्म

२०५२ सालदेखि मुलुकमा खुल्ला विज्ञापनबाट शिक्षकको पदपूर्ति भएको छैन। परिणामत: शिक्षकहरू अस्थायी, राहत, निजीस्रोत जस्ता विभिन्नथरीका नियुक्तिमा झुण्डिनुपरेको छ। जीवनको अधिकांश समय शिक्षणमा बिताएका यस्ता शिक्षकको हकमा खुल्ला प्रतिस्पर्धा हुँदा उमेरको हद कति हुन्छ? साथै, खुल्ला प्रतिस्पर्धाको विज्ञापन कहिले खुल्छ?

**राघवप्रसाद अवस्थी, कालिका मावि, पिपलाडी, कञ्चनपुर**

*शिक्षण सेवाका लागि उमेरको हद ४० वर्ष तोकिएको छ। खुल्ला प्रतिस्पर्धाको लागि शिक्षक सेवा आयोग तयार नै छ। तर, नियमावली संशोधन नभएका कारण विज्ञापन गर्न सकिएको छैन।*

***वैकुण्ठप्रसाद काफ्ले, उपसचिव, शिक्षक सेवा आयोग***

## कति शिक्षक मागिएला ?

शिक्षक सेवा आयोगले खुल्ला प्रतियोगिताको नयाँ विज्ञापन खोल्ने चर्चा छ। यदि हो भने कुन-कुन तहमा कतिजना शिक्षकको लागि विज्ञापन हुन्छ? प्रत्येक तहका लागि शैक्षिक योग्यता कति हुनुपर्छ? अस्थायी लाइसेन्स लिएका शिक्षकले उक्त प्रतियोगितामा उम्मेदवार हुन पाउँछन् कि पाउँदैनन्?

**लक्ष्मणप्रसाद भट्टराई**
**जनता उमावि, डैनहवा, नवलपरासी**
**तिलविक्रम राई, श्री प्रावि, मोरङ**

*करिब २४ हजार पदमा विज्ञापन गर्नुपर्ने प्रारम्भिक अनुमान छ। हामीले सबै जिल्लाबाट रिक्त पदको विवरण मागिरहेका छौं। प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका लागि क्रमश: एसएलसी, प्रमाणपत्र तह र स्नातक तहको शैक्षिक योग्यता आवश्यक पर्छ। शिक्षण अनुभवका आधारमा अस्थायी लाइसेन्स लिएका व्यक्तिले खुला प्रतियोगितामा उम्मेदवार हुन पाउँछन्। तर, उनीहरूले लाइसेन्स लिएको तीन वर्षभित्र शिक्षाशास्त्रको अध्ययन पूरा गरेको अथवा तोकिएको तालिम लिनैपर्छ।*

***वैकुण्ठप्रसाद काफ्ले, उपसचिव, शिक्षक सेवा आयोग***

## खै हाम्रो पुरस्कार ?

राष्ट्रिय शिक्षा दिवस– २०६४ को अवसरमा यस जिल्लाका चार जना शिक्षकलाई शिक्षा मन्त्रालयले पुरस्कृत गरेको घोषणा गरी *गोरखापत्र* मा नाम प्रकाशित गऱ्यो। तर, हाल (२०६७/०५/१५)सम्म हामीले केही पनि पाएका छैनौं। मन्त्रालयमा सम्पर्क गर्दा क्षे.शि.नि., 'धनकुटामा सोध्नू' भन्ने जवाफ पाइन्छ। क्षे.शि.नि.ले चाहिँ जिल्ला शिक्षा कार्यालयमा सोध्नू भनेर पन्छाउँछ। तर, जिशिकाबाट केही पनि पाइएन। शिक्षा पुरस्कार पाउनु भनेको *गोरखापत्र* मा नाम प्रकाशन मात्रै हो कि, अरू पनि पाइन्छ?

**खड्गराज कार्की, नानीकाजी खड्का,**
**कमला राई र गणेश शर्मा, सोलुखुम्बु**

*पुरस्कृत शिक्षक तथा कर्मचारीलाई पदक र प्रमाणपत्र दिने व्यवस्था छ। राष्ट्रिय शिक्षा दिवस, २०६४ का अवसरमा सोलुखुम्बु जिल्लामा पुरस्कृत भएका ६ जना शिक्षकको पदक र प्रमाणपत्र ८ भदौ २०६५ मै जिशिकामा पठाइसकिएको छ।*

***कृष्णगोपाल श्रेष्ठ, शाखा अधिकृत, शिक्षा मन्त्रालय***

## स्थायीमै बस्नुहोस्

२०४८ अघि म यही स्कूलमा नि.मा. तृतीय श्रेणी (स्थायी) पदमा थिएँ। २०४८ सालमा स्कूलले माध्यमिक तहको दरबन्दी पाएपछि मा.शि. तृतीय (अस्थायी) नियुक्ति पाएँ। आफ्नो तल्लो दरबन्दी लियनमा राखी माथिल्लो दरबन्दीमा कार्यरत रहेकै वेला २०६२ मा मैले नि.मा. द्वितीय श्रेणीमा बढुवा पाएँ। त्यही साल तत्कालीन जिशिअ बाबुराम पौडेलले समान पदमा बढुवा भएकाले 'तपाईंको मावि दरबन्दी रहँदैन' भनी उक्त पदमा अर्को शिक्षक नियुक्ति गरिदिनुभयो। मैले आफूमाथि अन्याय भयो भनी निवेदन गरेँ। तर, त्यसको सुनुवाई भएन। म अब पुन: माध्यमिक तहमा बहाल हुन पाउँछु कि पाउँदिनँ?

**हरिप्रसाद सङ्ग्रौला**
**प्रअ, जनजागृति उमावि, गोल्धाप– ४, झापा**

*यसमा तपाईंलाई अन्याय परेको भन्ने देखिँदैन। निम्नमाध्यमिक द्वितीय श्रेणीमा स्थायी बढुवा हुँदाको शुरु तलब स्केल र माध्यमिक तृतीय श्रेणीको तलब स्केल समान हुन्छ। स्थायी हुँदा वार्षिक रूपमा ग्रेड थपिँदै जान्छ। तर, अस्थायी पदमा रहँदा ग्रेड रकम पाइँदैन। त्यसैले तपाईंको लागि अहिलेको स्थायी पद नै उचित हुने देखिन्छ।*

***विदुरराज गिरी, उपसचिव, शिक्षा मन्त्रालय***

(द्रष्टव्य: यस स्तम्भमा जिज्ञासा राख्ने शिक्षक तथा अन्य पाठकहरूले आफ्नो जिज्ञासा छरितो र स्पष्टसँग पठाउनुहोला। साथमा आफ्नो पूरा परिचय र पूरा ठेगाना समेत उल्लेख गर्नुहोला। परिचय नखुलेका जिज्ञासाको जवाफ खोज्न हामी असमर्थ हुनेछौं। यस अङ्कमा अट्न नसकेका जिज्ञासा पछिल्ला अङ्कमा समेटिनेछन्। – सं)




# साथीहरू !
# सही कुरा सिकाऔं, चिटिङ नगरौं



गंगासागर पन्त

**प्रिय शिक्षक मित्रहरू;**
यसपटक तपाईंहरूको धेरै याद आयो। उच्च माध्यमिक शिक्षा परिषद्तिर भेटिन सक्छु म आजभोलि। ज्यालादारीमा व्यस्त छु। जतिजति विद्यार्थीका उत्तरपुस्तिका काट्छु, लाग्छ त्यति नै जिन्दगीलाई ढाँटिरहेछु म एक 'शिक्षक'। एक दिन गएर अतिरिक्त कमाइ बुझ्दा खुसी लागे पनि हप्ताभरी उत्तरपुस्तिका परीक्षण गर्दा म केवल दुःखी हुन थालेको छु। पहिलो हप्ता परीक्षण गरेका ४३७ परीक्षार्थीमध्ये मुश्किलले १३७ पास होलान्। म वेलावेलामा झस्कन्थें पनि कतै मैले नै फेल बनाइरहेको त छैन यी विचराहरूलाई ? होइन। ३० कटाउने जो सुकैलाई पनि ५ थपेर ३५ बनाइदिएको छु। एक नम्बरले पनि कसैको जीवनमा ठूलो फरक पार्न सक्छ भन्ने कुरा म महसुस गर्न सक्छु। बीस वर्ष नाघिसक्यो विद्यार्थीहरूको संवेदना र सम्भावना पढेको- त्यसकारण म विद्यार्थीहरूमाथि अन्याय हुन दिन्नँ परीक्षापत्र परीक्षण गर्ने सवालमा। तर पनि तीन चौथाइ विद्यार्थी कसरी फेल भए ?

प्रश्नपत्रमा केही व्याकरण खण्डका प्रश्न थिए, जुन प्रश्नहरूको जवाफ ४३७ मध्ये मुश्किलले पाँच जनाले मिलाएका होलान्। जस्तै तलको वाक्य हेरौं:-

"Do not let him go to casino."

यो वाक्यमा शब्दहरू यताउता पारेर दिइएको छ र भनिएको छ- वाक्य पुनर्लेखन गर। अरू कतिपय प्रश्न छन् जुन ४३७ विद्यार्थीमध्ये २०/२५ ले मात्र मिलाएका छन्। यहींनेर शिक्षक मित्रहरूलाई सोध्न मन लाग्यो- के यहाँ विद्यार्थी मात्रै दोषी होलान्? अनि सबै विद्यार्थी कसरी दोषी हुन सक्छन्? शिक्षकले 'सही' र 'सम्पूर्ण' पढाउँदा-पढाउँदै पनि सबै विद्यार्थीले गल्ती गर्न सक्छन् त ? होइन भने; हामी शिक्षकहरूले आफूलाई पनि परीक्षण गर्ने हो कि ?

हामी जागिरका लागि मात्र 'शिक्षक' भएर नबसौं। आफूले लिएको जिम्मेवारी पूरा गर्न आफूलाई सक्षम पनि बनाऔं। आफूले पनि नियमित अध्ययन गरौं। मलाई थाहा छ–मैले परीक्षण गरेका उत्तरपुस्तिकाहरू दुर्गम तथा ग्रामीण क्षेत्रका छन्। ग्रामीण क्षेत्रमा शिक्षक केवल शिक्षक मात्र भएर सुख पाउँदैनन्। कतिपय शिक्षक खेतबारीमा काम सकेर उतैबाट विद्यालय जान्छन्। गाउँका कतिपय उमाविहरूमा स्कूलकै पुराना शिक्षकले 'प्लस टु' का पाठ्यक्रम पढाइरहेका छन्। त्यहाँ 'प्लस टु' चलाउनेले पैसा र सान कमाएका होलान्। शिक्षकको तलब भत्ता पनि बढेकै होला। तर फेरि पनि सोध्छु– के हामीले आफूलाई तयार पार्‍यौं त नयाँ जिम्मेवारीका लागि ? सरकारले नि ? पहिले पहिले त्रिभुवन विश्वविद्यालयले गर्ने काम अहिले गाउँगाउँका विद्यालयलाई सुम्पिँदा सरकार आफ्नो टाउको मात्र हलुका बनाएर बसेको छ कि शिक्षाको गुणस्तर खस्किन नदिन सम्बन्धित शिक्षकहरूको ज्ञान एवं दक्षता अभिवृद्धिमा पनि लागेको छ ? विचरा विद्यार्थीहरू ! परीक्षाको कापी हेर्दा रुन मन लाग्छ। बैतडीका विद्यार्थीले शुल्क तिरेरै त पढेका होलान् यसरी फेल हुनका लागि !

बिल्कुल टुहुरा देखिन्छन् विद्यार्थी। एघार वर्षसम्म पढ्दा एउटा वाक्य पनि शुद्ध लेख्न आउँदैन। उच्च माध्यमिक शिक्षा परिषद्ले लाखौं घोटाला गरेर बडो होसियारीपूर्वक २/३ सेन्टिमिटर आकार घटाइदिएको उत्तर पुस्तिकाका आधा पाना भर्नेहरू आधा भन्दा कम छन्। १०० मा ४ नम्बर मात्रै प्राप्त गर्ने विद्यार्थी पाउँदा अर्को प्रश्न जुरुक्क उठ्छ–उसले एसएलसी चाहिँ कसरी पास गर्‍यो होला ? हो; ४३७ मध्ये करिब १०० जना एसएलसीमा पास हुनै नसक्ने छन् अङ्ग्रेजीमा।

मैले नम्बर ठगेको छैन। दुर्गम ग्रामीण क्षेत्रका विद्यार्थी पनि त खेतबारी, घाँस, दाउरा सबै गरेर विद्यालय जानुपर्ने हुन्छ। धेरैजसोलाई मैले घाँसदाउरा मेलापातको क्षतिपूर्ति भनुँ वा सहानुभूतिस्वरुप ३/४ नम्बर माथि नै तन्काइदिएको छु; जुन शहरी क्षेत्रका विद्यार्थीहरूले पाउँदैनन्। तर प्रश्नपत्रमै शहरीकरण भएको छ। तलका मानिसहरूको काम के हो 'विवरण देऊ' भनेर सोधिएको छ:

- गार्डेनर
- सेक्रेटरी
- एयरहोस्टेज
- रिसेप्सनिष्ट
- प्लम्बर

बैतडीतिर छाउपडी बस्नुपर्ने आमाकी छोरी र काठमाडौंमा बस्ने एयरहोस्टेजकी छोरी दुवैलाई बराबर न्याय गर्छ त एयरहोस्टेजको कामको विवरण दिनुपर्ने प्रश्नले ? माथिका सबै शब्द शहरीकृत छन्।

पाठ्यक्रम एवं प्रश्नपत्रका यस्तै अव्यावहारिक एवं पक्षपातपूर्ण पक्षलाई ध्यानमा राखेर बैतडीका विद्यार्थीसँग मैले पूर्णवाक्यको अपेक्षालाई 'न्यून' महत्त्व दिँदै नम्बर दिएको छु। कतिपयले ती व्यक्तिहरूका कामको विवरण पूर्ण रूपले लेख्न नसकी कनिकुथी हलुका शब्द–सम्बन्ध मात्र दर्शाएका छन्। जस्तैः
gardener – flower, water, yard
secretary – boss, write letter
air hostage – in the air, tea, coffee, passenger...
receptionist – welcome, see photo ...
plumber – in the house, underground, water pipes...

यसो हेर्दा विद्यार्थीले लेखेका वा लेख्न खोजेका शब्द वा वाक्यले मूल शब्दसँग सम्बन्ध राख्न खोज्यो भने पनि नम्बर दिएकै छु- 'विचरा' भनेर। दुईवटा चिट उत्तरपुस्तिकाभित्रै फेला परेर पनि कारबाही गरिनँ। किन गर्ने ? विचरा आफैं फेल भएकालाई !

उत्तरपुस्तिका परीक्षण गरेर उमाविको सम्बन्धित ठाउँमा बुझाउन जाँदा एकजना कर्मचारीले गुनासो गरे, "ओ हो ! यतिका कपी... यति छिट्टै ? विद्यार्थीमाथि न्याय भएन कि सर ?" उनको चासोको प्रशंसा गर्दै मैले आफ्नो बचाउ गरें,

"विद्यार्थीले आधाआधी पाना पनि भरेका छैनन् । अनि के गर्ने ? चिन्ता नगर्नुस्; विद्यार्थीप्रति म जति संवेदनशील तपाईं हुनुहुन्न ।"

ती कर्मचारीको विद्यार्थीप्रति न्याय भएन कि भन्ने चिन्ता मलाई राम्रो लाग्यो । तर, शङ्का गर्ने ठाउँ प्रशस्त छ । कहिलेकाहीँ हामी शिक्षकहरूले अतिरिक्त कमाइमा मरिहत्ते हाल्नु नराम्रो पक्कै होइन । आखिर दु:खै गरेर खाने हो; भ्रष्टाचार गरेको त होइन ! तर भ्रष्टाचार हामी शिक्षकबाट पनि भइरहेको छ कि भन्ने शङ्का त्यतिखेर उब्जिन्छ जतिखेर म उत्तरपुस्तिका जाँच गरिरहँदा एकजना चिनजानको २२/२५ वर्षको भाइ आउँछ र भन्छ, "...ए, कापी जाँच्नु भा'को.... मेरो साथीले नि जाँच्दो रै'छ नि, थुप्रै छ कोठामा। उसको त छोराछोरी, श्रीमती सबैले जाँच्दा रै'छन्... ।" जबकि उसको त्यो साथी स्नातक तहमा अध्ययनरत रहेछ ।

अर्को एकदिन उत्तरपुस्तिका वितरण गर्ने कोठामा हाकिम कुर्दाकुर्दा दिक्क भएकी शिक्षक पनि भन्दै थिइन्, "कहिल्यै डिग्री भर्नासम्म नभएका, कहिल्यै क्याम्पस नपढाएकाले धमाधम कापी काटिरा'छन्, हाम्लाई चैं कापी पाउनै गाह्रो !"

यहाँनेर आउँछ अत्यन्त संवेदनशील प्रश्न–के विद्यार्थीमाथि न्याय भएको छ त ? अक्षम शिक्षकले गालबाट बच्न फेल हुनै पर्नेलाई अन्धाधुन्द पास नम्बर दिएर पठाउने सम्भावना कत्तिको हुन्छ ?

यस्ता अक्षम र नक्कली शिक्षक पनि प्रश्नपत्र जाँच्नका लागि आउँदा रहेछन् भन्ने कुरा मैले आँखै अगाडि देखेको हो । उमाविको उ.पु. दिने टेबुलमा उसले आफ्नो योग्यताको प्रमाणपत्र पेश गर्दै कपी माग गऱ्यो । कपी दिने कर्मचारीले थप केही परिचयपत्र मागेपछि त्यो नक्कली शिक्षक टाप ठोक्यो । शायद उसले अरू कसैको शैक्षिक योग्यताको कागज बोकेर आएको थियो ।

अनि भ्रष्टाचारको कुरा गर्दा मैले दोस्रो हप्ता तराईका २५० जति कपी परीक्षण गरेँ । त्यस केन्द्रमा पूरै भ्रष्टाचार भएको अनुमान गर्न सकिन्छ । किनभने सबै विद्यार्थीलाई पूर्ण रूपमा चिट, गाइड, पुस्तक नै खुला एवं स्वतन्त्र रूपमा हेर्न दिइएको पाइन्छ । जस्तो तलका उदाहरणहरू हेरौं र के हुन सक्छ भनी विचार गरौं:

**उदाहरण १**

आफ्नो पढ्ने कोठा (Study Room) को बारेमा वार्तालाप (Conversation) तयार गर भन्ने प्रश्नको जवाफको बान्की:

Hari : Hi, Shyam, how are you ?

Lok : I am fine

झण्डै ७०-८० जना परीक्षार्थीको कपीमा यही उत्तर दोहोरिएको दोहोरिएकै गर्छ ।

**उदाहरण २**

Cashier को Job description मा सबैले एउटै Spelling गल्ती गर्छन् । "Monetary" को ठाउँमा "Mantory/manotary" लेखेर ।

**उदाहरण ३**

He got wet हुनुपर्नेमा He got Get लेख्छन् ५०/६० जनाले मेसैसँग ।

चिट, गाइड, हुबहु सार्नेहरूले गाइडमा बुझाउनका लागि दिइएको नेपाली उल्था पनि सार्न भ्याएका छन् । करिब एक दर्जनमा त्यो समस्या छ । एकल वा मौलिक उत्तर एकजनाको पनि छैन । कमसेकम ४/५ जनाको समूह त मिलेकै भेटिन्छ ठीक एउटै गल्ती गर्नेमा ।

यसरी जनकपुरको कुनै केन्द्रमा सबै विद्यार्थीहरूलाई चिट, गाइड हेर्न र एकआपसमा सहयोग लिन पूर्ण रूपमा छुट दिइएको देखिन्छ । त्यहाँका प्राय: सबै पास पनि हुन्छन् । उता बैतडीको एउटा केन्द्रमा परीक्षाको नियम पालना गरिन्छ; फेला पारेको चिट पनि कापीमा नत्थी गरेर पठाइन्छ । कमजोर पढाइ र कडा परीक्षाले गर्दा त्यहाँका प्राय: सबै फेल हुन्छन् ।

डा. मन वाग्लेले लेखेजस्तो *(कान्तिपुर, सेप्टेम्बर २८, २०१०)*, सीधा पैसाको लेनदेनमा मात्र सीमित छैन शिक्षा क्षेत्रको भ्रष्टाचार । यसपटक कुनै परीक्षा केन्द्रमा एउटा गाइडको खुलेआम मार्केटिङ गराई सबै विद्यार्थीहरूलाई पास गराउनु भनेको अर्को साल त्यो गाइडले लाखौँको बजार पाउनु हो ।

सन् २००२ मा म पशुपति क्याम्पस, चाबहिलमा पढाउँदाको कुरा हो–शिक्षक कक्षामा नियमित पढाउन नआउँदा एकपटक विद्यार्थीहरूले उक्त शिक्षकसँग गुनासो गरे। शिक्षकले मसिनो स्वरमा भनेछन्, "प्रश्न निकाल्ने पनि मै हो, जाँच्ने पनि मै हो। किन चिन्ता गर्नुपऱ्यो ? बरु पढ्ने भए मकहाँ (ट्युसन पढ्न) आए हुन्छ ।" विद्यार्थीहरू सचेत रहेछन्, ती शिक्षकलाई निकाले, जो पद्मकन्या क्याम्पसमा स्थायी अङ्ग्रेजी शिक्षक पनि थिए ।

शिक्षक मित्रहरू ! गम्भीर भएर सोचौं; न्याय र अन्यायको खेलमा हामी कत्तिको सक्रिय छौं। कत्तिको दोषी छौं। कति भ्रष्ट छौं । डा. मन वाग्लेको 'शैक्षिक माफिया' भित्र हामी कुन तहमा पर्छौं ?

शिक्षकको काम जति कठिन भए पनि यो रातदिन निरन्तर चलिरहन्छ । आजीवन चलिरहन्छ । यो पेशा अपजसपूर्ण छ, तर गहन जिम्मेवारीपूर्ण पनि । एउटा सिङ्गै मान्छेले आफ्नो भविष्य सुम्पन्छ हाम्रो हातमा। समय, पैसा, पसिना, विश्वास सबै दिन्छ। त्यसैले विद्यार्थीहरूलाई सही कुरा दिऊँ, समय दिऊँ, भरोसा दिऊँ, भविष्य दिऊँ, उनीहरूको जीवनमा चिटिङ नगरौं !

ताङ्लिन्चोक-१, गोरखा
(M.A., M.Phil., MEDLE)



# स्कूल त खुल्यो शिक्षक फर्कनन्

**प्रधानाध्यापक** नियुक्तिको विषयमा विवाद चर्कंदा एक वर्षअघि ८ भदौ २०६६ देखि बन्द रहेको पर्साथिस्त खैवागुठी-७, मधवल टोलको नेपाल राष्ट्रिय प्रावि सर्वोच्च अदालतको हस्तक्षेपपछि पुनः खुलेको छ। तर, गुट उपगुटमा बाँडिएका शिक्षकहरू कक्षामा नआएका कारण पठन-पाठन भने प्रभावित नै छ।

राप्राविका तत्कालीन प्रअ केपीचन्द्र चौरसियाले ८ पुस २०६५ मा अवकाश पाएपछि विद्यालय व्यवस्थापन समितिले वरिष्ठ शिक्षक कन्हैया चौरसियालाई निमित्त प्रअको जिम्मेवारी दिएको थियो। तर, भ्रष्टाचारको आरोपमा पद मुक्त भएका तत्कालीन शिक्षा मन्त्री रामचन्द्र कुशवाहाले व्यवस्थापन समितिको निर्णय विपरीत २०६६ कात्तिक १३ मा चौरसियाको ठाउँमा हरिनाथ साहलाई प्रअ नियुक्त गरेपछि विद्यालयको पठनपाठन बिथोलिएको थियो।

२१ साउन २०६७ मा सर्वोच्च अदालतले तत्कालीन शिक्षा मन्त्रीको



शिक्षकको पर्खाइमा नेराप्रावि, मधवलटोल कक्षा तीन का विद्यार्थी।

मनिष पौडेल

# विशेष परीक्षाको नतिजा अझै टाढा

**उच्च** माध्यमिक शिक्षा परिषद्ले प्राथमिक शिक्षकका लागि २२-२८ माघ २०६६ मा सञ्चालन गरेको कक्षा १२ को 'विशेष परीक्षा'को नतिजा आठ महिना बितिसक्दा पनि प्रकाशित गर्न सकेको छैन। उक्त परीक्षामा करिब १४ हजार शिक्षक बसेका थिए।

परीक्षा सञ्चालनका क्रममा चिट चोर्न नपाएको निहुँमा विवाद हुँदा काभ्रे, पर्सा, बाँके, नवलपरासी, कपिलवस्तु र पाल्पा जिल्लामा परीक्षा अवरुद्ध भएको थियो। तर पनि काभ्रेको चैतन्य बहुमुखी क्याम्पस बाहेक अन्य केन्द्रको परीक्षा रद्द गरिएको छैन। काभ्रेमा परिषद् स्वयंले परीक्षा स्थगित गरेकाले त्यहाँ फेरि परीक्षा लिने निर्णय गरिएको छ भने अरू जिल्लामा परीक्षार्थी-शिक्षक आफैंले परीक्षा बहिष्कार गरेकाले ती केन्द्रमा पुनः परीक्षा नहुने जनाइएको छ। परिषद्का उपनियन्त्रक कृष्णप्रसाद



शर्माको भनाईमा "जसले जति लेखेका छन्, त्यही अनुसार उत्तरपुस्तिका परीक्षण भएको छ।"

शर्माका अनुसार, गत असारमा सम्पन्न कक्षा ११ र आउँदो १३ कात्तिकमा हुने कक्षा १२ को मौका परीक्षाको नतिजा नआएसम्म विशेषको नतिजा प्रकाशित हुने छैन। "यी दुई परीक्षाको नतिजापछि चैतन्य क्याम्पसमा पुनः परीक्षा लिएर विशेषको नतिजा निकाल्ने हाम्रो योजना छ", शर्माले भने। स्कूलमा पढाइरहेका शिक्षकहरूले नै जाँचमा चिट चोर्न पाउनुपर्ने माग राखी परीक्षा बिथोलेका कारण परिषद्ले आउँदो वर्षदेखि यो परीक्षा सञ्चालन नगर्ने निर्णय गरेको छ। गत साल रजिष्ट्रेशन फारम भरेका नियमित परीक्षार्थीको परीक्षा भने रोकिने छैन।

निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेपछि चौरसिया पुनः निमित्त प्रअ बनेका छन् । अदालतको आदेशबाट असन्तुष्ट पूर्वमन्त्री कुशवाहा समर्थक शिक्षकहरू मन्जु पाण्डे, हरिनाथ साह, सीता देवी र आशकुर्मी साह अझै विद्यालयमा अनुपस्थित छन् । उनीहरूले घरमै बसेर हाजिर गर्ने र तलब बुझ्ने गरेको विद्यालय स्रोतको दाबी छ । पर्साका जिशिअ केदार तिवारीले विद्यालयमा अनुपस्थित शिक्षकलाई कारबाही गर्ने बताए पनि अहिलेसम्म गर्न चाहिँ केही पनि गरेका छैनन् ।

अदालतको आदेशपछि कक्षा ५ सम्म पढाइ हुने सो स्कूल भदौदेखि खुले पनि विद्यार्थी सङ्ख्या ३५२ बाट ७५ मा झरेको छ । स्कूलमा प्रअ चौरसिया र एक जना बाल विकास कार्यकर्ता मात्र क्रियाशील छन् । विवादकै कारण शैक्षिक सत्र शुरु भएको ६ महिना बितिसक्दा पनि छात्रछात्राले पाठ्यपुस्तक पाएका छैनन् ।

**भूषण यादव**

# शिक्षा समितिमा थपिए शिक्षक संस्था

**शिक्षा** मन्त्रालयले कानुनबमोजिम जिल्लामा दर्ता भएका शिक्षकका सबै संस्थाका अध्यक्षलाई जिल्ला शिक्षा समितिको बैठकमा आमन्त्रण गर्न सकिने व्यवस्था गरेको छ । ३० असार २०६७ मा शिक्षामन्त्रीले यो निर्णय गरेका हुन् ।

यसअघि बढीमा तीन वटा संस्थाका अध्यक्षलाई मात्र समितिको बैठकमा बोलाउन सकिने व्यवस्था थियो । मन्त्रीको यो निर्णयले जिल्लामा क्रियाशील र दर्ता भएका शिक्षकका सबै संस्थाका अध्यक्षहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न बाटो खोलिदिएको छ ।

# लाइसेन्सको आंशिक नतिजा

**शिक्षक** सेवा आयोगबाट २०६६ फागुनमा सञ्चालित शिक्षण लाइसेन्सको आंशिक नतिजा प्रकाशित भएको छ । आयोगले शिक्षाशास्त्र पढेका र तालिम लिएका परीक्षार्थी समूहको माध्यमिक र प्राथमिक तहको नतिजा २२ असोजमा प्रकाशित गरेको हो ।

आयोगका अध्यक्ष उदयराज सोतीका अनुसार, माध्यमिकतर्फ ११ हजार ८६ परीक्षार्थीमध्ये १० हजार ४४७ जना (८४.१४%) उत्तीर्ण भएका छन् । प्राथमिकका २६ हजार ५५० मध्ये १८ हजार ७४५ अर्थात् ७४.३६% परीक्षार्थी सफल भएका छन् । आयोगले प्राथमिकतर्फ रौतहटका एक र माध्यमिकततर्फ पर्साका ४३ परीक्षार्थीको परीक्षा रद्द गरेको छ ।

शिक्षाशास्त्र पढेका र १० महिने तालिम लिएर निमाविको लाइसेन्सका निम्ति जाँच दिएका परीक्षार्थीको नतिजा दशैं र तिहारको बीचमा निकाल्ने तयारी आयोगको छ ।



निमाविका परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण सकिए पनि रुजु गर्न नभ्याएका कारण प्रावि र माविसँगै नतिजा प्रकाशित गर्न नसकिएको अध्यक्ष सोतीले जनाएका छन् । शिक्षाशास्त्र नपढेका तथा तालिम नलिई ५ मङ्सिर २०६३ सम्म कार्यरत शिक्षकहरूको नतिजा भने तिहारपछि मात्र प्रकाशित हुने जनाइएको छ ।


## झाडापखाला रोकथामका उपायहरूबारे जानकारी

बर्खायाममा प्रायः सबै पानीका स्रोतहरू प्रदूषित हुने र सो दूषित पानी पिउनाले झाडापखाला रोग लाग्न सक्दछ । झाडापखाला हुँदा शरीरमा भएको पानी, नुन, ग्लुकोज र तागतिलो पदार्थ खेर जान्छ । यस्ता पदार्थहरू खेर गएपछि शरीर सुक्खा हुन गई जलवियोजन भएर मानिस मर्न पनि सक्दछ । तसर्थ झाडापखाला रोकथामका निम्न उपायहरू अपनाउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

**झाडापखाला रोकथामका उपायहरू**

- खानेपानी भकभकी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।
- खाना खानुअघि, बच्चालाई खाना खुवाउनुअघि, खाना पकाउनु अगाडि, दिसा धोएपछि र फोहोर वस्तु चलाएपछि साबुन पानीले राम्री हात धुने गरौं ।
- फोहोर, बासी, सडेगलेको, झिङ्गा भन्केको र खुला रूपमा राखिएका खानेकुराहरू नखाऔं ।
- घरमा पानी राख्ने भाँडा सफा राखौं र पिउने पानीलाई सधैं छोपेर राखौं ।
- सबैले चर्पीमा मात्र दिसापिसाब गरौं र बच्चाको दिसापिसाब पनि चर्पीमा नै लगेर फाल्ने गरौं ।
- काँचै खाइने खानेकुरा र फलफूलहरू जस्तै मूला, गाँजर, काँक्रो र सागपातहरूलाई सफा पानीले राम्री पखालेर मात्र खाने गरौं ।
- खानेपानीका स्रोत वा मुहानलाई सफा गरी आवश्यक मात्रामा क्लोरिनको झोल हाली शुद्धीकरण गरौं ।
- घोङ्गी, गँगटा, माछा, मासु जस्ता खानेकुराहरू राम्री पकाएर मात्र खाने गरौं । मरेका र बिरामी पशुपक्षीको मासु र सडेको माछा नखाऔं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र, टेकु, काठमाडौं

# ठूला नेता, कमजोर नतिजा

**नवलपरासीमा** 'शिक्षक नेता'हरू कार्यरत स्कूलहरूको एसएलसीको नतिजा अत्यन्तै निराशाजनक पाइएको छ। जिशिका नवलपरासीको तथ्याङ्कअनुसार नेपाल शिक्षक युनियन, नवलपरासीका अध्यक्ष मोहन शर्मा प्रअ रहेको जनता उमावि, मनरीबाट गएको एसएलसीमा ४३ जना छात्रछात्रा सामेल भएकोमा १ जना मात्र उत्तीर्ण भए। एसएलसीको यस्तो परिणामले गर्दा उक्त उमाविको कक्षा ११ मा कोही पनि भर्ना भएका छैनन्।

अन्य संघ-संगठनका 'नेता शिक्षक'हरू कार्यरत विद्यालयहरूको परिणाम पनि उस्तै छ। *(हे. तालिका तल)*

विद्यालयको गुणस्तर सुधार र अध्ययन/अध्यापन भन्दा राजनीतिलाई बढी महत्त्व दिने गरेकाले शिक्षक नेताहरू कार्यरत स्कूलको पढाइ ओरालो लागेको नवलपरासीका जिशिअ बरखुप्रसाद रजक बताउँछन्। तर युनियनका अध्यक्ष शर्मा भने शिक्षक नेताका स्कूल बर्बाद हुनुमा अभिभावकलाई दोष दिन्छन्। उनी भन्छन्, "अभिभावकले छोराछोरीको पढाइप्रति वास्तै गर्दैनन्। त्यसैले नतिजा यस्तो भएको हो।"

**बेचु गौड**/नवलपरासी

**'नेता-शिक्षक' कार्यरत नवलपरासीका विद्यालयहरूको २०६६ को एसएलसी परिणाम**

| शिक्षक-संस्था | पद | शिक्षक | विद्यालय | जम्मा परीक्षार्थी | उत्तीर्ण सङ्ख्या | मावि तहको शिक्षक सङ्ख्या |
|---|---|---|---|---|---|---|
| नेपाल शिक्षक युनियन | अध्यक्ष | प्राचार्य मोहन शर्मा | जनता उमावि, मनरी | ४३ | १ | ५ |
| नेपाल शिक्षक संघ | अध्यक्ष | प्राचार्य विक्रम यादव | जनता उमावि, डैनहवा | १०२ | २२ | ५ |
| अखिल नेपाल शिक्षक सङ्गठन | अध्यक्ष | शिक्षक क्षेत्रबहादुर थापा | वाल्मीकि उमावि, दाउन्नेदेवी | ६८ | ६ | ५ |
| नेपाल राष्ट्रिय शिक्षक सङ्गठन | अध्यक्ष | प्राचार्य धर्मदत्त भुसाल | जनज्योति नमुना कन्या उमावि | ५४ | २७ | ५ |
| लोकतान्त्रिक शिक्षक फोरम | अध्यक्ष | शिक्षक अनिल गौड | निरकु मावि जहदा | ८५ | ८ | ५ |
| मधेशी शिक्षक फोरम | अध्यक्ष | शिक्षक राजेन्द्र पटेल | पवन उमावि परासी | १५८ | ३० | ११ |
| लोकतान्त्रिक शिक्षक युनियन | अध्यक्ष | प्राचार्य शशिभूषण पाण्डे | सिद्धार्थ उमावि कुश्मा | ६२ | ८ | ५ |
| नेपाल शिक्षक मञ्च | अध्यक्ष | शिक्षक सुवास बढई | आदर्श उमावि परासी | १३५ | ७ | ८ |

## एक लाखलाई टीपीडी

**शैक्षिक** जनशक्ति विकास केन्द्रले यस वर्ष लगभग एक लाख शिक्षकलाई पेशागत विकास तालिम (टीपीडी) दिने योजना बनाएको छ। त्यस अनुसार आधारभूत तहका ८६ हजार, माध्यमिक तहका १० हजार र चार हजार प्रअले नेतृत्व विकाससम्बन्धी तालिम पाउने छन्।

टीपीडी तालिम १० दिनको हुन्छ। यो शिक्षकको पुनर्ताजगी तालिम हो। केन्द्रका उपनिर्देशक कृष्णप्रसाद काप्रीका अनुसार, तालिम आउँदो मङ्सिरदेखि शुरु हुनेछ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी) मा शिक्षकको पेशागत विकासका निम्ति हरेक शिक्षकलाई पाँच वर्षमा तीन पटक यस्तो तालिम दिने प्रस्ताव गरिएको र अघिल्लो वर्ष करिब ३० हजार शिक्षकले यो तालिम पाएका थिए।

यस वर्ष माध्यमिक तहका शिक्षकले शैक्षिक तालिम केन्द्र र अगुवा स्रोतकेन्द्रमा तालिम पाउने छन् भने आधारभूत तहका शिक्षकलाई सम्बद्ध स्रोतकेन्द्रमै तालिम दिइनेछ। देशभरिमा १ हजार ५३ वटा स्रोतकेन्द्र सञ्चालनमा छन्।

# नेपालमा पनि विश्व शिक्षक दिवस

अरू देशमा मनाइने गरेको विश्व शिक्षक दिवस यस वर्षदेखि नेपालमा पनि मनाउन थालिएको छ। १८ असोज (५ अक्टोबर) मा परेको यस वर्षको विश्व शिक्षक दिवस, नेपाल शिक्षक युनियन, युनेस्को, शिक्षा पत्रकार समूह र एनइसी नेपाल ले संयुक्त रूपमा 'शिक्षक र सबैका लागि गुणस्तरीय शिक्षा' विषयक अन्तरक्रिया गरेर मनाए।

सो अन्तरक्रियामा शिक्षाविद् डा. विद्यानाथ कोइरालाले आफ्नो अधिकारको कुरा गर्दा पढ्न पाउने बालबालिकाको अधिकारप्रति पनि सजग हुन शिक्षकहरूलाई आग्रह गरे। उनले भने, "हामी शिक्षकले शिक्षा व्यावहारिक भएन भनेर मात्रै पुग्दैन, हामीले नै व्यावहारिक बनाउने प्रयास गर्नुपर्छ।"

नेपाल शिक्षक युनियनका अध्यक्ष दिलबहादुर जोशीले सरकारले शिक्षकसँग भएका सहमति कार्यान्वयनमा ध्यान नदिएको गुनासो गरे। उनले १४ बुँदे सहमति कार्यान्वयनका लागि दबाब दिन युनियनले प्रधानमन्त्रीसँग भेट्ने समय माग्दा समय नदिइएको जानकारी पनि गराए। युनियनका पूर्वअध्यक्ष केशवप्रसाद भट्टराईले दक्ष शिक्षकले




मात्र योग्य नागरिक उत्पादन गर्न सक्ने भएकाले शिक्षकले आफ्नो क्षमता अभिवृद्धि गर्नेतिर पनि ध्यान दिनुपर्ने धारणा राखे। यसपटकको शिक्षक दिवसको विश्व नारा 'सुधार शिक्षकबाटै शुरु हुन्छ' भन्ने रहेको छ।

यसै सन्दर्भमा नेपाल शिक्षक संघका अध्यक्ष मोहन ज्ञवालीले एक विज्ञप्ति जारी गरी गुणस्तरीय शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारको संरक्षण योग्य, सक्षम, तालिमप्राप्त र गुणस्तरीय शिक्षकबाट मात्र सम्भव हुने बताएका छन्। विज्ञप्तिमा उनले शिक्षकको पेशागत सुरक्षा र स्थायित्व सुनिश्चित गर्न सरकारसमक्ष आग्रह पनि गरेका छन्। त्यस्तै संघकी महिला उपाध्यक्ष तथा विश्व शिक्षक महासंघ एसिया प्रशान्त क्षेत्रीय समितिकी सदस्य इन्दिरा सापकोटाले शिक्षक दिवसका अवसरमा अभिभावक, शिक्षक र छात्रछात्रालाई शुभकामना ज्ञापन गर्दै छात्रछात्रालाई स्तरीय शिक्षा दिलाउनका निम्ति आफैं अग्रसर हुन शिक्षकहरूलाई अपील गरेकी छन्।


## मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोनः ४२७७५५२/४२८१९७२

**काठमाडौंबाट**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

**काठमाडौंतर्फ**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौंडाः ०४७-२०५३५ ।

यात्रुहरुको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध



तस्बिर: सुदर्शन घिमिरे

# मायाले जित्यो मन

आयषा शाक्य। कराँतेको राष्ट्रिय खेलाडी। थुप्रै पदक तथा पुरस्कार विजेता। पछिल्लो पटक गत फेब्रुअरीमा बङ्गलादेशमा सम्पन्न ११औं दक्षिण एशियाली खेल (साग)मा स्वर्णपदक जितेर नेपालको इज्जत बढाएकी २३ वर्षीया आयषा भविष्यमा अझै राम्रो खेलाडी बन्न चाहन्छिन्। खेल अभ्यासका निम्ति बिहानै दशरथ रङ्गशाला पुगेकी आयषा भन्छिन्, "म मेरो सम्पूर्ण जीवन खेलमै लगाउन चाहन्छु।"

खेल क्षेत्रमा राष्ट्रकै गौरव बनिसकेकी यी खेलाडीको खेल जीवनको सुरुआत ललितपुरको सुदेशा स्कूलमा पढ्न थालेदेखि नै भएको हो। यसनिम्ति उनी स्कूलप्रति विशेष आभार व्यक्त गर्छिन्। "यदि स्कूलले मलाई कक्षा छाडेर प्रशिक्षणमा भाग लिन अनुमति नदिएको भए र मेरो छुटेको कक्षा शिक्षकहरूले पछि नलिइदिएको भए पढाइ र खेलमध्ये मैले पढाइ नै रोज्नुपर्थ्यो। अनि पढाइमा मात्र लागेको भए म यहाँ कसरी आइपुग्थेँ र?" उनको कथन छ। स्कूलमा तपाईंलाई सबैभन्दा मन पर्ने शिक्षक को हुनुहुन्थ्यो? भन्ने प्रश्न भुईंमा झर्न नपाउँदै आयषा भन्छिन्, "शकुन्तला मिस।" कारण खोतल्दा थाहा भयो, शकुन्तला आयषा समेत सबै विद्यार्थीहरूलाई आफ्नै छोराछोरीलाई झैं माया गर्दिरहिछन्। "बुझ्ने गरी पढाउने। जिज्ञासा राख्दा या नजानेका कुरा सोध्दा कहिल्यै नरिसाउने। सधैं हाँसेर सिकाउने। आफ्नो रुचि भएको काम गर्न प्रेरित गर्ने। खेलमा तिमी सफल हुन्छ्यौ मिहिनेत गर भनेर मलाई मिसले सधैं हौसला दिनुहुन्थ्यो", उनी स्कूले दिन र मनपर्ने मिसलाई सँगसँगै सम्झिन्छिन्।

आयषाले यति तारिफ गरेकी अनि उनको सबैभन्दा मन पर्ने शिक्षक शकुन्तला रानालाई भेट्न १४ असोजको दिउँसो नख्खु जेलको छेवैमा रहेको सुदेशा हाईस्कूलमा पुग्दा उनी दोस्रो त्रैमासिक परीक्षा लिने काममा व्यस्त थिइन्। 'आयषाको स्कूल जीवनको बारेमा कुरा गर्न आएको' भन्नासाथ उनको अनुहारमा एक्कासि खुसी छचल्कियो। त्यसपछि विस्तारै आफूलाई सम्हाल्दै उनले भनिन्, "आयषा मेरो उत्तम कोटिकी विद्यार्थी थिइन्। एक्टिभ, स्मार्ट, पोलाइट, अनुशासित, गर्छु भनेको काम गरेरै देखाउने, जोसँग पनि घुलमिल गर्ने, विनम्र, छुस्के व्यवहार पटक्कै नभएको।"

आयषालाई उनले कक्षा दुईदेखि चारसम्म विज्ञान र गणित पढाएकी रहिछन् । उनलाई सोधियो, "आयषासँगको सबैभन्दा अविस्मरणीय क्षण कुन होला ?" उनी कक्षा दुईमै पढ्दाको कुरा हो । "एक दिन उनले गृहकार्य अलि रफ तरिकाले गरेर ल्याइछन्- अक्षर नै बिगारेर र केरमेट गरेर । मैले त्यसलाई सहजै ग्रहण गरिदिएको खण्डमा उनले भोलि पनि त्यस्तै दोहोऱ्याउन सक्छिन् भन्ने लाग्यो । उनलाई गल्ती 'रियलाइज' गराउन मैले 'गृहकार्य पनि यस्तो गर्ने हो' भनेर कापी ढोकापट्टि फालिदिएँ । उनी रुँदै ढोकामा गइन्, कापी उठाइन् र भनिन्, "सरी म्याम आइन्दा यस्तो कहिल्यै गर्दिनँ ।" अनि मैले उनलाई ढोकैमा गएर सुम्सुम्याउँदै बेन्चमा ल्याएर बसाएँ । शकुन्तलाले सम्झिइन्, "त्यसपछि मैले उनलाई कहिल्यै हप्काउनु परेन ।"

आयषा आफ्नी मनपरेकी शिक्षकलाई सम्झँदै थप्छिन्, "शकुन्तला म्यामले मलाई यति धेरै माया गर्नुहुन्थ्यो कि स्कूलको गेट वरिपरि उहाँलाई देखें भने 'म्याम मेरो ब्याग' भन्दै उहाँलाई एकछिन भने पनि नबोकाई छोड्दैनथें । तिनै फुच्ची आयषा आज ठूली भएर खेल क्षेत्रमा नाम चम्काएको देख्दा शकुन्तलालाई कस्तो लाग्छ त ? उनी भन्छिन्, "राष्ट्रिय खेलाडी भइन् भन्ने सुन्दा म धेरै खुसी भएँ । 'साग'मा स्वर्ण पदक जितेर नेपालको नाम राखिन् भन्ने थाहा पाउँदा त मलाई यति धेरै खुशी लाग्यो, शब्दमा व्यक्त गर्न सक्दिनँ ।" शकुन्तला भन्छिन्, "उनको शिक्षक हुनुको नाताले मेरो पनि नाम उँचो भएको छ ।"

केही समय पहिलेको कुरा हो, शकुन्तला मिस लगनखेलमा किनमेल गर्न जाँदै थिइन् । अलिपरबाट हिँडिरहेकी आयषाले उनलाई देख्नासाथ बोलाइन् । "हामीले उभिएरै कुरा गऱ्यौं । शिक्षक विद्यार्थीबीच जस्तो होइन साथी साथीको जस्तो सम्बन्ध छ हामीबीच", उनी भन्छिन् । सात वर्षअघि स्कूल छाडेर अन्तराष्ट्रिय खेलाडी बनेकी आयषाले आफूप्रति दर्शाउने गरेको सम्मानबाट शकुन्तला धेरै नै खुसी छन् । उनी आयषाको व्यवहारबाट धेरै खुसी हुनुको थप कारण पनि छ । त्यो के भने, उनले पढाएकै कति विद्यार्थी 'म्याम'सँग बोल्नुपर्ला भनेर परैबाट तर्कन्छन् भने केही चैं कुम ठोक्किएर हिंडे पनि बोलाउँदैनन् । तर आयषा कहिल्यै त्यसो गर्दिनन् । त्यसैले शकुन्तला प्रसन्न मुद्रामा भन्छिन्, "म आयषाको शिक्षक हो भन्नमा धेरै गर्व गर्छु ।"

**"शकुन्तला मिस हामीलाई आफ्नै छोराछोरी जस्तै माया गर्नुहुन्थ्यो । नयाँ कुरा सिक्न हरदम प्रोत्साहन गर्ने, नबुझेका कुरा सोध्दा कहिल्यै झर्को नमान्ने र गाली नगरी नरम तरिकाले सम्झाउने उहाँको बानी थियो ।"**

**– आयषा**



एक साँझ शकुन्तला टिभीमा समाचार हेर्दै थिइन् । प्राय: खेलाडी अलिकति पनि टाउको नझुकाइकन ठाडै पदक भिर्दै थिए । तर आयषाले त्यसो गरिनन् । उनले पदक र पदक दिनेप्रति सम्मान प्रकट गर्दै टाउको झुकाएर ग्रहण गरिन् । शकुन्तलाले जब यो दृश्य देखिन्, आफ्नो शिर गर्वले सगरमाथा झैं उँचो भएको उनले महसुस गरिन् । "मैले 'सिनियर'हरूलाई आदर गर्नुपर्छ भन्ने सिकाएको कुरा आयषाले राम्रोसँग सिकेकी रहिछन् । एउटा शिक्षकका निम्ति योभन्दा ठूलो सन्तोष र सम्मानको विषय अरू हुनै सक्दैन ।"

शकुन्तलाको विचारमा आयषा स्कूलको कारणले मात्र सफल खेलाडी भएकी होइनन् । खासगरी उनको बाबाले नै 'मेरी छोरी खेल्न सक्छे' भनेर उनलाई हरदम प्रेरणा दिए । छोरीको सफलताका लागि त्यति मरिमेट्ने बाबुआमा विरलै पाइन्छन् भन्ने शकुन्तलाको निष्कर्ष छ । उनी भन्छिन्, "उनी कक्षा छाडेर कराँते तालिममा जाँदा हामी पढाइ डिस्टर्ब भयो भन्ठान्थ्यौं । तर अहिले आएर थाहा भयो, त्यो त उत्तम कामका लागि पो लगानी भएको रहेछ ।" आयषाले पढाइ र खेलकुद दुवैलाई राम्रोसित 'ह्यान्डिल' गरिन् । त्यो क्रम अहिले पनि जारी छ । उनले हालै मात्र व्यवस्थापनमा स्नातकको जाँच सकिन् ।

यी गुरु-शिष्यमा एउटा गजबको समानता रहेछ । जे काम गरिन्छ, डुबेर गर्ने । दुवैको शब्दकोशमा लटरपटर भन्ने शब्द नै रहेनछ । शकुन्तलालाई शिक्षण जीवनमा २४ वर्ष बिताएको पत्तै भएन । "मैले २४ महिना बिताएँ जस्तो लाग्छ, तर २४ वर्ष बितिसकेछ ।" हाँसोलाई नियन्त्रण गर्दै भनिन्, "शिक्षण जीवनबाट धेरै नै आनन्द लिएँ । मैले आफूलाई केटाकेटीकै लागि पूर्ण रूपमा समर्पित गरें ।" गुरुको यो गुणले आयषालाई सानैदेखि प्रभावित गरेको रहेछ । "आफूलाई रुचि लागेको काममा डुबेर लाग्नुपर्छ भन्नुहुन्थ्यो", आयषा थप्छिन्, "म्यामको भनाइ र गराइ नै मेरो लागि मार्गदर्शक र प्रेरणाको स्रोत बन्यो । अहिले पनि बनिरहेको छ ।"

विभिन्न प्रतियोगिताहरूमा भाग लिने तयारीमै आफ्नो सबै समय व्यतित गरेकी आयषा आफूलाई यहाँसम्म पुऱ्याउने स्कूललाई केही गर्ने योजनामा छिन् । उनी भन्छिन्, "हाम्रो स्कूलमा खेलमा धेरै राम्रा सम्भावना बोकेका भाइबहिनीहरू छन् । उनीहरूमा रहेको खेल प्रतिभा उजागर गर्ने काममा स्कूलले पनि उचित ध्यान देओस् भन्ने मेरो आग्रह छ । कुनै दिन स्कूलमा गएर यसबारेमा प्रिन्सिपल र शिक्षकहरूसँग आफ्नो अठोट र योजना सुनाउने विचार गरेकी छु । मलाई विश्वास छ, स्कूलले यसपटक पनि मेरो सपनालाई पूरा गरिदिनेछ ।"

**सुदर्शन घिमिरे**

# चमत्कारिक चरित्र गौरी

राजा महेन्द्रको प्रजातन्त्र मास्ने २०१७ साल पुस १ गतेको कदम विरुद्ध कालो झण्डा लिएर स्व. शैलजा आचार्यसँग सडकमा उत्रिएकी भए पनि गौरी राणाको जीवनको लक्ष्य नेता-मन्त्री बन्ने भन्ने थिएन। उनी त्यतिवेलै भन्थिन्, "असल नागरिक बन्छु, असल नागरिक बनाउँछु तर नेता-मन्त्री चाहिँ हुन्न।" २०१७ देखि २०२२ सालसम्म बन्दी जीवन बिताएकी गौरीले आफ्नो जीवनको मूल लक्ष्य साकार पार्न २०२४ सालमा काठमाडौंको कमलपोखरीमा *मार्टियस मेमोरियल स्कूल* खोलिन्। उनले पढाएका छात्रछात्रा अहिले राष्ट्रको महत्त्वपूर्ण जिम्मेवारीमा पुगेका छन्। त्यस्ता धेरैमध्येका एक हुन्- किशोरकुमार लामा। २०२७ सालदेखि २०३१

"किशोरलाई थुनेर जाँच दिन लगाएँ।"
– गौरी

किरण पाण्डे



सालसम्म मार्टियस स्कूलमा पढेका लामा यतिवेला सशस्त्र प्रहरी मुख्यालयमा अतिरिक्त प्रहरी महानिरीक्षक (एआईजी)को जिम्मेवारीमा छन् भने गौरी किशोरले ३६ वर्षअघि छाडेको उही मार्टियस स्कूलकी प्रिन्सिपल ।

गौरीको चरित्र/गुणको छाप किशोरको व्यावसायिक जीवनमा परेको छ । गौरीसँग सिकेको अनुशासनले किशोरलाई पेशागत जीवन अघि बढाउन ठूलो टेवा दिएको छ । अनुशासन, समूहको नेतृत्व गर्ने कौशल र टीम परिचालन गर्न सक्ने क्षमता आफूले 'गौरी म्याडम'बाटै सिकेको बताउँदै किशोर भन्छन्, "गौरी म्याम मेरो शिक्षक/प्रिन्सिपल मात्र होइन, अभिभावक समेत हो ।"

काठमाडौँको कमलपोखरीमा जन्मेका किशोरले मार्टियस स्कूल पुग्नुअघि राजधानीका ज्ञानविकास, सेन्ट जेभियर्स, शिशु निकेतन, विजय मेमोरियल, आनन्द कुटी जस्ता आधा दर्जन स्कूल चहारिसकेका थिए । तर, कुनै पनि स्कूलमा उनी 'फिट' हुन सकिरहेका थिएनन् । "शायद मैले ती स्कूलमा आफू अनुकूलको शिक्षक र वातावरण पाउन नसकेका कारण त्यहाँ राम्रो विद्यार्थी बन्न सकिनँ", किशोरको अनुमान छ । मार्टियस स्कूलमा पढ्न थालेपछि उनको व्यक्तित्व र स्वभाव सबै बदलियो । उनी सहजै राम्रो विद्यार्थीमा परिणत भए । त्यसैले उनी मार्टियस स्कूल र त्यहाँका शिक्षकहरूलाई आफ्नो जीवनको जग एवं चरित्र निर्माता मान्छन् ।

कक्षा ४ देखि ६ सम्म मार्टियस स्कूलमा अध्ययन गरेका किशोरले गौरीलाई नभेटेको झण्डै १५ वर्ष पुग्न लागेको छ । तैपनि उनको सम्झनामा गौरीसँग अध्ययन गर्दाका क्षणहरू ताजै छन् । "म्यामलाई देख्ने बित्तिकै हामी जुरुक्क हुन्थ्यौं, उहाँको चरित्र नै चामत्कारिक थियो, उहाँसँग पढ्न थालेपछि मेरो जीवन बदलियो", किशोर भन्छन् । गौरीले किशोरको समूहलाई सामाजिक र अङ्ग्रेजी पढाएकी थिइन् ।

त्यतिवेला अङ्ग्रेजी, विज्ञान र गणित जस्ता विषय पढाउन नेपालमा योग्य शिक्षक पर्याप्त नपाइने भएकाले गौरीले भारतको केरलाबाट शिक्षक झिकाएकी थिइन् । केरलाबाट ल्याइएका शिक्षकलाई मार्टियसमा पढेका छात्रछात्राले विज्ञान, गणित र अङ्ग्रेजीका आधारस्तम्भ नै ठान्ने गरेका छन् । किशोर भन्छन्, "पहिलो पटक योग्य शिक्षक र स्कूलमा पढुँ पढुँ लाग्ने वातावरण पाएकाले त्यहाँ मैले राम्ररी पढेँ ।"

मार्टियस स्कूल पढ्दाका दुई वटा घटनाले किशोरलाई अहिले पनि रोमाञ्चित बनाउने गरेको छ । एकपटक साथीसँग किशोर फिल्म हेर्न रक्सौल जान लाग्दा गौरीले प्रहरीको सहयोगमा दुवैलाई थानकोटमै समातिन् । यसबाट किशोरको रक्सौल पुगेर फिल्म हेर्ने र वीरगञ्ज घुम्ने सपना मात्रै चकनाचूर भएन, उनीहरूले त्यसको अविस्मरणीय मूल्य पनि चुकाउनु पर्‍यो । गौरीले किशोरलाई अतिरिक्त गृहकार्यमा जोताइन् भने उनका साथी प्रज्वल शम्शेरलाई घरको भुईतलाबाट पानी बोकेर तीन तलामाथि पुर्‍याएर पोख्न लगाइन् । "विद्यार्थीले बदमासी गर्दा म अरू शिक्षकलाई



"म्यामसँग पढ्न थालेपछि मेरो जीवन बदलियो ।"
–किशोर

पिट्न दिन्नथें, केही गर्नुपर्‍यो भने म आफैं गर्थे । किशोरले जाँच दिन नमान्दा एक पटक कोठाभित्र एक्लै थुनेर जाँच दिन लगाएकी छु", गौरी सम्झिन्छिन् ।

१५ साउन २०३८ मा प्रहरी सहायक निरीक्षकबाट नेपाल प्रहरीमा प्रवेश गरेका किशोर क्रमिक रूपमा बढुवामा आठ वटा खुट्किलो पार गरेर ३० पुस २०६४ मा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकको जिम्मेवारीमा पुगेका छन् । किशोरले नेपाल सरकारबाट दर्जनभन्दा बढी मान, पदवी, अलङ्कार, पदक, प्रमाणपत्र तथा उपहार प्राप्त गरेका छन् । विश्वका २१ देशको भ्रमण गरिसकेका किशोरले *लागू औषध अपराध निर्मूलीकरण, कर्तव्य ज्यान अनुसन्धान, संविधानसभा निर्वाचनमा उम्मेदवार सुरक्षा सचेतना* लगायतका पुस्तक लेखेका छन् । आफूले पाएको सफलताको जस किशोरले गौरी राणा र उनका सहकर्मी शिक्षकहरूलाई दिने गरेका छन् भने गौरीले मार्टियस स्कूल र त्यहाँका शिक्षकलाई ।

**बाबुराम विश्वकर्मा**



तस्बिरहरू: प्रमोद आयाम

# जया लेखकीय प्रेरणा

सिन्धुली, दुम्जाको कुशेश्वर विद्यापीठ माविमा जया कोइरालाले पढाएका कतिपय विद्यार्थीले आफ्नो क्षेत्रमा राम्रै ख्याति कमाएका छन् । ती को-को हुन् ? कसैले सोधिहाल्यो भने पद्मकन्या क्याम्पसकी सह-प्राध्यापक जया गन्न थाल्छिन्, 'शिक्षाविद् डा. विद्यानाथ कोइराला, सहसचिव शिवबहादुर रायमाझी, बरिष्ठ अधिवक्ता रामप्रसाद भण्डारी, इन्जिनियर प्रेमबहादुर श्रेष्ठ, परराष्ट्रकी उपसचिव दुर्गा कोइराला... ।' यसरी नाम भनिरहँदा उनले कहिल्यै नछुटाउने नाम हो- श्याम श्रेष्ठ । अहिले वाम बुद्धिजीवीका रूपमा चिनिने श्यामलाई जयाले कुशेश्वरमा दुई वर्ष पढाएकी थिइन् ।

'जया मिस'ले श्यामलाई विशेष रूपमा सम्झनुको थप कारण चाहिँ श्यामले ती दुई वर्ष जयाकै घरमा बिताउनु पनि हो । काभ्रेको मङ्गलटारस्थित विन्ध्यवासिनी प्राविबाट पाँच कक्षा उत्तीर्ण गरेपछि श्याम तीन कोस टाढाको कुशेश्वर विद्यापीठमा भर्ना गरिए । त्यति लामो दूरी घरबाट धाउन सम्भव थिएन । त्यसैले श्याम जयाको घरमा बसेर पढ्न थाले ।

पाँच कक्षा उत्तीर्ण भएपछि कहाँ पढ्ने निधो नहुँदा श्यामको एक वर्ष घरमै गाईबाखा हेरेर बितिसकेको थियो । त्यसैले उनी कुशेश्वरमा ६ को सट्टा कक्षा ७ मा भर्ना गरिएका थिए । 'क्लास जम्प' गर्दा पढाइ चुनौतीपूर्ण हुनु स्वाभाविकै थियो । त्यतिवेलाको दिनचर्या सम्झँदै जया भन्छिन्, "स्कूलमा नबुझेका कुरा म उसलाई घरमा समेत पढाउथेँ ।" यो अवधिमा जयाले श्यामको शिक्षकसँगै अभिभावकको भूमिका समेत निर्वाह गरिन् ।

जया मिसको सम्झना अनुसार मेहनती, लगनशील, मिलनसार र साँचो बोल्नु श्यामका त्यतिवेलाका असल गुण थिए । "तोतेबोली थियो, हत्तपत्त नबुझिने । अग्लो कद, खिरिलो र पातलो ज्यानका श्याम हम्मेसी अरूसँग

**"टेलिभिजनमा श्यामको अन्तर्वार्ता आउँदा नछुटाई हेर्छु । पत्रिकामा उसका लेखहरू पढिरहन्छु ।"**

**– जया**

बोलिहाल्न डराउँथे । कसैले पिटिहाल्यो भने पिलपिल गर्दै आँसु चुहाउँथ्यो । तर, अरूमाथि जाइनलाग्ने उसको स्वभाव थियो", जया सम्झिन्छिन् ।

जयाको मूल्याङ्कनमा श्याम स्कूलमा औसत विद्यार्थी थिए । उनी भन्छिन्, "त्यस्तो साह्रै सिपालु पनि होइन, नजान्ने पनि थिएन । तर, मेहनत चाहिँ औधी गर्थ्यो ।" कुनै दिन कक्षामा श्यामको अनुहार रातो र डराएको जस्तो देखियो भने जया अड्कल लगाइहाल्थिन्, "आज श्यामले गृहकार्य गरेनछ ।" त्यतिवेला कुशेश्वरमा कक्षा ८ सम्म मात्रै पढाइ हुन्थ्यो । कक्षा ९ पढ्न उनी सिन्धुलीगढीको कमला मावि भर्ना भए र त्यहीँबाट २०२४ सालमा एसएलसी उत्तीर्ण गरे ।

जयाका अनुसार, श्याम शुक्रबारको पढाइ सकेर दुम्जाबाट आफ्नो घर मङ्गलटार जान्थ्यो । तर, घरबाट ऊ सोमबार मात्रै स्कूल फर्कन्थ्यो । आइतबारको कक्षा प्रायः छुटाउँथ्यो । 'हिजो किन नआएको' भनेर सोध्दा ऊ डराएर जवाफ दिन्थ्यो, "घरमा भोज थियो मिस ।"


जया मिसको पढाउने तौरतरिकाहरू श्यामको मस्तिष्कमा अहिले पनि ताजै छन् । कक्षामा अलि कडा रूपमा प्रस्तुत हुन्थिन्, जया मिस । हक्की स्वभाव थियो उनको । "उहाँको कक्षा छलेर उम्कने र 'होमवर्क' नगर्ने कुराको त गुञ्जायसै हुन्थेन", श्याम सम्झन्छन् । उनका अनुसार, विद्यार्थीलाई बुझाएर पढाउने खुबी जया मिसमा थियो । विद्यार्थीले बुझे/नबुझेको दोहोऱ्याएर 'क्रसचेक' गर्थिन् । विशेषगरी जयाबाट सिकेका मुख्य दुई कुराहरू श्यामका लागि अहिले पनि उत्तिकै प्रेरणादायी छन्, जति हिजो स्कूल पढ्दा थिए । एउटा अङ्ग्रेजी भाषाको आधारभूत ज्ञान र अर्को साहित्यको चिनारी । श्याम आफ्नो अङ्ग्रेजी भाषाको जग जया मिसले नै बसाइदिएको ठान्छन् । कक्षामा साहित्यको अध्ययन र सिर्जनाप्रति विद्यार्थीलाई सधैँ प्रेरित गर्थिन्, जया मिस । अझ श्यामलाई त उनले घरमा रहँदा पनि झकझक्याइरहिन्, "लेख्नुपर्छ है !" भनेर । त्यही वेलादेखि नै पलाएको हो, श्याममा साहित्यको मोह । उतिवेला जया मिसले रटाएको राष्ट्रकवि माधवप्रसाद घिमिरेको शोककाव्य 'गौरी'का केही हरफ श्यामलाई अहिले पनि कण्ठै रहेछन्-

*'यी रोए पनि दिक्क हुन्छ मनमा सम्झे कि आमा भनी*
*यी हाँसे पनि दुःख हुन्छ मनमा बिर्से कि आमा भनी ।'*

श्याम अहिले आफैं लेखक र विश्लेषकका रूपमा चिनिन्छन् । आफू यहाँसम्म आइपुग्नुमा 'जया मिस'को योगदान उल्लेख्य रहेको ठान्छन् उनी । "मेरो लेख्ने सीपको जग नै जया मिस हो । त्यही जगमा उभिएरै म आज यहाँसम्म आइपुगेको हुँ", उनी भन्छन् । जया कोइरालालाई उनी आफ्नो दोस्रो अभिभावक पनि भन्छन् । जया मिसको साहित्यिक प्रेरणाबाटै आफूले आई.ए.मा पनि अङ्ग्रेजी र संस्कृत साहित्य विषय रोजेको श्यामको कथन छ ।

उतिवेलै आफूभन्दा सानालाई माया गर्ने र सिकाउने स्वभावका श्याम भविष्यमा एउटा असल शिक्षक बन्ने लख काटेकी थिइन्, जयाले । उनको अड्कल केही हदसम्म सही पनि भयो । २०२४ देखि २०३७ सालसम्म श्याम काभ्रे र काठमाडौंका स्कूलमा पढाउने शिक्षक रहे ।

**"मेरो लेख्ने सीपको जग नै जया मिस हो । त्यही जगमा उभिएरै म आज यहाँसम्म आइपुगेको हुँ ।"**
**–श्याम श्रेष्ठ**



जया मिससँग बिताएका अधिकांश क्षण आफ्ना लागि निकै प्रेरणादायी र स्मरणीय रहेको बताउँदा बताउँदै श्याम एउटा तीतो घटना पनि सम्झन पुग्छन् । कक्षा आठमा पढ्दा सीताराम नामको एकजना साथीले जया मिसलाई श्यामले भन्दै नभनेको कुरा सुनाइदिएछ, "मलाई त जया मिसले पढ्दै नपढे पनि पास गर्दिन्छु भन्नुभा'छ ।" सीतारामको एकतर्फी कुरा सुनेर जया मिसले सजिवनको लौरोले श्यामलाई पिटिछन् । "त्यो कुटाइबाट चाहिँ मेरो निकै चित्त दुख्यो । तर पछि मिसले पनि दुःख मान्नुभयो । त्यसैले उहाँप्रतिको श्रद्धामा कमी आउन पाएन", श्याम भन्छन् ।

यी शिक्षक र शिष्य करिब तीन दशकदेखि काठमाडौंमा छन् । तर, स्कूलमा छुटेयता उनीहरूबीच मुश्किलले दुई पटक मात्रै भेट भएको छ । त्यो पनि बाटोमा अकस्मात् । किन त ? दुवैको उस्तैउस्तै जवाफ छ, "शायद दुवै जना आ-आफ्नै काममा व्यस्त भएर हो कि !"

भेटघाट नभए पनि श्यामका बारेमा जया 'अपडेट' भइरहन्छिन् । उनी श्यामलाई कहिले टेलिभिजनका पर्दामा देख्छिन् त कहिले अखबारका पानामा पढ्छिन् । जया भन्छिन्, "टेलिभिजनमा श्यामको अन्तर्वार्ता आउँदा नछुटाइ हेर्छु । पत्रिकामा उसका लेखहरू पढिरहन्छु ।" नागरिक अधिकारको पक्षमा श्यामको सक्रियता देख्दा जयालाई खुशी लाग्छ । स्कूल जीवनमा जयाले श्यामलाई सधैँ भनिरहिन्, "भविष्यमा ठूलो मान्छे होइन, असल र निष्ठावान् बन्नुपर्छ ।" उनी आफूले सुझाएकै तथ्य श्यामको जीवनमा प्रतिबिम्बित भएको ठान्छिन् र शिक्षक हुनुका नाताले यसप्रति गर्व गर्छिन् । उनी भन्छिन्, "उसले चाहेको भए ठूलै राजनीतिक पद पाउन पनि सक्थ्यो होला । तर, त्यस्तो पदीय लोलुपता कहिल्यै देखाएन ।" संविधान निर्माणको ढिलाइले लोकतन्त्र खतरा उन्मुख रहेको जयाको बुझाइ छ । त्यसैले उनी कामना गर्छिन्, "संविधान बन्न नदिने षडयन्त्र विरुद्ध निष्पक्ष र सशक्त ढङ्गले लागिरहन र जनताको पक्षमा साँच्चिकै लोकतान्त्रिक संविधान जारी गराउने अभियानमा श्याम सफल हुन सकून् ! त्यसमै हामी सबैको कल्याण छ ।"

**प्रमोद आयाम**



माधव अर्याल

# प्रतिबद्ध सर पीताम्बर

कुरा २०२२ सालतिरको हो । पाल्पाको सदर मुकाम तानसेनदेखि करिब १५ किलोमिटर पर दर्लमडाँडामा खरले छाएको एउटा झुपडी थियो- दर्लमडाँडा स्कूल । जहाँ केटाकेटीहरू गुन्द्रीमा बसेर कखरा सिक्थे । त्यही भीडमा लिखुरे ज्यानको एउटा बालक आफ्ना दाजुको साथ लागेर त्यही झुपडीको स्कूलमा पढ्न जान्थे । "कम बोल्ने र शान्त स्वभावको त्यो केटो ठूलो भएर के बन्ला, कसो गर्ला कसैले अनुमान गर्न सकेको थिएन", अङ्ग्रेजी शिक्षक पीताम्बर शर्मा गैरे सम्झन्छन्, "ऊ त ठूलै डाक्टर बनेर सबैको हाईहाई पो बन्न पुग्यो ।" त्यो व्यक्ति अरू कोही नभएर प्रसिद्ध हृदयरोग विशेषज्ञ डा. भगवान कोइराला हुन् । हरिप्रसाद कोइरालाका माइला छोरा भगवानलाई गैरे आफ्नो सबैभन्दा सफल विद्यार्थी ठान्छन् ।

भगवान आफ्नो व्यक्तित्व निर्माणको मुख्य आधार दर्लमडाँडाको त्यही झुप्रे स्कूलका शिक्षकलाई मान्छन्, जहाँ उनले कक्षा ८ सम्म पढेका थिए । "भगवानले स्कूलमा कहिल्यै झगडा गरेको थाहा भएन । सधैँ अनुशासित, इमानदार र लगनशील भएर पढ्थे ।" गैरेले स्मृतिलाई ताजा बनाए "भगवानका तीनै दाजुभाइले यही स्कूलमा पढे । तर माइला जति तगडा कोही थिएनन् ।" तीन दाजुभाइमध्ये बीचका (माइला) उनी सबभन्दा सोझा र बेग्लै खालका थिए, गैरेले भगवानको बाल्यकाल सम्झिए, "उनी लगनशील र अनुशासित थिए, नयाँ कुरा छिटै सिक्ने क्षमता थियो ।"

उतिवेला अङ्ग्रेजी शिक्षकले गाउँठाउँमा निकै सम्मान पाउँथे । त्यस्तै सम्मान गैरेले पनि पाएका थिए । अरू शिक्षक, अभिभावक र विद्यार्थी सबैले गैरेलाई अङ्ग्रेजी जानेका 'सर' भनेर खुब तारिफ गर्थे । डा. भगवान कोइरला पनि त्यस्तै सम्मान दर्शाउँछन्, गैरेप्रति । उनी भन्छन्, "मेरो अङ्ग्रेजीको 'बेस' गैरे सर नै हो ।" उहाँसँगै सिकेको अङ्ग्रेजीबाट पछि हाईस्कूल, कलेज र चिकित्साशास्त्र पढ्ने आधार तयार बन्यो ।" भगवान आफ्ना श्रद्धेय गुरुप्रति नतमस्तक भए, "उहाँ स्कूलमा समयमै आउनुहुन्थ्यो । अनुशासित हुनुहुन्थ्यो । राम्रोसित पढाउनुहुन्थ्यो । सफल मानिस हुनका लागि इमानदारी, निष्ठा र प्रतिबद्धता चाहिन्छ भन्ने कुरा मैले उहाँबाटै सिकेको हुँ ।" हुन पनि


गैरेको शिक्षाप्रति यति लगाव रहेछ कि आफ्ना विद्यार्थी कोइरालाले सो स्कूल छाडेको (२०२९ साल) ३८ वर्षपछि पनि उनी सोही स्कूलमा शिक्षण गरिरहेका छन् । "उहाँले पढाएका हामी अवसर खोज्दै देश-विदेश धायौं । तर उहाँ अझैसम्म गाउँमा शिक्षाको दियो बालिरहनुभएको छ ।" भगवानले आफ्नो गुरुको हृदयदेखि प्रशंसा गरे, "यसरी सबै कुरा छाडेर गाउँमै बसेर सेवा गर्नु आफैंमा धेरै महान् काम हो । असल शिक्षक बन्छु भनेर अन्तर त्मादेखि प्रतिबद्ध र समर्पण भएको व्यक्तिले मात्र यसो गर्न सक्छ ।"

२०३४ सालमा हाईस्कूल भएको दर्लमडाँडा केही वर्षयता उच्च मावि बनेको छ । प्राचार्य गैरेको अबको सपना भनेको यसलाई क्याम्पससम्म विस्तार गर्नु हो । "यो मेरो मात्र होइन, यस गाउँका सबैको सपना हो", गैरेले विश्वासका साथ भने, "क्याम्पसमा पनि हामी स्तरीय शिक्षा दिन सक्षम हुनेछौं ।" बरु, क्याम्पस बनाउन सक्दो सहयोग गर्ने प्रतिबद्धता भगवानले पनि जनाएका छन् । "तर भगवानले आफूले कमाएको पैसा पनि गरीब बिर मीको उपचार गर्नमै खर्च गर्छन् भन्ने सुनेको छु ।" गैरेले आफ्ना पूर्व विद्यार्थीको त्याग र मानवीय संवेदनाको कदर गर्दै भने, "त्यसैले उनीबाट मैले ठूलो आर्थिक सहयोगको अपेक्षा गरेको छैन ।"

तीन वर्षअघि दर्लमडाँडा उमाविले स्वर्णजयन्ती मनायो । यो कार्यक्रममा आइदिन गैरेले आफ्ना चेला भगवानलाई काठमाडौं आएरै निम्तो दिए । आफ्नो जीवनको जग बनाइदिने स्कूल सम्झेर भगवान पनि पुगे, दर्लमडाँडामा । "मुटु रोगीको उपचारमा व्यस्त छन्, भ्याउँदैनन् कि लाग्या थियो", गैरेले प्रफुल्ल मुद्रामा सुनाए, "भगवानले हामीलाई सम्झेर यहाँ आए । हामी साह्रै खुसी भयौं ।" भगवान विभिन्न कामले तानसेन पुग्दा गैरेलाई

**'स्कूलमा समयमै आउनुहुन्थ्यो । अनुशासित हुनुहुन्थ्यो । राम्रोसित पढाउनुहुन्थ्यो । सफल मानिस हुनका लागि इमानदारी, निष्ठा र प्रतिबद्धता चाहिन्छ भन्ने कुरा मैले उहाँबाटै सिकेको हुँ ।'**

**– डा. भगवान कोइराला**


मीनरत्न वज्राचार्य

भेट्न हम्मेसी छुटाउँदैनन् । "भगवानले सानोमा जसरी आदर गर्थे अहिले पनि उसैगरी आदर गर्छन्", गैरेले खुसी बाँडे, "देश-विदेशमा नाम कमाएको प्रतिष्ठित व्यक्ति भएर पनि भगवानले हामीलाई विद्यार्थीकालमा झैं आदर गर्दा अद्भुत आनन्दको अनुभूति हुँदोरहेछ ।" डा. भगवानले अहिले सफल मुटु रोग विशेषज्ञका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठा कमाएका छन् । यसप्रति असीम गर्व महसुस गर्छन्, उनी । भन्छन्, "आफ्नो विद्यार्थीले यत्रो ख्याति पाएको देख्दा कुन शिक्षकको मन प्रफुल्लित नहोला र ? एउटा शिक्षकका लागि वास्तविक कमाइ र उपलब्धि भनेकै यही हो ।"

भगवानसँगका धेरै रोचक संस्मरण याद नभए पनि गैरेले एउटा घटना चाहिँ अहिले पनि बिर्सेका छैनन् । "भगवानको घरहुँदै म बिहानै गाउँतिर गइरहेको थिएँ । उनी त पधँरामा नुहाएर सानो गाग्रीमा पानी बोकेर घरतिर जाँदै रहेछन् । तर लँगौटी बाहेक उनको जीउमा एकधरो कपडा पनि थिएन ।" हाँसोको फोहोरा छुटाउँदै गैरेले भने, "ए पण्डित ! बाटोमा नाङ्गै हिँड्न लाज लाग्दैन भनेर खुब जिस्क्याएँ । उनी चाहिँ खुब लजाउँथे । उनी जति लजाउँथे, म उति नै बढी जिस्क्याउँथें ।" उनका अनुसार घरबाट करिब १५ मिनेट पर पधँरामा भगवान हरेक दिन नुहाउँथे र घर फर्कंदा पानी बोकेर ल्याउँथे । यता भगवानसँग पनि यस्तै रोचक स्मृति नभएको होइन । कहिल्यै शिक्षकहरूको सजायको भागिदार हुनु नपरे पनि संयोगबस जीवनमै एकपल्ट मात्र शारीरिक सजाय पाएका रहेछन् । त्यो पनि गैरे सरकै हातबाट ! साथीको गलत रिपोर्टिङका कारण कक्षा ६ मा पढ्दा एकपटक एक लट्ठी भेटें । भगवानले चार दशक भन्दा पुरानो घटना सम्झँदै मुस्काए, त्यस बाहेक मैले कहिल्यै घरमा पनि पिटाइ भेटिनँ ।

सदरमुकाम तानसेनस्थित पुरानो एवं प्रतिष्ठित स्कूल पदम पब्लिकमा कक्षा ९ र १० पढेका भगवानले सोही स्कूलबाट एसएलसी दोस्रो श्रेणीमा उत्तीर्ण गरेका हुन् । प्राथमिक तहदेखि माविसम्म अरू शिक्षकबाट पनि प्रभावित रहेछन् । "हाम्रो घरमा बस्ने नित्यराज सर, दयाराम सर र कृष्णप्रसाद देवकोटा सरलाई पनि म सम्झिरहन्छु ।" उनले आफ्ना गुरुहरूलाई सम्झँदै गए, "पदम पब्लिकका प्रअ खिलाराजा पाण्डे र कृषि पढाउने सर पनि स्मरणीय हुनुहुन्छ । मेरो आजको व्यक्तित्व बन्नुका पछाडि उहाँहरूको पनि देन छ ।"

आफ्नो शिष्यको उच्च मानवीय भावना र "आफन्तलाई काखा र पराइलाई पाखा" नगर्ने व्यवहार थाहा पाएपछि गैरे अझै बढी खुसी भएको बताउँछन् । "गाउँघरबाट चिनेजानेका र आफन्तहरू उपचार गराउन काठमाडौं जाँदा भगवानले पालो नमिची सबै बिरामीहरूप्रति समान व्यवहार गर्दा रहेछन् ।" गैरेको निष्कर्ष छ, "असल मानिसमा हुनुपर्ने सबै गुण भगवानसँग छ । उनको बाल्यकालको शिक्षक हुनुको नाताले मलाई यो मेरो लागि ठूलो गर्वको कुरा हो । किनभने उनीसँगै मेरो शिक्षण पनि सफल भएको छ ।"

**माधव अर्याल/सुदर्शन घिमिरे**

बाबुराम विश्वकर्मा र भूषण यादव

# आँट पनि कत्रो ! हुँदै नभएका स्कूलका नाममा लाखौं निकासा

**शिक्षकले नपढाई तलब खाए, छात्रवृत्ति तथा अन्य रकम हिनामिना भयो भन्नेसम्मका खबर पढिँदै आएको थियो। भौतिक अस्तित्व नै नभएका कागजी स्कूल खडा गरेर लाखौं लाख सरकारी रकम हत्याउने कार्य व्यापक रूपमा भइरहेको सुन्दा पत्यार नलाग्न सक्छ। तर, पर्साका एक दर्जन कागजी अर्थात् नामधारी स्कूलको इतिवृत्तान्त हेर्दा यो तथ्य नपत्याई धरै छैन।**



पर्साको सिरसिया गाविस- २ मा पुगेर कसैले दलित उत्थान प्रावि कता छ भनेर सोध्यो भने स्थानीय बासिन्दा आफैं छक्क पर्छन् किनभने त्यहाँ त्यो नामको कुनै स्कूल अस्तित्वमा रहेको उनीहरूलाई थाहा छैन। सिरसियामा मात्र होइन, उक्त प्राविको भौतिक अस्तित्व पर्सा जिल्लाभरि नै भेटिँदैन। तर, जिल्ला शिक्षा कार्यालय पर्साबाट २०६५ मा सञ्चालन अनुमति पाएको उक्त प्राविको नाममा असार २०६६ देखि अहिलेसम्म रु.५,६४,२१८ निकासा भएको देखिन्छ। विद्यालयको नाममा नेपाल ब्याङ्क, वीरगञ्जमा खोलिएको खातामा जम्मा भएको उक्त रकम जीवनज्योति पासवान, जयनारायण साह, पन्नालाल दास, त्याजमुल खाँ, उमेश र राजेश नामका व्यक्तिको नाममा विभिन्न मितिमा चेक काटेर झिकिएको ब्याङ्कको स्टेटमेन्टमा भेटिन्छ। तर, स्कूलको खाताबाट रकम झिक्ने ती व्यक्ति को हुन् र कहाँ बस्छन् भन्ने अज्ञात नै छ, किनभने उनीहरूलाई सिरसिया-२ का बासिन्दाले चिनेका छैनन्। दलित उत्थान प्रावि को व्यवस्थापान समितिको अध्यक्ष अशोक चौधरी रहेको जिशिकाको अभिलेखले देखाउँछ। चौधरी नेराप्रावि सिमानटोलका प्रधानाध्यापक पनि हुन्। चौधरीले २२ असोज २०६७ मा शिक्षक प्रतिनिधिसँग दशैंले गर्दा स्कूल (दलित उत्थान प्रावि) बन्द रहेको र अरू वेला आफ्नै घरको दुई वटा कोठामा सो स्कूल सञ्चालन हुने गरेको बताए। तर, चौधरीसँग दलित उत्थान प्रावि सञ्चालनमा रहेको अरू कुनै प्रमाण (विद्यार्थी, अभिभावक, फर्निचर, शिक्षक आदि) केही पनि थिएन।

दुई वर्षअघि सिरसियासँगै जोडिएको अलौ गाविस-५ मा सञ्चालन अनुमति पाएको मदरसा सल्फिया दारुल हदिस (स्कूल) को नाममा वीरगञ्जको एभरेष्ट ब्याङ्कमा खोलिएको खाता नम्बर ०१५००५०१०००१८४ मा असार २०६५



तस्बिरहरूः भूषण यादव

अलौ–५, पर्साको एक घुम्ती पसलमा झुण्ड्याइएको मदरसा सल्फिया दारुल हदिस (स्कूल) को बोर्ड (तल)। र सो स्कूलका नाममा बजेट निकासा गर्ने निमित्त जिशिअ मोहम्मद कालिन गद्दी (बायाँ) शिक्षा विभागको छानबिन टोलीसँग।



देखि असोज २०६७ सम्म रु.२,८५,००० निकासा भएको देखिन्छ। १७ असोज २०६७ मा स्कूल रहेको भनिएको ठाउँमा पुग्दा एउटा सानो खुद्रा पसलमा विद्यालयको साइनबोर्ड झुण्डिएको पाइयो। त्यहाँ विद्यालय भवन, शिक्षक/छात्रछात्रा, स्कूल प्रशासन चलाउने कागजात आदि केही पनि थिएनन्। आफ्नो टोलमा त्यस्तो नाम गरेको स्कूल छ भन्दा स्थानीय अभिभावकहरू आश्चर्यमा परेका थिए। जिशिकाले दिएको अनुमतिपत्रमा सो मदरसा (स्कूल)को व्यवस्थापन समितिको अध्यक्षमा अफजल हुसैन अन्सारीको नाम छ। उनी वीरगञ्ज- १३ स्थित पन्नालाल माविका प्रअ हुन्। शिक्षक प्रतिनिधिसँगको कुराकानीको सुरुआतमा उनले उक्त मदरसा (स्कूल) चलिरहेको दाबी गरे। तर स्कूलको अस्तित्व देखिने कुनै प्रमाण देखाइदिन आग्रह गर्दा 'दशैं आएको छ, बसेर कुरा गरौं, सबै मिल्छ' भनेर उम्किए। सिरसिया गाविसका पूर्व गाविस अध्यक्ष प्रेम कुर्मीले दलित उत्थान प्रावि र मदरसा सल्फिया दारुल हादिस नाम गरेका स्कूलहरू नरहेको बताए। कुर्मीले भने, "यी स्कूलको भौतिक अस्तित्व छैन।" स्थानीय अभिभावक प्रदीप कुर्मी पनि आफूले दलित प्रावि र मदरसा स्कूलको मुहार नदेखेको बताउँछन्। उनी भन्छन्, "त्यो नाम गरेको मदरसामा पढ्ने विद्यार्थी र त्यहाँ पढाउने शिक्षक मैले आजसम्म देखेको छैन।"

२०६५ मै पर्साको नगरदाहा गाविस- ८ पदमौलटोलमा सञ्चालन गर्ने अनुमति पाएको रामजानकी प्रस्तावित प्रावि को

# शिक्षक खोज



**अख्तियारमा उजुरी परेपछि कारबाही हुने डरले रामगढवा-८ मा रातारात ठड्याइएको शिव प्राविको बाँसको टहरो र उक्त प्राविको व्यवस्थापन समितिका अध्यक्ष, स्रोतव्यक्ति र जिशिका पर्साका निमित्त कार्यक्रम अधिकृत नेपालेन्दु साह।**

नाममा नेपाल ब्याङ्कको वीरगञ्ज शाखामा खोलिएको खातामा जिशिका पर्साले १९ असार २०६६ देखि २० असोज २०६७ सम्म रु.३,१९,५३२ निकासा गरेको छ। सरकारी अनुदान पाएको उक्त विद्यालय खोज्दै नगरदाहा पुग्दा विद्यालयको अस्तित्व कतै भेटिएन। नगरदाहाका बासिन्दा उक्त स्कूलको नाम सुन्दै/नसुनेको बताउँछन्। उक्त विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा स्थानीय प्रभु यादव छन् भने उनले आफ्ना साढुभाइका छोरा अशोक यादवलाई शिक्षक नियुक्ति गरेका छन्। अशोकले विद्यालयको खाताबाट तलब बापत रु.४८,००० हजार पाएको स्वीकार गर्छन्। तर उनले आजसम्म त्यो स्कूलमा पढाउन पाएका छैनन्, किनभने न त स्कूल स्थापना गरिएको छ, न विद्यार्थी भर्ना गरिएका छन्।

स्थानीय केदार साहले बैरियाबिर्ता गाविस- ४ मा भगवती प्रावि खोल्ने अनुमति लिएको एक वर्ष नाघेको छ। उक्त विद्यालयका अध्यक्ष साह नै हुन्। विद्यालय खोलिएको भनिएको स्थानको अवलोकन गर्दा विद्यालयको भौतिक/शैक्षिक अस्तित्व दर्शाउने कुनै चिज फेला पर्दैन। साहलाई १५ असोज २०६७ मा भेटेर उनी अध्यक्ष रहेको विद्यालय भवन, छात्रछात्रा र शिक्षक देखाउन आग्रह गर्दा 'व्यस्तता' दर्शाएर आनाकानी गरे। तर सोही ठाउँका बासिन्दा



तथा ठाकुरराम क्याम्पसका स्ववियु सचिव राकेश यादव भन्छन्, "हाम्रो गाउँमा चाहिँ त्यो स्कूल छैन, साहजीको झोलामा होला।" जिशिका पर्साले साहको स्कूलको नाममा कृषि विकास ब्याङ्क वीरगञ्जको खातामा असोज २०६७ सम्म रु.१,०५,२३८ निकासा गरेको देखिन्छ।

जिशिका पर्साको रेकर्ड हेर्दा वीरगञ्ज उपमनपा-३ को छपकैयामा २०६६ देखि जैनव गर्ल्स स्कूल नियमित रूपमा सञ्चालन भएको मान्न कर लाग्छ। उक्त स्कूल सञ्चालनका निम्ति जिशिकाले एक वर्षदेखि अनुदान निकासा दिइरहेको छ। तर, स्थानीय बासिन्दा तथा नेपाली काङ्ग्रेसका नगर अध्यक्ष मो. शहाबुदिन उक्त विद्यालय अस्तित्वमा नरहेको बताउँछन्। उनका अनुसार स्कूलको साइनबोर्ड राखेर एमईएस बोर्डिङ स्कूल चलाइएको छ। जिशिका पर्साको अभिलेख अनुसार एमईएस बोर्डिङ स्कूल का प्रिन्सिपल यमामुदिन उल हुसैन नै जैनव गर्ल्स स्कूल का अध्यक्ष हुन्। हुसैनले २० असोज २०६७ मा भवन तथा भौतिक पूर्वाधार नभएकाले आफ्नै बोर्डिङ स्कूलमा जैनव गर्ल्स स्कूल सञ्चालन गर्नुपरेको बताए। तर, उनीसँग सरकारी स्कूलको अस्तित्व दर्शाउने छात्रा, शिक्षक तथा स्कूल प्रशासनसँग सम्बन्धी कुनै कागजात थिएन। जिशिकाले जैनव गर्ल्स स्कूल को नाममा कृषि विकास ब्याङ्क, वीरगञ्जको ३७०८२३ नम्बरको चल्ती खातामा यही असोजमा एकपटक रु.१७,२०० र अर्को पटक रु.४३,२०० निकासा गरेको छ।

पर्साको सगौलीविर्ता गाविस-८ मा सञ्चालन गर्ने अनुमति पाएको इस्लामिया मदरसा मिफताहुल उलुम विद्यालय पनि कतै भेटिँदैन। विद्यालय रहेको भनिएको स्थानको स्थलगत अवलोकन गर्दा गोठ जस्तो लाग्ने फुसको झुप्रो भेटिन्छ। त्यो रित्तो र थोत्रो झुपडीको खाली भुँईले कुनै वेला स्कूल चलेको





**वीरगञ्ज-१३, छपकैयामा सञ्चालनमा रहेको भनिएको जैनव गर्ल्स स्कूलको ठाउँमा चलाइएको बोर्डिङ स्कूल।**

थियो भन्ने अलिकति पनि सङ्केत दिँदैन। तैपनि उक्त स्कूलको नाममा जिशिका पर्साले राहत शिक्षकको तलब बापत रु.६२,१५४ निकासा गरेको एउटा अभिलेख भेटिएको छ। भौतिक अस्तित्व नदेखिने उक्त स्कूलका कुन राहत शिक्षकलाई तलब दिन उल्लिखित अनुदान निकासा गरियो भन्ने प्रश्नको जवाफ पर्साका जिशिअ केदार तिवारीले पनि दिन चाहेनन्।

दुई वर्षअघि जिशिकाबाट सञ्चालन अनुमति पाएका पर्साकै बनकटवाको दलित प्रावि, पोखरिया; नेराप्रावि भौराटार-३, नेरा प्रावि मधवल-३ को अस्तित्वका बारेमा पनि स्थानीय अभिभावकहरू अनभिज्ञ छन्। ती स्कूल खोलिएको भनिएको स्थानको स्थलगत निरीक्षण गर्दा स्कूलको अस्तित्व झल्किने केही पनि भेटिँदैन। ती स्कूल कसले खोले र कहाँ छन्? त्यहाँ कति छात्रछात्रा र शिक्षक पढ्ने/पढाउने काममा संलग्न छन् भन्ने कतैबाट खुल्दैन। तर, ती स्कूलका नाममा कृषि विकास ब्याङ्क, नेपाल ब्याङ्क, नेपाल राष्ट्रिय वाणिज्य ब्याङ्क, र एभरेष्ट ब्याङ्कहरूमा खोलिएका चल्ती खातामा जिशिकाले विभिन्न शीर्षकमा नियमित रूपमा सरकारी अनुदान निकासा गरिरहेको छ।

भौतिक अस्तित्व नदेखिने बीरञ्चीबर्वा-७ को नेरा प्रावि को नाममा राष्ट्रिय वाणिज्य ब्याङ्क वीरगञ्जमा खोलिएको २१५२३ नम्बरको खातामा दुई वर्षयता जिशिका पर्साले रु.२,८०,००० निकासा गरेको छ। त्यस्तै सोही स्थानमा खोलिएको भनिएको हंसबाहिनी प्राविको नाममा राष्ट्रिय वाणिज्य ब्याङ्कको खाता नम्बर १२५०००३६०१०१ मा


मानव कल्याण सामुदायिक केन्द्र
रामगढवा-७, कृष्णनगर (पर्सा)

विषय: फर्जी विद्यालय संचालन भई रहेकोले कार्यवाही गरी पाऊँ बारे।

श्रीमान् आयुक्त ज्यू,
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं।


महोदय,

रु.९५,००० निकासा गरिएको छ। एउटै गाविसमा सञ्चालन गर्ने अनुमति पाएका यी दुई वटा स्कूलको भौतिक अस्तित्व मात्र होइन, स्कूल खोल्न अनुमति लिने व्यक्तिको समेत पहिचान खुल्न सकेको छैन।

## अख्तियारमा उजुरी

पर्सा जिशिकाका कर्मचारी, सरकारी स्कूलका केही प्रअ/शिक्षक तथा स्थानीय टाठाबाठाको मिलेमतोमा स्कूल सञ्चालन गर्ने नाममा सरकारी ढुकुटीबाट लाखौं लाख लुटिइरहेको पोल खोल्न माथिका केही दृष्टान्त पर्याप्त छन्। पर्सामा दुई वर्षयता फर्जी स्कूल खोल्ने र सरकारी रकम खाने धन्दा झाङ्गिँदै गएपछि स्थानीयस्तरबाटै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ *(हे. उजुरी पत्र)*। २०६५ वैशाखमा पर्साको रामगढवा-८ मा सञ्चालन गर्ने अनुमति लिइएको शिव प्रावि सञ्चालन नै नभएको भन्दै स्थानीय मानव कल्याण सामुदायिक केन्द्रले २५ जेठ २०६७ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएको छ। आफ्नो टोलमै शिव प्रावि सञ्चालनमा भएको कुरा आएपछि आफूहरूले छानबिन गर्दा केही नपाएकाले उजुरी हालेको रामगढवा-८ का बासिन्दा श्याम पटेल बताउँछन्। उनी भन्छन्, "हामीले तीन/चार दिन लगाएर स्कूल खोज्यौं, केही

# शिक्षक खोज





**फर्जी विद्यालयसम्बन्धी विवरण शिक्षा विभागलाई दिन नमिल्ने भन्दै निमित्त जिशिअ गद्दीले लेखेको पत्र (बायाँ) र फर्जी विद्यालयको नाममा नेपाल ब्याङ्क, वीरगंजमा रहेको खाताको कारोबार विवरण।**

नभेटेपछि उजुरी हाल्यौं।"

अख्तियारमा परेको उजुरीमा शिव प्रावि को नाममा राहत तथा पिसिएफ शिक्षकको तलब, विद्यालयको भौतिक पूर्वाधार तथा शैक्षिक सामग्रीका लागि जिशिकाबाट बजेट निकासा गरी भ्रष्टाचार गरेको भन्दै नक्कली वा नामधारी विद्यालयका व्यवस्थापन समिति अध्यक्ष तथा जिशिका पर्साका स्रोतव्यक्ति नेपालेन्दु साहलाई कारबाहीको माग गरिएको छ। तर यसरी भ्रष्टाचार अभियोगमा कारबाहीको माग गरिएका साहलाई जिशिका पर्साले ६ महिनादेखि निमित्त कार्यक्रम अधिकृतको विशेष जिम्मेवारी दिएको छ। नेकपा (एमाले) का वैकल्पिक केन्द्रीय सदस्य रामचन्द्र साहका छोरा नेपालेन्दु एमालेको पर्सा जिल्ला कमिटी सदस्य समेत छन्।

अख्तियारमा परेको उजुरीका आधारमा शिक्षा विभागले शिव प्रावि को स्थलगत छानबिन गर्दा स्कूल भन्न लायक केही फेला नपरेको जनाएको छ। शिक्षा विभाग विद्यालय व्यवस्थापन शाखाका अधिकृत चिरञ्जीवी पौडेल र मध्यमाञ्चल क्षेशिनिका अधिकृत देवीराम पौडेलले १२ असोज २०६७ मा शिव प्रावि भएको भनिएको स्थानको स्थलगत अवलोकन गरेका थिए। चिरञ्जीवी पौडेलले शिक्षक सँग भने, "विद्यालय भवन भनी देखाएको घर दुई हप्ता पहिले बनाइएको रहेछ, साइनबोर्ड छ। तर शिक्षक/विद्यार्थी हाजिरी छैन। उजुरी परेपछि कारबाही हुने डरले रातारात स्कूल ठड्याउन खोजिएको देखियो।"

विद्यालयको फ्लास रिपोर्ट, परीक्षा विवरण र लेटरप्याड आदि केही नभएकाले उक्त विद्यालय फर्जी भएको निचोडमा आफू पुगेको अधिकृत पौडेल बताउँछन्। उक्त स्कूलमा १ भदौ २०६७ को मितिमा नियुक्ति गरिएका भनिएका प्रअ अवध साहसहित बाल शिक्षा र राहतकोटामा तीन शिक्षक कार्यरत छन्। उनीहरूले अहिलेसम्म आफूले तलब नपाएको गुनासो गरेका छन्। विद्यार्थी भर्ना गर्न चाहिँ भ्याएको देखिँदैन।

२०६५ असारमा जिल्ला शिक्षा कार्यालय पर्सामा १४० जना छात्रछात्रा देखाएर साहले राहत, पीसीएफ र बालशिक्षा गरी चार जना शिक्षकको तलब विगत दुई वर्षदेखि निकासा गराएका छन्। विद्यालय सुधार कार्यक्रम, भवन निर्माण, छात्रवृत्ति, मसलन्द लगायत शीर्षकमा साहले उक्त विद्यालयको नाममा अनुदान हत्याएको जिशिका पर्साका एक अधिकृत बताउँछन्। साहले छानबिन टोलीसँग शिव प्राविका नाममा अहिलेसम्म एकरुपैयाँ पनि अनुदान नगएको दाबी गरेका थिए। तर उक्त स्कूलको नाममा नेपाल ब्याङ्कको आदर्शनगर शाखामा खोलिएको ११७/११/८७२१ नम्बरको चल्ती खातामा १० असोजमा ८ हजार निकासा भएको स्पष्टै देखिन्छ। शिव प्राविका नाममा दुई वर्षयता, जिशिकाबाट विभिन्न शीर्षकमा रकम निकासा भएको लेखापाल जयनारायण मल्लिक पनि बताउँछन्। स्रोतव्यक्ति मीरा प्रधानले पनि शिव प्राविको नाउँमा नियमित रूपमा निकासा भएको स्वीकार गरेकी छन्। तर निकासा भएको रकमको विवरण फेला पार्न सकिएको छैन।

उक्त स्कूलसम्बन्धी विवरण माग्दा पर्साका निमित्त जिशिअ मोहम्मद कालिन गद्दीले छानबिन टोलीलाई लिखित रूपमै 'विभिन्न कारणले शिव प्राविसम्बन्धी विवरण उपलब्ध गराउन नसक्ने' जवाफ दिएका छन्। फर्जी विद्यालयका नाममा जिशिका पर्साबाट विगत दुई वर्षमा निकासा भएका अनुदानसम्बन्धी सबै पत्रमा निमित्त जिशिअ गद्दी र लेखापाल जयनारायण मल्लिकको हस्ताक्षर भेटिन्छ। छानबिन टोली वीरगञ्ज पुगेपछि पर्साका जिशिअ केदार तिवारी र लेखापाल मल्लिक 'मन्त्रालयमा काम छ' भन्दै कार्यालयबाट बेपत्ता भएका थिए। तर, तिवारी र मल्लिक मन्त्रालयको कामका लागि नभई छानबिन टोलीलाई छल्न काठमाडौंतिर हानिएको अनुमान अरू कर्मचारीले गरेका छन्। त्यतिवेला उनीहरू मन्त्रालय आउनुपर्ने कुनै कारण पनि भेटिएको छैन। विभागको छानबिन टोली रित्तोहात राजधानी फर्किएको छ।

यसरी नक्कली स्कूल खडा गरी सरकारी रकम खाने र खुवाउने खेल ७ वैशाख २०६५ मा पर्साको जिशिअ भएर आएका सदानन्द झाले शुरु गरेको देखिन्छ। झा ११ मङ्सिर २०६५ मै पर्साबाट अन्यत्र सरुवा गरिएका थिए। तर त्यसपछि पनि यो धन्दा चलिरहेको पाइन्छ र यसमा जिशिअ बाहेक हालका निमित्त जिशिअ गद्दी र लेखापाल मल्लिक विशेष रूपमा संलग्न रहेको देखिन्छ। अधिकांश फर्जी स्कूलको सञ्चालन अनुमतिपत्र र बजेट निकासामा यिनीहरूकै हस्ताक्षर पाइन्छ। अस्तित्वमै नरहेका विद्यालयलाई सञ्चालन अनुमति र तिनका नाममा अनुदान निकासा गराउन सिफारिस गर्नेहरूमा स्रोतव्यक्ति नेपालेन्दु साह र मीरा प्रधान तथा विद्यालय निरीक्षकहरू हरि राउत र सत्यदेव चौधरी भेटिएका छन्।

*शिक्षक* मासिकले खोजी गरेका पर्साका माथि उल्लिखित १२ वटा फर्जी विद्यालयमा जिशिकाले दुई वर्षयता निकासा गरेको कुल बजेट र उक्त रकम खाने व्यक्तिहरूको पूर्ण विवरण अझै फेला परिसकेको छैन। हुँदै नभएका यस्ता फर्जी स्कूल र यस्तो धन्दा गर्नेहरूलाई संरक्षण दिनेहरूको खोजी जारी रहने छ।

# नेपाल टेलिभिजनको साँढे दुई दशक
# नेपालमा टेलिभिजन प्रसारणको पच्चीस वर्ष

25

Silver Jubilee Year 2010

विश्वसनीय समाचार

भाषिक-सांस्कृतिक विविधताको सजीव तस्बिर

स्वस्थ मनोरञ्जन

स्वतन्त्र आमसञ्चार: बहुलवादको प्रतिबिम्ब

समग्र नेपालको आवाज

नेपाली टेलिभिजन च्यानहरुबीचको प्रतिस्पर्धामा अग्रणी, अगुवा र अथक

## चिन्तन

डा. विद्यानाथ कोइराला



# अचम्मका हामी ! घोत्लिने कि ?

### गीतका विपरित हामी

गाउँघरमा धेरै गीत गुञ्जिए । अझै गुञ्जिँदैछन् । त्यहाँ गीतमा पीडा बोल्छ । आशा बोल्छ । रहर बोल्छ । तर्किव बोल्छ । तर हामी चाहिँ गीतमा रमाउँदा रहेछौं । पीडा पचाउँदा रहेछौं । यस अर्थमा मधेशी, पहाडी र हिमाली एकै रहेछौं । चमाइनले लोहोरी गाउँदा रमायौं । विलौना गाउँदा 'भाग चमाइन' भन्यौं । तीजमा बाबुआमाले अनिच्छामै बिहे गरिदिएका गीत सुन्यौं । स्वेच्छिक बिहे गर्दा, गराउँदा, जात, भात र नाक बोकिरह्यौं । जात मिल्दैन रे ! भातभान्सा चल्दैन रे ! इज्जत (नाक) गयो रे ! कोख बाँझियो रे ! 'सो रिंगु थोला खावा' ... हिमाली गीत गुन्गुनायौं । गीतकी केटीको पीडा सोधेनौं । किन हामीमा गीत सुन्दा मजा आयो ? मार्मिक गीत । किन हामीलाई गीतको अर्थ आयो; तर अर्थलाई रुपान्तरण गर्ने बुद्धि आएन ? अङ्ग्रेजी शब्दावलीमा 'प्राक्सिस' । सिद्धान्तलाई व्यवहारमा लाने । व्यवहारलाई सिद्धान्तमा बुझ्ने । के यो नेपालीको चारित्रिक वैशिष्ट्य हो ? लय (मेलोडी) मा रमाउने । गेडो (थिम) मा बेवास्ते बन्ने। के यो मानवशास्त्रीले नचिनाएको कुरा हो ? के अन्तरविरोधमा बाँच्ने संस्कारको पहिचान हो यो ? के अन्तरविरोध चिनाउन नजान्ने शिक्षाकर्मीको अपराध हो यो ? के यस्ता अन्तरविरोधबाट सामाजिक रुपान्तरण गर्न नजान्ने विकासे र राजनीतिज्ञको दुर्बुद्धि हो यो ? के यी र यस्ता प्रश्नको उत्तर खोज्ने अभियानकर्मीलाई मसला हो यो ? के यो देवी पुज्ने र स्वास्नी कुट्ने दुर्मतिको निरन्तरता हो ? एकछिन घोत्लिने कि ?

### सिकोका विपरित हामी

हामीलाई धेरैले धेरै कुरा सिकाए । रेडियो र टिभीमा नेताले सिकाए । सेमिनार र कार्यशालामा प्राज्ञले सिकाए । शिक्षालयहरूमा शिक्षकले सिकाए । घरमा आमाबाबुले सिकाए । सबैको सिकोले भन्यो- हामीले राम्रो सिकायौं । जनसेवी सिकोले धनसेवी बन्यौं । जनमुखी सिकोले जबर्जस्ती गर्न जान्यौं । समाजवादी सिकोले परिवारसँग एक्लिन जान्यौं । विविध बुद्धि दिने प्राज्ञको सिकोले एकलबुद्धिमा हिँड्न जान्यौं । स्वावलम्बी र स्वाभिमान सिकाउने स्कूले बुद्धिले परजीवी बन्न जान्यौं । नैतिकता पढाउने बाबुआमा र धर्मविद्को सिकोले कृतघ्न बन्न जान्यौं । जन्माउनु प्रकृतिप्रदत्त कुरा हो । सामाजिकता लादिएको हो । यस अर्थमा हामी उल्टो क्रमका व्यक्ति हौं त ? रुसोको शब्दावलीमा निषेधात्मक शिक्षा खोज्नेहरू ? जे सिकायो उल्टो गर्नेहरू ? दुईवर्षे बालबालिकाको प्रवृत्ति बोक्नेहरू ? के हामी निषेधी शिक्षाका वाहक हौं त ? के भन्छ समाजशास्त्रले ? के भन्छ मानवशास्त्रले ? हामीसँगै अर्को अचम्मको पाटो छ । सिकाउन नछोड्नेहरूको पाटो । सिकाउने तरिका नबदल्नेहरूको पाटो । सिकाउने र गर्नेबीच खाडल बोक्नेहरूको पाटो । बोकाउनेहरूको पाटो । "बाले भनेको बा हुनुहुन्न रे" भन्ने भनाउने संस्कार समाउनेहरूको पाटो । त्यसो भए समस्या संस्कृतिको हो त ? रुपान्तरणको गीत गाउने तर विपरित संस्कार बोक्ने हाम्रो जात, जातीय र धार्मिक गुण हो त ? दोष कहाँ छ त ? सिकाउनेमा ? सिक्नेमा ? संस्कारमा ? जात, जातीय र धार्मिक विशिष्टतामा ? शैक्षणिक कला (पेडागोजी) मा ? अन्त कतै ? कहीं कतै घोरिने हो त ?

### जहाँ लियो त्यहीं छोड्ने हामी

तीन मूर्ख (थ्री इडियट्स) हेर्यौं । भन्यौं– शिक्षकले हेर्नैपर्ने फिल्म रहेछ । कतिजना शिक्षकले तदनुसार गर्यौं त ? शिक्षक तालिममा पनि त्यही हाल भएछ । सन् सत्तरीको दशकमा अनुसन्धान गर्यौं । भन्यौं- तालिमप्राप्त र अप्राप्त शिक्षकमा फरक रहेनछ । तदन्तर पनि अनुसन्धान गरिरह्यौं । दशकैपिच्छे । नतिजामा केही भिन्नता निकाल्यौं । शिक्षकको आत्मविश्वास बढ्यो रे ! सीप जाने रे ! सन् २०१० मा अध्ययन गर्दा पनि त्यही पायौं । तर रमाइलो के रह्यो भने हामीले सिकेको तालिम कक्षाकोठामा लगेनौं । तीसौं वर्षको अध्ययनले एउटै कुरा भन्यो । के हाम्रो तालिम र तालिमको खाजा उस्तै भएको हो त ? खायो मजा आयो । भोलिपल्ट ढलवाला चर्पीमा बिसायो । त्यसको पुन: उपयोग नहुने । हाम्रो नियतिले त्यसै भन्छ । नियतले पनि त्यही भन्छ । के यो हाम्रो संस्कृति नै हो त ? हाजमोलाको प्रचार जस्तो । खायो । पचायो । कि हामीमा मेटावोलिजम् बढी भएको हो ? तालिम पचाउने 'मेटावोलिजम्' । उग्राउन नदिने हार्मोन । समालोचनात्मक मानवशास्त्री (क्रिटिकल इथ्नोग्राफर) को शब्दावलीमा प्रत्याभूति गर्न नलगाउने संस्कार । तालिम उग्राउन दिएको हो । हामीले पचायौं । तालिम चपाउन दिएको हो । हामीले निल्यौं । के हामी नेपालीको निल्ने र पचाउने संस्कार नै हो त ? स्वभाव नै हो त ? पुरुष शिक्षकले त्यही गर्यौं । महिलाले त्यही गर्यौं । जाति, जनजाति र धर्मका नेपालीले पनि त्यही रीत बोक्यौं । के यो निल्ने र पचाउने राष्ट्रिय 'रोग' नै हो त ? शिक्षकको रोग ? कर्मचारीको रोग ? घरघरका नवसन्ततिको रोग ? विकासे शब्दावलीमा राजनीतिक रोग ? तालिम पाइनँ भन्ने रोग ? पाएको तालिम कक्षाकोठामा नलैजाँदा पनि लज्जित नहुने रोग ? तिम्रो तालिम यहाँ काम

**तालिम उग्राउन दिएको हो। हामीले पचायौं। तालिम चपाउन दिएको हो। हामीले निल्यौं। के हामी नेपालीको निल्ने र पचाउने संस्कार नै हो त ? के यो निल्ने र पचाउने राष्ट्रिय रोग नै हो त ? शिक्षकको रोग ? कर्मचारीको रोग ? कि राजनीतिको रोग ?**



लाग्छ/लाग्दैन भन्न नसक्ने रोग ? के हामी राजनीतिक रोगी हौं त ? एकछिन सोच्ने कि ?

## उत्पादनको कुरा गर्ने प्रत्युत्पादक हामी

हामी कुराविद् हौं। कुरा गर्न जान्नेहरू। कुरा सुन्न जान्नेहरू। स्तर फेरिनासाथ कुरा फेर्नेहरू। व्यासासनमा बस्दा जीवमा ब्रह्म देख्नेहरू। आसन छोड्दा छाउपडी गोठमा छोरी-बहिनी राख्नेहरू। दलितलाई छुनुहुन्न भन्नेहरू। प्रवचन गर्दा सबै प्राणी अल्लाहका सन्तान मान्नेहरू। जीवन धान्दा काफिर भनी विधर्मीउपर जेहाद छेड्नेहरू। उपदेश दिँदा प्रभु दया र माया हुन् भन्नेहरू। व्यक्तिगत जीवनमा बालयौनी बन्दै माफी माग्दै गर्नेहरू। सत् वाचन गर्दा मायाले चक्र घुमाउँछ भन्नेहरू। जिन्दगी जिउँदा मायाकै चक्रमा भिक्षुणी फसाउनेहरू। राजनीतिक भाषण गर्दा रुपान्तरणको डिङ्ग हाँक्नेहरू। सामाजिक जीवनमा परम्पराकै निरन्तरता दिनेहरू। हामी शिक्षकले पनि त्यही काम गऱ्यौं कि त? विद्यार्थीलाई समावेशी बन्न सिकायौं। आफू जात र जातिवादी बन्यौं। उनलाई सबैको विचार सुन्न सिकायौं। आफू दलीय आडमा भिड्न तम्सियौं। विद्यार्थीलाई पूँजीवादीको मानवता (ह्युमानिटी) सिकायौं। व्यक्तिगत स्वतन्त्रता। साम्यवादीको समूहता (सिभिलिटी) सिकायौं। मानवताको अभ्यास गर्दा असहिष्णुता दर्शायौं। समूहताको थालनी गर्दा दलितता बोकायौं। यस अर्थमा उत्पादन रटना बन्यो। प्रत्युत्पादन सिको बन्यो। नचोर भन्ने शिक्षकले चिट चोरेजस्तो। रुपान्तरणको कुरा गर्नेले जात, जातीय र भाषिक राज्यको वकालत गरेजस्तो। कविला पनि वकालत। रुपान्तरणमा भूमण्डलीकरणको कुरा गर्ने। जीवन्तमा थातथलोमै खुम्च्याइदिने। हामी सबैमा यही सम्पदा रह्यो। के यो उत्पादन र प्रत्युत्पादनमा ध्यान विचार नभएको हो त ? कि प्रेसरकुकर बनेको ? जे हाले पनि झोल बन्ने। के हो यो ? एकछिन माथापच्चिसी *(ब्रेन्सटोर्मिङ)* गर्ने कि ?

## जिम्मेवारीको कुरा गर्ने गैरजिम्मेवार हामी

सबैले सबैलाई जिम्मेवारी सिकायौं। गैसस भएर जनतालाई। शिक्षक भएर विद्यार्थीलाई। नेता भएर जनतालाई। उपदेशक भएर शिष्य (disciple) लाई। अभिभावक भएर छोराछोरीलाई। नागरिक समाज भएर नीतिज्ञलाई। प्राज्ञिक भएर गैरप्राज्ञिकलाई। यसरी होचाहरूले जिम्मेवारी सिके। नाताका होचाले। जातजातिका होचाले। धार्मिक होचाले। पदीय होचाले। उमेरका होचाले। तर आफैं कति जिम्मेवार छौं ? नेताको जिम्मेवारी भाषण हो त ? शिक्षकको जिम्मेवारी उपदेश हो त? त्यसो भए हाम्रो जिम्मेवारीले आफूलाई नछोएको हो त ? 'हामी'मा 'आफू' नपर्नेहरूको जिम्मेवारी ? के यो 'म' र 'हामी'बीचको दूरी चिनेको स्थिति हो त ? यो दूरी नबुझेकै अवस्था हो त ? 'म' र 'हामी' मिलाउन नसक्ने दीक्षाले हो त ? शिक्षाले हो त ? स्वासले अहं भन्छ भन्ने पाताञ्जलीय चिन्तनले हो त ? 'अहं ब्रह्मास्मि' भन्ने हिन्दू आदर्शले हो त ? अहंहरूको व्यवस्थापन गर्ने सीप नभएर हो त ? बुद्धको 'संघम् शरणम् गच्छामि' भन्ने मन्त्र नजानेर हो त ? ठडिएकै अहम्ले हो त ? पहिचान खोज्ने र खोजाउने राजनीतिक एवं विकासे चिन्तनले हो त ? के यो आनुवंशिक हो ? आर्जित हो ? संस्कारित हो ? अन्य कुनै हो ? अर्को शब्दमा भन्दा के के दोष हो यो ? माटोको ? संस्कारको ? नेताको ? शिक्षकको ? शिक्षाको ? मानवीय स्वभावको ? सामाजिक बनोटको ? हुर्काइ परिवेशको ? दीक्षक र दीक्षित परम्पराको ? कतै घोत्लिने कि ?

## मेरो ठम्याइ

हामी लिङ्गे पीडवादी रहेछौं। एकोहोरा। पढाउँदा गर्ने कुरा नसम्झनेहरू। गर्दा पढेका र पढाइका कुरा नसम्झनेहरू। यस अर्थमा नदीका किनारहरू। कि वल्लोमा हुने। कि पल्लोमा हुने। वल्लो र पल्लोबाट बीच नदेख्नेहरू। नखोज्नेहरू। मैले भनेको कुरा गरे के हुन्छ त भनी नसोच्नेहरू। भन्ने भन्नेहरू बन्ने। गर्ने गर्नेहरू बन्ने। गर्नेले नभन्नेहरू। भन्नेले नगर्नेहरू। अर्थात् हामी तहगत दासता स्वीकार्नेहरू। (slave of hierarchy) हौं। भन्नेको भन्ने तह। गर्नेको गर्ने तह। त्यही तहमा आफू रमाउनेहरू। अरूलाई पनि आफैं जस्तो बनाउनेहरू। प्रत्युत्पादक (reproducer)। विनिर्मित (deconstruct) हुन नचाहनेहरू। 'म' बन्दा 'म' मात्रै हुनेहरू। 'हामी' बन्दा 'हामी' मात्रै हुनेहरू। 'म'मा 'हामी' नखोज्नेहरू। 'हामी'मा 'म' नदेख्नेहरू। के यी दुई शब्दमा घोरिने त ? घोरियौं भने गीत सुन्दा अर्थ खोज्छौं। अर्थ खोज्दा व्यवहार बदल्छौं। सिकाउँदा व्यवहारसँग प्रत्याभूत गर्छौं। मैले सिकाएको र मैले गरेको कुरामा के फरक छ भन्ने प्रत्याभूत। लिँदै छोड्दै गर्ने बानी फेर्छौं। चाहिने लिन्छौं। लिएको लागू गर्छौं। निखिएर भन्दा जे बोल्छौं त्यही गर्छौं। जे गर्छौं त्यही बोल्छौं। के हामी शिक्षकले यसै गर्ने हो त ? हाम्रा विद्यार्थीलाई त्यही गराउने हो त ? हाम्रो अचम्मको बानी फेर्न घोत्लिने कि त ?

विचार

केशवप्रसाद भट्टराई



# महान् शिक्षकः महान् राष्ट्र

**असल शिक्षकहरू नै असल नेता, शासक र प्रशासक निर्माता हुन्। महान् शिक्षकहरू नभई एउटा राष्ट्र महान् हुनै सक्दैन। तर विद्यार्थीहरूप्रतिको महान् निष्ठा र प्रेम बेगर कुनै व्यक्ति महान् शिक्षक बन्न सक्दैन।**

पूर्व भारतीय राष्ट्रपति तथा वैज्ञानिक डा. ए.पी.जे. अब्दुल कलाममलाई सोधियो, "संसारको प्रथम वैज्ञानिक को हो ?" कलामको जवाफ थियो, "बालक संसारको पहिलो वैज्ञानिक हो।" उनले थप प्रस्ट पार्दै भने, "प्रश्नद्वारा नै विज्ञानको जन्म हुन्छ। विकास हुन्छ। विज्ञानको आधारभूमि भनेकै प्रश्न हो, जिज्ञासा हो। सबै बाबुआमा र शिक्षकहरूलाई थाहा छ बालबालिका अन्तहीन प्रश्नका स्रोत हुन्। हरेक वैज्ञानिकले कुनै नयाँ आविष्कार गर्दा उसलाई आफ्नै बाल्यकालका अनन्त जिज्ञासा वा आफ्ना भाइबहिनी, छोरा-छोरी वा विद्यार्थीका प्रश्न र जिज्ञासाले सघाएका हुन्छन्।"

कलामले आफ्नो राष्ट्रपतीय कार्यकालमा भारत र अन्य देशका हजारौं बालबालिका र युवायुवतीहरूलाई भेटे। उनीहरूसँग प्रत्यक्ष छलफलमा भाग लिए। तिनका हरेक प्रश्नका उत्तर दिंदै थप प्रश्न सोध्न प्रोत्साहित गरे। शिक्षा, विज्ञान, विकास र बालबालिका सधैं उनको प्राथमिकतामा रहे। भारतको राष्ट्रपति भवन उनको कार्यकालमा शैक्षिक केन्द्र बन्न पुग्यो। त्यहाँ उनले बालबालिकाका लागि एउटा सङ्ग्रहालय नै स्थापना गरे। शिक्षा र मनोरञ्जनका लागि उत्कृष्ट स्थलको रूपमा विकास गरिएको उक्त सङ्ग्रहालय बालबालिका, युवा र प्रौढ सबैका लागि आकर्षणको केन्द्र थियो। कुन ग्रहमा पुग्दा आफ्नो वजन कति हुन्छ भनेर त्यहाँ आफैं अनुभव गर्न पाउँदा बालबालिका दङ्गदास पर्दथे।

अब्दुल कलाम आफैंमा एक महान् शिक्षक पनि हुन्। बालबालिका र युवा विद्यार्थीहरूसँग आफ्नो ज्ञान र अनुभव साट्न अनि उनीहरूबाट सिक्न राष्ट्रपतिका रूपमा पनि कलाम सधैं लालायित रहे। मुलुकका कुनाकुनामा पुगे र राष्ट्रका भावी कर्णधारहरूको मन र मस्तिष्कलाई प्रज्ज्वलित पारिरहे। प्रस्ट छ; संसारमा प्रज्ज्वलित मन र मस्तिष्कभन्दा ठूलो अर्को कुनै शक्ति छैन। त्यो काम गर्न शिक्षकभन्दा उपयुक्त अर्को पात्र हुनै सक्दैन। जो त्यो गर्न सक्छ ऊ नै शिक्षक हो र अन्ततः गुरु हो।

## महान् शिक्षकः महान् र समृद्ध राष्ट्र

हामीलाई थाहा छ– ज्ञानलाई जीवनमा उपयोग गर्ने ज्ञान, सीप र प्रविधि नै विज्ञान हो। अर्थात् जीवनसम्बद्ध ज्ञान नै विज्ञान हो। हरेक कुरालाई सही ढङ्गले बुझ्न वैज्ञानिक दृष्टिकोण आवश्यक हुन्छ। विज्ञानलाई सही ढङ्गले बुझ्न र प्रयोग गर्न सकियो भने मात्र राष्ट्रले तीव्र विकास र प्रगति हासिल गर्न सक्छ।

हामी दिनहुँजसो राष्ट्र र समाजका कतिपय ठूलाठालूहरूले वैज्ञानिक सोच र दृष्टिकोणबारे बखान गरिरहेको सुन्दछौं। तर, वस्तुतः त्यहाँ विज्ञानसम्मत सोच हुँदैन। हुन्छ त खाली आग्रह र कुण्ठा। जहाँ आग्रह र कुण्ठाले विज्ञानलाई विस्थापन गर्दछ त्यहाँ विकास र प्रगतिका सम्भावनाहरू समाप्त हुँदै जान्छन्।

अब्दुल कलामका अनुसार विज्ञान मानवले ईश्वरबाट प्राप्त गरेको सबैभन्दा ठूलो वरदान हो। तर्क र विवेकमा आधारित विज्ञान- समाज र राष्ट्रको सबैभन्दा ठूलो शक्ति र पूँजी हो। विज्ञानसम्मत सोच र विश्वास नै राष्ट्र र समाजको प्रगति र समृद्धिको आधारभूमि हो। त्यसैले हामी शिक्षकहरूको सबैभन्दा ठूलो चुनौती र दायित्व भनेको नै विद्यार्थीका हरेक प्रश्नको उत्तर दिने, तिनका हरेक जिज्ञासा शान्त पार्ने, उनीहरूलाई जिज्ञासु बनाइरहने, जिज्ञासा राख्न प्रोत्साहन गरिरहने, उत्तर खोजिरहने र उत्तर प्राप्त गर्ने वातावरण बनाइदिने हो। यो क्रिया प्रक्रियामा शिक्षक निर्णायक भूमिकामा रहन्छन्।

असल शिक्षक कुनै पनि राष्ट्रको पहिलो आवश्यकता हो। असल शिक्षकहरू नै असल नेता, शासक र प्रशासक निर्माता हुन्। महान् शिक्षकहरू नभई एउटा राष्ट्र महान् हुनै सक्दैन। तर विद्यार्थीहरूप्रतिको महान् निष्ठा र प्रेम बेगर कुनै व्यक्ति महान् शिक्षक बन्न सक्दैन। निरन्तर भइरहेको प्रविधिको विकास र विस्तारले वस्तु र सेवा मात्र उत्पादन गरिरहेको छैन, ज्ञानको भण्डारलाई सबैका निम्ति सहज, सरल र सुगम पनि बनाएको छ। ज्ञानलाई सबैको पहुँच र अधिकार क्षेत्रभित्र पुऱ्याइदिएको छ। विकास र प्रगति भनेको नै वास्तवमा ज्ञानको विकास र प्रगति हो भन्ने सत्यलाई व्यवहारमा सावित गर्न सक्ने राष्ट्रहरू नै आज विकासको उपल्लो चरणमा छन्।

## साधारण उपकरण र नोबेल पुरस्कार

सर सीभी रमन भारतका एक महान् वैज्ञानिक थिए। उनी भारतको मात्र नभएर एसियामै नोबेल पुरस्कार प्राप्त गर्ने पहिलो वैज्ञानिक थिए। तीन सय रुपैयाँका साधारण उपकरणहरूको सहयोगबाट गरेको अनुसन्धानले उनलाई सन् १९३० मा

**शिक्षक संसारको सबैभन्दा शक्तिशाली मानिस हो । आफ्ना विद्यार्थीमार्फत उसलाई अप्राप्य केही हुँदैन । तर यसको लागि उसले दुईवटा शर्त पूरा गर्नै पर्छ । पहिलो ऊ शिक्षक बन्नुपर्दछ; शिक्षक नै हुनुपर्दछ । दोस्रो, ऊ आफैं निरन्तर जिज्ञासु रहनुपर्दछ । एउटा शिक्षक हुनु भनेको स्वयंमा विद्यार्थी हुनु नै हो ।**

भौतिकशास्त्रको नोबेल पुरस्कार प्राप्त गरायो । विज्ञानको शिक्षा महँगो हुन्छ, आवश्यक उपकरण र सामग्रीहरूका लागि धेरै लगानी आवश्यक हुन्छ भन्ने भनाइलाई गलत सावित गर्दै रमनले साधन होइन सोच बढी महत्त्वपूर्ण हो भन्ने कुरालाई दुनियाँसमक्ष जोडदार रूपमा स्थापित गरे । कार्यभारमा शिक्षण पर्दैनथ्यो तर उनलाई कक्षाकोठामा गएर नपढाई चित्तै बुझ्दैनथ्यो । विभिन्न शिक्षण संस्थाहरूमा गएर पढाउनु र विद्यार्थीहरूसँग प्रश्नोत्तर कार्यक्रममा सरिक रहिरहन उनी औधी रुचाउँथे । लगातार २-३ घण्टा पढाइरहन्थे । विद्यार्थीहरूले गर्ने प्रश्नबाट आफूलाई नयाँ विचार र ऊर्जा प्राप्त हुने उनको मान्यता थियो ।

सीभी रमनलाई सन् १९५४ मा भारतको सर्वोच्च सम्मान ‘भारत रत्न’ प्रदान गर्ने निर्णय भयो । तत्कालीन भारतीय राष्ट्रपति डा. राजेन्द्रप्रसादले सम्मान ग्रहण गर्न दिल्ली आउँदा राष्ट्रपति भवनमा नै राष्ट्रपतिको अतिथिको रूपमा रहन विशेष अनुरोध गरेका थिए ।

तर रमन आफ्नो देशको सर्वोच्च सम्मान ग्रहण गर्न गएनन् । उनको निर्देशनमा अनुसन्धानरत एकजना विद्यार्थीको शोधपत्र थोरै दिनमै विश्वविद्यालयमा प्रस्तुत गर्नुपर्ने अनिवार्यता थियो । शोध निर्देशकको रूपमा उक्त छात्रलाई कुनै पनि समयमा आफ्नो आवश्यकता पर्ने भएकाले सम्मान ग्रहण गर्न दिल्ली आउन नसक्ने जानकारी र क्षमायाचनाको पत्र राष्ट्रपतिसमक्ष पठाएर उनी आफ्नो काममा लागिरहे ।

## अल्वर्ट आइन्स्टाइन र उनका प्राचार्य

संसारका महानतम वैज्ञानिकमध्ये प्रतिष्ठित अल्वर्ट आइन्स्टाइन स्कूलपछिको अध्ययनका लागि स्विट्जरल्याण्डको पोलिटेक्निक इन्स्टिच्युटमा भर्ना हुन गए । त्यो प्रतिष्ठानमा भर्ना हुन स्कूल तहको अन्तिम परीक्षा उत्तीर्ण हुनु आवश्यक थिएन तर त्यहाँ लिइने प्रवेश परीक्षामा भने उत्तीर्ण हुनै पर्दथ्यो । प्रवेश परीक्षा अत्यन्त कठिन हुने गर्दथ्यो । अन्ततः त्यहाँ उनको प्रवेश सम्भव भएन । तर प्रवेश परीक्षामा गणित र भौतिकशास्त्रमा आइन्स्टाइनले अत्यन्त राम्रो अङ्क ल्याएका थिए । यस्तो जेहेन्दार विद्यार्थीलाई निराश पार्नु नहुने, उसको आशा र विश्वासलाई कायम रहन दिनुपर्ने पदीय दायित्वलाई अनुभूत गरेर इन्स्टिच्युटका प्रिन्सिपलले “प्रवेश परीक्षामा सामेल भएपछि उत्तीर्ण हुनै पर्दछ; त्यसकारण यो वर्ष म तिमीलाई केही गर्न सक्दिनँ तर अर्को वर्ष प्रवेश परीक्षाविना नै भर्ना गर्ने व्यवस्था मिलाउँछु” भनेर आइन्स्टाइनलाई आश्वासन दिए । प्रवेश परीक्षामा राख्दा विज्ञान र गणित बाहेकका विषयमा आइन्स्टाइनले फेरि पनि राम्रो गर्न


**Textbooks for BBS**

1. Cost and Management Accounting BBS 1st
2. Business Economics BBS 1st
3. A Course in Economics BBS 1st and BBA
4. Text Book of Business Statistics BBS 1st
5. Accounting for Financial Analysis & Planning BBS 2nd
6. Fundamentals of Marketing BBS 2nd
7. Fundamental P. of Financial Management 2nd
8. Accounting for Business BBS 3rd
9. Banking & Insurance Management BBS 3rd
10. Microeconomics BBA
11. Macroeconomics BBA
12. International Business BBA, BBS and MBS
13. लागत तथा व्यवस्थापन लेखाविधि BBS 1st
14. व्यावसायिक अर्थशास्त्र BBS 1st
15. वित्तीय विश्लेषण तथा योजना लेखाविधि BBS 2nd
16. व्यावसायिक लेखाविधि BBS 3rd
17. वित्तीय व्यवस्थापनका आधारभूत सिद्धान्तहरू BBS 2nd





TALEJU PRAKASHAN
Publisher and Distributor

सक्छन् भन्ने विश्वास प्रिन्सिपललाई थिएन । तर आइन्स्टाइन जस्तालाई अध्ययन गर्ने अवसर प्राप्त हुनुपर्छ भन्ने उनको मान्यता थियो । कुनै विद्यार्थीलाई विद्यार्थीका विशेष क्षमताका क्षेत्रमा अध्ययन गर्ने अवसर प्रदान गर्ने लचिलो प्राज्ञिक विशेषाधिकार ती प्रिन्सिपलमा रहेका कारण आइन्स्टाइनले पछिल्लो वर्ष भर्ना पाए । विद्यार्थीको विशेष क्षमता पहिचान गर्ने र तदनुरुप निर्णय गर्ने प्राज्ञिक अधिकार र विद्यार्थीहरूप्रति निष्ठावान् रहने पेशागत दायित्वबोध गर्ने प्रिन्सिपल नभएका भए विश्वका एक महानतम वैज्ञानिक सम्भवत: जन्मने नै थिएनन् । आखिर; आइन्स्टाइनलाई 'आइन्स्टाइन' बनाउने शिक्षण संस्थाको प्रमुख हुनु भनेको आइन्स्टाइनहरूको 'आइन्स्टाइन' हुने गुरुता त हो नै ।

### महान् शिक्षक: महान् शक्ति र समृद्धि

महान् राष्ट्र र समाजका जनक भनेका वास्तवमा शिक्षक नै हुन् । त्यसको नेतृत्व र प्रतिनिधित्व पनि शिक्षकहरूले नै गर्दछन् । उनीहरूसँग संसारको सबैभन्दा शक्तिशाली सेना हुन्छ किनभने विवेक, विचार र ज्ञानको सबैभन्दा शक्तिशाली हतियार उनीहरूसँगै हुन्छ । यसैले शिक्षक संसारको सबैभन्दा शक्तिशाली मानिस हो । आफ्ना विद्यार्थीमार्फत उसलाई अप्राप्य वस्तु संसारमा केही हुँदैन । तर यसको लागि उसले दुईवटा शर्त भने पूरा गर्नै पर्छ । पहिलो ऊ शिक्षक बन्नुपर्दछ; शिक्षक नै हुनुपर्दछ । निरन्तर असल र महान् शिक्षकहरूको अनुसरण गरिरहनुपर्दछ । त्यो भनेको ऊ विद्यार्थीप्रति पूर्णरुपेण समर्पित हुनुपर्दछ । दोस्रो, ऊ आफैं निरन्तर जिज्ञासु रहनुपर्दछ । एउटा शिक्षक हुनु भनेको स्वयंमा विद्यार्थी हुनु नै हो । निरन्तर सिक्नु, ज्ञान प्राप्त गर्नु, त्यसलाई बाँडचुँड गर्नु, विस्तार गर्नु, विकास र निर्माण गर्नु, परिमार्जन गर्नु र झन् उन्नत र परिस्कृत ज्ञानराशी निर्माण गर्नु एउटा शिक्षकको चरित्रगत धर्म हो । आफ्ना विद्यार्थीको लागि, आफ्नो राष्ट्र र समाजको लागि आवश्यक ज्ञान, विज्ञान र प्रविधिमा उसको अधिकार रहनै पर्दछ । शिक्षकको अधिकारमा नरहेको ज्ञान मृत ज्ञान हो । पेशाप्रतिको लगाव, उत्साह, पेशागत अनुशासन, मर्यादा, कक्षा व्यवस्थापन सीप र क्षमता तथा विद्यार्थीको सिकाइ आवश्यकताको राम्रो जानकारी राख्ने वा राख्न सक्ने शिक्षकहरू नै महान् शिक्षक हुनसक्छन् । र; त्यस्ता शिक्षकहरूमार्फत नै महान् राष्ट्रको जन्म हुनसक्छ ।

माथि पनि भनियो, शिक्षक हुनु भनेको विद्यार्थीको मन र मस्तिष्कलाई प्रज्वलित पार्नु हो । त्यस्तो प्रज्वलित मन र मस्तिष्क नै संसारको सबैभन्दा ठूलो शक्ति हो । त्यही शक्तिको महाभण्डार उपयोग नगरी राष्ट्रहरू माथि उठ्न सक्दैनन्, बाँच्दैनन्; समृद्ध बन्दैनन् । त्यसैले राष्ट्रलाई बचाउन, उठाउन र समृद्ध बनाउन पनि शिक्षक नै अघि सर्नुपर्दछ । यो मूलत: शिक्षककै दायित्व हो । हामी नेपाली शिक्षकहरू स्वमूल्याङ्कनको व्यवस्थित प्रक्रियाबाट अघि बढ्न सक्यौं भने यो राष्ट्रलाई बचाउन, उठाउन, समृद्ध र शक्तिशाली बनाउन हामीले नै सक्नेछौं ।



# तपाईंले पढेको स्कूल र पढाउने शिक्षकहरूलाई सम्झनुहुन्छ ?




## यदि सम्झन चाहनुहुन्छ भने
## *शिक्षक* को ग्राहक बनिदिनुहोस्;
## हामी पुर्‍याइदिन्छौं, उहाँहरू पक्कै खुशी हुनुहोला ! !

तपाइँको सफलता र उपलब्धीको पहिलो खुट्किलो भनेको तपाइँले पढेको स्कूल नै हो । तपाइँ जहाँ पुगे पनि त्यो स्कूल अहिले पनि त्यहीँ छ । हुनसक्छ; तपाइँलाई सफल जीवनको बाटो देखाइदिने कतिपय शिक्षकहरू पनि त्यहीँ अध्यापनरत हुनुहुन्छ । आफूले पढेको स्कूल र आफूलाई पढाउने शिक्षकहरूलाई 'मैले बिर्सिएको छैन है' भन्ने दर्शाउन *शिक्षक* मासिक नियमित रूपमा पठाइदिने व्यवस्था गरिदिनुभयो भने ती शिक्षकको मन कति प्रफुल्ल होला !

यस निम्ति; तपाइँले *शिक्षक* मासिकको ग्राहक बनिदिए मात्रै पुग्छ; तपाइँले इच्छाएको स्कूल वा शिक्षकको हातमा पत्रिका पुर्‍याउने ग्यारेन्टी हाम्रो भयो !

शिक्षक मासिक

मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर
फोनः ५५४३२५२, ५५४८१४२, फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np
९७२१५८००४८ (हरि), ९८४१६१९९९८ (शिरीष)

कुराकानी

# हलुका हुन्न शिक्षकको जिम्मेवारी

**शिक्षक चाहे युरोपमा हुन् या नेपालमा, यो जिम्मेवारीलाई उनीहरूले हल्कासँग लिनै मिल्दैन। पहिले सुनेको थिएँ र अहिले प्रत्यक्ष देखेकी छु, नेपालका सार्वजनिक स्कूलहरूमा विशेषगरी ग्रामीण क्षेत्रमा शिक्षकको अनुपस्थितिलाई सामान्य रूपमा लिने गरिन्छ। मेरो विचारमा नेपालको शिक्षाको अहिलेको सबैभन्दा गम्भीर समस्या यही हो।**

**बेल्जियमको गिएखेम हाईस्कूलमा दोस्रो भाषाका रूपमा अङ्ग्रेजी पढाउने *क्यारिन भर्लेय* ३० वर्षदेखि शिक्षण पेशामा छिन्। प्राथमिक शिक्षक तालिम- उनको अनुभव र दक्षताको अर्को पाटो हो। २५ वर्षअघि शिक्षणकै काममा स्वयंसेवी भएर नेपाल आएकी भर्लेय यसपटक आफ्नो स्कूल र एक नेपाली संस्थाबीचको सहकार्य प्रवर्द्धन गर्ने सन्दर्भमा फेरि नेपाल आइपुगिन्। यो पटक उनले यहाँका केही ग्रामीण स्कूलहरूको अवलोकन गरिन्। त्यसै मेसोमा उनीसँग टीका भट्टराई ले गरेको कुराकानीका केही मुख्य अंश यहाँ प्रस्तुत गरिएको छः**

**तपाईं झण्डै पच्चीस वर्षअघि प्राथमिक विद्यालयका शिक्षकलाई तालिम दिन नेपाल आउनुभएको रहेछ। यसपटक तपाईंले नेपालका केही ग्रामीण विद्यालय पनि हेर्नुभयो। अहिले र उहिलेमा के फरक पाउनुभयो ?**

पहिलो पटक २७ वर्ष पहिले मेरा श्रीमान् र म सन् १९८३ मा घुम्नका लागि भारत र नेपाल आएका थियौं। यहाँबाट फर्केर गएपछि हामीलाई 'कल्चरल शक' भयो। हामी युरोपियनहरू अनावश्यक खुद्रा-मसिना कुराहरूप्रति असन्तोष गरिरहेका रहेछौं भन्ने लाग्यो। हाम्रा मान्यताहरू फेरिए, हामीलाई फेरि यतातिर आउने तिर्सना जाग्न थाल्यो। त्यसै कारण १९८५ मा हामी स्वयंसेवी भएर यहाँ आयौं र भक्तपुर ठिमीको दिवा शिशु स्याहार केन्द्रमा अङ्ग्रेजी पढायौं।

त्यतिवेला हामी यहाँका कतिपय शिक्षकहरूको उत्साह देखेर प्रभावित भएका थियौं तर स्कूलमा स्रोत-साधन र सामग्रीहरूको कमी धेरै नै थियो। सरसफाइको स्थिति दयनीय थियो। शिक्षण विधि केटाकेटीहरूका संवेगात्मक र सिकाइका आवश्यकतासँग मेल खाने किसिमको थिएन। धेरैजसो शिक्षकहरू कठोर रूपमा प्रस्तुत हुने गर्दथे। कक्षाकोठा, चर्पी, पाठ्यपुस्तक, लेख्ने कलमकापी त त्यतिवेला दुर्लभ वस्तुमा नै पर्थे।

यसपटक हामी रसुवा र मकवानपुरको चेपाङ क्षेत्रका केही प्राथमिक विद्यालयहरूमा गयौं। मैले सुने अनुसार यी निकै पछाडि परेका ठाउँ हुन्। तर के केटाकेटी, के शिक्षक, के अभिभावक- उनीहरूको विद्यालयप्रतिको चाखले मलाई निकै प्रभावित तुल्यायो। पाठ्यपुस्तक, कलमकापी पनि त्यतिवेला जस्तो दुर्लभ थिएनन्। अवश्य पनि भौतिक अवस्था निकै कठिन थियो तर उनीहरूको 'शिक्षाप्रतिको भोक'ले हाम्रो मन छोयो। म तीस वर्षदेखि पढाइरहेकी छु, तर यस्तो अवस्थामा पनि शिक्षाप्रतिको यत्रो चाह मैले विरलै अनुभव गर्न पाएकी छु।

**तपाईंको विचारमा तत्काल सम्बोधन गरिहाल्नुपर्ने नेपालका शिक्षक र शिक्षण सम्बन्धित सवाल के होलान् ?**

मेरो विचारमा सबभन्दा पहिले शिक्षकले आफ्नो भूमिका ज्यादै महत्त्वपूर्ण छ भनेर बुझ्नु जरुरी छ। शिक्षकहरू केटाकेटीका आदर्श हुन्। उनीहरूको विचार र व्यवहारमा शिक्षकको प्रभाव उल्लेखनीय मात्रामा पर्छ। शिक्षक चाहे युरोपमा हुन् या नेपालमा, यो जिम्मेवारीलाई उनीहरूले हल्कासँग लिनै मिल्दैन। पहिले सुनेको थिएँ र अहिले प्रत्यक्ष देखेकी छु, नेपालका सार्वजनिक स्कूलहरूमा विशेष गरी ग्रामीण क्षेत्रमा शिक्षकको अनुपस्थितिलाई सामान्य रूपमा लिने गरिन्छ। नेपालको शिक्षाको अहिलेको सबैभन्दा गम्भीर समस्या यही हो।

नेपालमा अहिले आम प्रयोग भइरहेको शिक्षण विधि केटाकेटीलाई सिक्न उत्प्रेरित गर्ने र दक्ष बनाउने भन्दा (भाषा शिक्षण गर्दा समेत) तथ्य स्मरण गराउनेतर्फ मात्र लक्षित देखिन्छ। युरोपमा शिक्षकहरूले आफ्नो सेवा अवधिभर निरन्तर पुनर्ताजगी तालिमहरू लिइराख्नुपर्छ। नेपालमा शिक्षक तालिम

**धेरै कुरा सिक्नुपर्ने चर्को दबाबले केटाकेटीहरूलाई दिग्भ्रमित बनाउँछ। यतिसम्म कि कतिपयको त सिक्ने चाहना नै मर्छ। हाम्रो शिक्षाको सबैभन्दा चुनौतीपूर्ण पक्ष हो यो।**



टीका भट्टराई

जिर्खी प्राथमिक विद्यालय, मकवानपुरमा शिक्षकहरूसँग छलफलका गर्दै क्यारिन

**"असल शिक्षकले स्थानीय तहमै पाइने वस्तुहरूको उपयोग गर्नुपर्छ– जे पनि। म दोहोऱ्याउँछु 'जे पनि' शैक्षिक सामग्री हुनसक्छ। अभिभावकहरूको स्कूलमा चाख बढाइयो र उनीहरूले विद्यालय कसरी राम्रो बनाउन सकिन्छ भन्ने थाहा पाए भने कैयौं सामग्री त उनीहरूको ज्ञान र क्षमताको उपयोग गरेर विद्यालयमा नै निर्माण गर्न सकिन्छ।"**

छोटो र धेरै हदसम्म औपचारिक हुन गएको देखिन्छ। तर तालिमहरू नियमित र निरन्तर हुनुपर्छ अनि त्यसले शिक्षकहरूलाई उत्प्रेरित गर्न र नयाँ ऊर्जा दिन सक्नुपर्छ।

**नेपालका शिक्षकहरू शैक्षिक सामग्रीको अभावलाई असल शिक्षणको मुख्य बाधकका रूपमा लिन्छन्। नेपालमा मसलन्दको आपूर्ति साँच्चै नै दयनीय छ। यस्तो अवस्थालाई कसरी चिर्न सकिएला ?**

हो, शिक्षण सामग्रीले शिक्षण कार्यमा साँच्चै मद्दत पुऱ्याउँछन्। केही मसलन्द पनि चाहिन्छ। तर म जटिल, झिलिकमिलिक र महङ्गा सामग्रीहरूले शिक्षणमा सुधार ल्याउने कुरामा विश्वास गर्दिनँ। असल शिक्षकले स्थानीय तहमै पाइने वस्तुहरूको उपयोग गर्नुपर्छ- जे पनि। म दोहोऱ्याउँछु 'जे पनि' शैक्षिक सामग्री हुनसक्छ। अभिभावकहरूको स्कूलमा चाख बढाइयो र उनीहरूले विद्यालय कसरी राम्रो बनाउन सकिन्छ भन्ने थाहा पाए भने कैयौं सामग्री त उनीहरूको ज्ञान र क्षमताको उपयोग गरेर विद्यालयमा नै निर्माण गर्न सकिन्छ। म समुदाय र विद्यालयको प्रगाढ सम्बन्ध हुनुपर्छ भन्ने कुरामा विश्वास गर्छु; जुन मेरो देशका पनि सबै स्कूलमा हासिल गर्न अझै बाँकी छ।

**समुदाय र विद्यालयको सम्बन्धको कुरा गर्नुभयो। यहाँ पनि सामुदायिकीकरणको लहर चलिरहेको छ। यसले शिक्षकहरू शिक्षकको व्यावसायिकतामा धावा बोल्यो भनिरहेका छन्। तपाईं के ठान्नुहुन्छ ?**

शिक्षकहरू सामान्यत: स्वतन्त्र नै रहनुपर्दछ र उनीहरूको व्यावसायिकतालाई अभिभावक एवम् सिङ्गो समुदायले महत्त्व दिनुपर्दछ। शिक्षकले सम्मानित महसूस गर्न पाउनुपर्दछ। तर, शिक्षकको जवाफदेहिता अभिभावक र समुदायप्रति रहनै पर्छ। शिक्षकले सकेसम्म राम्रो गरुन् भन्ने अपेक्षा राख्ने हक अभिभावकलाई हुन्छ। म समुदाय र विद्यालयको घनिष्ठ सम्बन्धको पक्षपाती हुँ। अभिभावकले आफ्ना निर्णयहरूमार्फत शिक्षकलाई 'किच्नु' पनि स्वस्थकर होइन।

**बेल्जियम विश्वमै उच्च शैक्षिक उपलब्धि हासिल गर्ने देशहरूमा पर्छ। तपाईंहरूको सफलताको रहस्य के हो ?**

हाम्रा स्कूलहरू व्यवस्थित छन्। शिक्षकले अभिभावक र प्रशासनबाट सहयोग र प्रोत्साहन पाउँछन्। कामकै कुरा गर्ने हो भने त हामीकहाँ शिक्षक गधा जस्तै जोतिइरहनुपर्दछ। त्यसैले पढाउन रुचि नभएका या जागिर मात्र खान चाहनेहरू यो पेशामा धेरै टिक्न सक्दैनन्। सफलता मेहनत विना आउँदैन। शिक्षाको

**कामकै कुरा गर्ने हो भने त हामीकहाँ शिक्षक गधा जस्तै जोतिइरहनुपर्दछ । त्यसैले पढाउन रुचि नभएका या जागिर मात्र खान चाहनेहरू यो पेशामा धेरै टिक्नै सक्दैनन् । सफलता मेहनत विना आउँदैन । शिक्षाको स्तर आधारभूत रूपमा शिक्षकको मेहनतमै अडेको हुन्छ ।**

स्तर आधारभूत रूपमा शिक्षकको मेहनतमै अडेको हुन्छ ।

हाम्रो शिक्षक तालिमको गुणस्तर पनि सामान्यतः उच्च स्तरको छ । आउने दिनमा त पूर्व प्राथमिक र प्राथमिक विद्यालयमा शिक्षक हुन चाहनेहरूले शिक्षाशास्त्रमा स्नातक गरेपछि पनि तीन वर्षको व्यावहारिक र सैद्धान्तिक तालिम लिनुपर्नेछ । माध्यमिक विद्यालयमा पढाउनेले पनि विषय अनुसार तीनदेखि पाँच वर्षको सघन तालिम लिनुपर्दछ । यदि नेपालका शिक्षकहरूले राम्ररी पढाएनन् भने त्यसनिम्ति उनीहरू मात्र दोषी होलान् भन्ने म ठान्दिनँ । उनीहरूले धेरै कम तालिम पाएका छन् र आधारभूत भौतिक सुविधासँग पनि जुधिरहेका छन् । यो कुरामा अभिभावक र अरू सम्बद्ध पक्षले गहिरोसित ध्यान दिनु जरुरी छ ।

यसको अर्थ हाम्रो शिक्षा पद्धति चाहिँ दोषमुक्त छ भन्ने नलागोस् । हाम्रो समाज निकै जटिल छ । केटाकेटीहरूमा धेरै कुरा सिक्नुपर्ने चर्को दबाब छ । यही दबाबले उनीहरूलाई दिग्भ्रमित बनाएको छ । यतिसम्म कि कतिपयको त सिक्ने चाहना नै मर्छ । हाम्रो शिक्षाको सबैभन्दा चुनौतीपूर्ण र पेचिलो पक्ष हो यो ।


**नेपालजस्तो देशले तपाईंहरूबाट सिक्न सक्ने कुरा के होला त ?**

उत्प्रेरणा र उत्साहले धेरै अप्ठ्याराहरू पन्छ्याउन सकिन्छ । मुख्य कुरा नै यही हो । तर नेपालबाट पनि बेल्जियमले सिक्न सक्छ: शिक्षा ज्यादै महत्त्वपूर्ण छ र यसलाई सजिलै त्यसै पाइने वस्तुका रूपमा लिनुहुन्न ।

**स्रोत–साधन बाहेक नेपालको शिक्षाका अरू व्यवधान के–के पाउनुभयो ?**

कमजोर व्यवस्थापन, अस्थिर सरकार र राजनीतिक प्रतिबद्धताको कमी । यी तीन कुरा नेपालको शिक्षालाई राम्रो बनाउने सवालमा मुख्य अवरोधका रूपमा देखिएका छन् । अर्को, भौतिक वस्तुहरूको दक्षतापूर्ण उपयोगबारे सचेतताको कमी हो । मैले राम्रो फर्निचर भएका कक्षाकोठाहरू पनि देखेँ तर ती दिक्क लाग्ने गरी राखिएका थिए । न्यून जिम्मेवारीबोध अर्को व्यवधान हो । मैले वैदेशिक सहयोगमा बनेका भव्य विद्यालय भवनहरू पनि देखेँ; तर ती पटक्कै मर्मतसम्भार र स्याहारसुसार गरिएका थिएनन् । यस हिसाबले बेल्जियमको स्थितिमा पनि केही समानता छन् । उदाहरणका लागि हामी हाम्रा कक्षाकोठाहरू सफा भएनन्, विद्यार्थीले ध्यान दिएनन् भन्ने गुनासो गर्छौं । आखिर स्तरीय शिक्षाको लागि शिक्षक, अभिभावक, विद्यार्थी सबैले व्यक्तिगत तहमा नै जिम्मेवारी नलिई शिक्षा स्तरीय हुनै सक्दैन ।




आर्थिक अभियान
अर्थ-राजनीतिक दैनिक
आलुले सरकार ढाल्छ । कसरी ?
हरेक दृष्टि, आर्थिक कोण

# अयोग्य तर सक्षम भएँ

पहिलो दिन मलाई न कसैले 'स्कूल भिजिट' गरायो न कसैले विद्यालयको शैक्षिक नीति-नियम र सञ्चालन प्रक्रियाका बारेमा खुलस्त जानकारी गरायो। शिक्षण विधि र योजनाका बारेमा 'क्लास अब्जर्भेसन' र परीक्षा त आवश्यक नै ठानिएन किनकि म अण्डर एसएलसी योग्य शिक्षक त्यतिवेला। मेरो रुटिन पाएँ। कक्षामा गएँ सोधीखोजी। पढाएँ। मलाई याद छ, केही पुस्तक देखाएर पढाउन सकिन्छ कि सकिन्न? भनेर सोधेको। मलाई त जागिर नउम्काउनु थियो। त्यसैले सक्तिनँ भन्ने त कुरै थिएन। यद्यपि तयारी गरेर पढाउन सक्छु भन्ने मनमा विश्वास थियो।

तयारीको त के कुरा गर्नु। शिक्षण गर्ने क्रममा 'ब्राण्डेड टिचर' भइसकेपछि एकपटक पाठयोजनाको कुरा तत्कालीन भाइस प्रिन्सिपलले छुट्टै बोलाएर सिकाएको र मैले फिटिक्कै नबुझेको कुरा सम्झन्छु। त्यतिवेला मैले बनाएको पाठयोजना सम्झन्छु काम न काजको थियो तर मेरो 'ड्युटी' चैँ मैले पूरा गरेँ। अचेल पनि 'ड्युटी' पूरा गर्ने शिक्षक अनगिन्ती छन्। म निर्धक्कै बोलिदिन्छु। पहिलो दिनमा कक्षामा जाँदा म खाली दिमाग गएँ भन्दा हुन्छ। खाली दिमागको एउटा कुनामा दश वर्ष पढेका कुराको 'फस्ट डिभिजन' बाँकी थियो, बस त्यत्ति। आजभोलि पनि सधैँ खाली दिमाग कक्षामा प्रवेश गर्नेको सूची लामै बन्छ, यो सत्य वाक्य हो। त्यो पहिलो दिनमा मसँग योजना थिएन, सामग्री चाहिन्छ भन्ने न भेउ थियो न निर्माण गर्ने सीप नै, न कुनै क्रियाकलाप सेट थियो, पूर्वतयारी केही थिएन, थियो त ठिङ्ग चक र डस्टर बोकेर सशरीर उपस्थिति। विद्यार्थीले उठेर सत्कार गरिहाले। 'सिट डाउन' गर्वले भनेँ र पुस्तक निकाल्न लगाई, कालोपाटीमा शीर्षक लेखेर, सरासर पढाउन शुरु गरेँ। परिचय गर्ने/गराउने त मेरो चलन थियो नै। विद्यार्थी खुसी पार्न नारायण गोपालका गीतहरू गाइदिन म पछि पर्दिनथेँ।

रित्तो चार भित्ताले पहरा दिएर थुनिए प्रायः स्थितिमा सानो कक्षाकोठामा राखिएका बेन्चमा खाँदिए झैँ बस्नुपरेका बालकका लागि मेरो उपस्थिति शायद नयाँ आशा र आकर्षण थियो। मित्रवत् व्यवहार, हँसिलो प्रस्तुति र गीत, कथा सुनाउने मेरो बानीले बालबालिकालाई टपक्कै आकर्षित गरेछ। त्यस्तो लाग्छ। कारण, उनीहरूबाट पाएको सकारात्मक व्यवहार, निजत्वको भावना र खुला उठबस, विद्यार्थीसँग सम्बन्ध नजिक्याउन मलाई त्यति धेरै अप्ठेरो परेन। कक्षामा भन्नका लागि केही समय अगाडि पढेका लोककथाहरू काममा आए। त्यसबाट हामी वर्तमानमा 'अपडेट' हुँदा हुने सहजता प्रस्ट पार्छ। म फ्रेस केटो। आफूले भर्खरै पढेका कुरा दोहोऱ्याउनु सजिलो थियो। विषयवस्तुको 'लिमिटेड' ज्ञानले स्पष्ट थिएँ। पहिलो दिनमा आफ्नो कक्षामा पालना गर्नुपर्ने कुराहरू कडाइका साथ भनिदिन्थेँ, अलिक बलियो बन्न अङ्ग्रेजी पटट बोल्यो, मिले पनि, नमिले पनि। विद्यार्थी सचेत हुन्थे। भए पनि। परम्परागत शैलीका कक्षाकोठा व्यवस्थापनमा अप्ठेरो अनुभूति भए पनि

# पहिलो कक्षा पछि नै सरुवा

दोस्रो श्रेणीमा एसएलसी पास गरेर बसेको थिएँ। सीधै जागिर पाउन चिने-जानेका ठूला मान्छे थिएनन्। संयोगवश जिशिकाले त्यतिवेलै विज्ञापन निकाल्यो। लिखित र मौखिक परीक्षामा सहजै उत्तीर्ण पनि भएँ। लगत्तै श्री वीरभक्ति हाईस्कूल तार्कुघाटको प्राथमिक तहको अस्थायी शिक्षक पदको नियुक्ति पाएँ, जुन स्कूलमा मैले पढेको थिएँ।

२०३२ साल पुस १६ गते बिहान १० बजे स्कूलमा उपस्थित भएँ। हेडसरलाई पत्र बुझाएँ। आफूले पढेको विद्यालय, आफैँलाई पढाउने शिक्षकहरू कोही पनि अपरिचित थिएनन्। तर पनि केही डर र धकका कारण मलाई असजिलो अनुभव भएको थियो।

पहिलो पिरियड लाग्यो। नेपाली विषय पढाउन विद्यार्थीको हाजिरीकापी, चक र डस्टर बोकेर कक्षातिर लागेँ। कक्षामा विद्यार्थी टनाटन थिए। पाठ 'ईश स्तुति' मा पुगेको जानकारी विद्यार्थीबाट पाएँ। मैले सस्वर वाचन गरेर विद्यार्थीहरूलाई पाठ सुनाएँ। विद्यार्थीहरूलाई पनि त्यसैगरी वाचन गर्न लगाएँ। मठमन्दिर र मूर्तिमा मात्र होइन; सारा जीव-जीवात्मा र जगतमा ईश्वरको बास हुन्छ भन्ने पाठको सन्देश थियो।

दोस्रो पिरियडको रुटिङ तयार नभएकाले म अफिसमा नै बसिरहेको थिएँ। 'शिक्षा कार्यालयबाट आएको

'आइडिया' थिएन। मलाई याद छ, कथा ३ का 'फस्ट' र 'सेकेण्ड' हुने केटाहरू परीक्षा हलमा नै क्वाँ-क्वाँ रोए। मैले बनाएका प्रश्नहरू अति कठिन हुनु त्यसको कारण थियो। त्यो त्यस्तै भयो, त्यसपछि पनि न कसैले मलाई विधि नै सिकायो, न समीक्षा नै भयो, न मैले नै उपाय खोजें। केवल पढ्ने-पढाउने निरन्तरता !

भनिन्छ, पढ्नु, जान्ने हुनु र पढाउनु नितान्त फरक कुरा हुन्। पढाउनु एक 'टेक्निक' हो। हो पनि। तर न्यूनतम आधारहरू बारे जानकार हुनु जरुरी हुन्छ। मैले पहिलोपटक शिक्षण गर्दा रुचिपूर्ण कुराबाट शुरु गर्ने Getting started with interesting thing अपनाएँ। विद्यार्थीहरूलाई रुचिपूर्ण बनाउने प्रयत्न गरेँ। औपचारिक अध्ययनमा 'सपोर्ट' हुने गरी अनुभव बटुलें। मूल्याङ्कन गर्न जानिनँ। योजना बनाउन जानिनँ। सामग्री निर्माण, क्रियाकलापहरूको प्रयोग, शिक्षण रणनीति, कक्षाकोठा व्यवस्थापन आदिबारे ज्ञान राखिनँ। के पढाएँ भन्ने पक्ष नै सतही भयो। सीमित पाठ्यपुस्तकमा केन्द्रित रहेर सो पाठ्यपुस्तकको पनि सीमित विषयवस्तुबारे छलफल गराउनु, बुझाउनु र जान्ने बनाउनु शिक्षणको केन्द्र बन्यो।

पहिलो दिनमा पनि मैले जे जति सिकेको थिएँ, सोही कुरामध्ये केही कुरा मात्र ओकलें। भाषण गरेँ। रेडियो झैं बजें। न अन्तरक्रिया गराएँ, न समूह कार्य गराएँ। न मस्तिष्क मन्थन गराएँ, न अरू कुनै विधि र रणनीति नै उपयोग गरेँ। शिक्षण जीवनको प्रारम्भिक घनचक्करमा मैले बालबालिकाहरूलाई जे कुरा सिकाएँ सो जीवनोपयोगी थिए भन्ने लाग्थ्यो। आजको शिक्षण कस्तो रह्यो ? के कस्ता कमी-कमजोरी रहे ? अप्ठेराहरू के आइपरे ? भोलिका निमित्त कसरी योजना बनाउने ? जस्ता प्रश्नमा आधारित कुनै पनि पाठ पहिलो कक्षामा सिकिएन। कक्षा रमाइलो रह्यो। शिक्षण सन्तोषजनक रह्यो। गौरव बोध अघि नै बोलिसकें। खुसीको कुरै नगरौं। बस त्यत्ति !

आमरूपमा आजको शिक्षणको आधारमा भविष्यको लागि योजना बनाउने प्रचलन बिरलै भेटिन्छ। त्यस्ता प्रवृत्ति भएका शिक्षक कति होलान् र ? मैले पनि न आत्ममूल्याङ्कन नै गरेँ, गरेँ भन्ने हो भने 'म सक्छु' भन्ने शक्ति प्राप्त गरेँ। त्यसलाई नै तक्मा सम्झौं। जागृत अन्ध आत्मविश्वासले मलाई त्यसवेला सक्षम शिक्षक बनायो। यी पङ्क्तिहरूका अक्षरहरू कोरिरहँदा मैले स्मरण गरेका विगतले मलाई धेरै शिक्षा दिइरहेछ। यसप्रकार आफ्नो विगत नियाल्ने, आत्मसमीक्षा गर्ने, आत्ममूल्याङ्कन गर्ने क्रमले नजानेर भएका कमजोरी सच्याउने अवसर मिल्छ, भोलिका लागि तयार हुन मार्गप्रशस्त हुन्छ। आम शिक्षकले यसै गर्नुपर्छ भन्ने मेरो मत छ।

शिक्षण सिकाइलाई फलीभूत बनाउने सबैको लक्ष्य चाहिन्छ। फरक-फरक क्षमता भएका विद्यार्थीलाई पहिचान गरी पढाउन सक्नु, प्रोजेक्ट वर्क, फिल्ड भिजिट, समूह कार्य, प्रस्तुति कार्य जस्ता विभिन्न क्रियाकलाप गराउनु आजको आवश्यकता हो। विषयवस्तुको स्पष्ट ज्ञान हुनु, शिक्षण टेक्निकहरू प्रयोग गर्न जान्नु, नयाँ ज्ञानसँग अपडेट भइरहनु जस्ता कुराहरू पनि भुल्नुहुँदैन। म अयोग्य तर सक्षम शिक्षक थिएँ त म भन्दिनँ तर कुनै डिग्री हासिल गर्दैमा कोही पनि पोख्त, सक्षम शिक्षक भइहाल्दैन। शैक्षिक योग्यताका अलावा अनुभव, तालिम, निरन्तर शिक्षण सिकाइप्रतिको प्रतिबद्धता अनिवार्य शर्त हुन्। म शिक्षक हुँदा मेरो भागमा कैयौं कलिला बालबालिकाको सिङ्गो भविष्य निर्माण गर्ने महान् जिम्मेवारी छ भन्ने कुराको ख्याल रहनु नै उत्तरदायी हुनु हो। सो उत्तरदायित्व पूरा गर्न सक्नु नै हाम्रो धर्म र कर्म दुवै हो। जय शिक्षक !


**नरेन्द्रकुमार नगरकोटी**
रयाले-३, काभ्रे
हाल एबीएम स्कूल बनेपा


---

तपाईंको पत्र' भन्दै एक जना सरले मलाई बन्दी खाम दिनुभयो। खोलेर हेर्दा लेखिएको थियो, "जिल्ला शिक्षा कार्यालयको पुस १६ गतेको नियुक्तिपत्रमा तपाईंलाई भैरव प्रावि, मोहोरिया हुनुपर्नेमा वीरभक्ति हाईस्कूल भएकाले भूलसुधार गरिएको छ। भैरव प्राविमा हाजिर हुन जानुहोला।" म किंकर्तव्यविमूढ भएँ। साह्रै नरमाइलो लाग्यो। केही सुनुवाई हुन्छ कि भनेर हेडसरलाई पत्र देखाएँ। तर उहाँले त रमानापत्र पो बनाइसक्नुभएको रहेछ। भोलिपल्ट पुस १७ गते म भैरव प्रावि, मोहोरियामा हाजिर हुन पुगें। आफू खेलाडीले हानेको फूटबल जस्तै भएको अनुभूति भयो; तर कसैलाई पनि केही भनिनँ। पछि रहस्यको पर्दा उघ्रियो। जुन सरले मलाई पत्र दिएका थिए; उनी नै मोहोरिया सरुवा भएका र बीचमै आफ्नो स्थान सुरक्षित गर्न सफल भएका रहेछन्।

शुरुको दिन खुसीको हाँसो र दुःखको आँसु सँगसँगै भने जस्तै भयो। तर विचलित नभइकन मैले भैरव प्राथमिक विद्यालयमा बाह्र वर्ष सेवा गरेँ र पछि वीरभक्ति उच्च माध्यमिक विद्यालयमा फर्किएँ। एघार वर्षपछि रुद्र माध्यमिक विद्यालय सरुवा भएँ। तर आज पनि मैले पहिलो दिनको कक्षा भुलेको छैन। पहिलो दिनदेखि आजसम्मका अनुभवले सिकाएको सार हो, समय र आफ्नो कर्तव्यप्रति जिम्मेवार हुनुपर्छ। डर, त्रास र दण्डबाट भन्दा शिक्षा, भरोसा र अभिप्रेरणाबाट विद्यार्थीहरूको सिकाइ दिगो हुने मेरो ठम्याइ छ। अनि शिक्षित र दीक्षित बनेर मात्र शिक्षक बन्नु उचित हुन्छ। त्यसले नै हामी शिक्षकलाई मानसम्मान, आत्मगौरव र सन्तुष्टि दिलाउनेछ।


**ऋषिराम लामिछाने**
रूद्र माध्यमिक विद्यालय
तार्कुघाट-३, हर्राबोट, लमजुङ

कक्षामा पहिलो दिन

# तयारी र समर्पण महत्त्वपूर्ण रहेछ

मैले शनिश्चरे मावि, शनिश्चरे बजार, झापाबाट २०३६ सालमा एसएलसी पास गरेकी थिएँ। त्यसवेला माघमा एसएलसी परीक्षा र असारमा नतिजा प्रकाशित हुन्थ्यो। मेरा बाबाआमा आसाम प्रवासी हुनुहुन्थ्यो र श्री ५ को सरकारले पुनर्वास भनी जग्गा नहुनेलाई बसोबास गराउँदा सुदूरपश्चिमको कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. १२ मा बसोबास गर्न आदेश दिएबमोजिम हामी जिल्ला कैलाली, धनगढी नगरपालिका वडा नं. १२ मा बसोबास गर्न पुग्यौं। यसै सिलसिलाबाट म धनगढी नगरपालिका वडा नं. ११ मा पर्ने जनकल्याण निमावि (हालको जनकल्याण मावि) मा अध्यापन गर्ने सौभाग्य पाएँ। त्यसवेला शिक्षा कार्यालयबाट नियुक्ति दिने गरिन्थ्यो। मैले एसएलसी पास मात्र गरेको भए पनि निमाविस्तरमा नियुक्ति पाएँ। जब म नियुक्ति पाएर विद्यालयमा प्रवेश गरें, त्यसवेला म आफैं यति गौरवान्वित भएँ कि यहाँ म त्यसलाई शब्दमा अभिव्यक्त गर्न सक्दिनँ।

मलाई कति-कति कक्षामा के-के विषय पढाउन लगाइन्छ, त्यहाँ गएर विद्यार्थीलाई कसरी सिकाउने, पढाउँदा-पढाउँदै नआउने पो हो कि, बोल्दा बोली काम्ने पो हो कि वा बोल्ने शब्द नै पो नआउने हो कि भन्ने कुराले मनमा ढ्याङ्ग्रो नठोकेको होइन; तापनि आज मेरो पहिलो दिन विद्यार्थीलाई कथा, चुट्किला, बालगीत, लोकगीत सुनाउँछु, खेल खेलाउँछु अनि भोलिदेखि जुनसुकै विषय पनि पूर्व तयारी गरेर पढाउँछु भन्ने योजना बनाई दह्रो मुटु बनाएर विद्यालयमा प्रवेश गरें।

म पहिलो दिन ठूला कक्षामा कथा, कविता र साना कक्षामा पाठ पढाउँदै बीचबीचमा गीत गाउँदै विद्यार्थीमा उत्प्रेरणा जगाउँछु भन्ने तयारीका साथ विद्यालयमा प्रवेश गरेकी थिएँ। तर मलाई पहिलो घण्टीमा सात कक्षामा नेपाली विषय पढाउन लगाइयो। कक्षाकोठामा पस्दा विद्यार्थीले उठेर सम्मान गरे। परिचय गरेपछि पहिलो दिन मैले बालक ध्रुवको कक्षा सुनाएँ। जस्तोसुकै विघ्न आए पनि नडराई सामना गऱ्यौं भने अवश्य सफल हुन्छौं भन्ने प्रेरणा यस कथाले दिन्छ भन्ने कुरा सम्झाएँ।

जब म कक्षा ७ मा प्रवेश गरें। त्यहाँ आफूभन्दा ठूल्ठूला विद्यार्थी देखें। कक्षा ७ मा केटा ३५ र केटी २ जना मात्र थिए। ठूला विद्यार्थी भए पनि मैले बोलेको कुरा चुपचाप ध्यान दिएर सुनेका थिए। त्यसवेलाका विद्यार्थी साह्रै सोझा र सज्जन थिए। बीच-बीचमा प्रश्न गर्दा उठेर जवाफ दिन्थे। यसर्थ विद्यार्थीको प्रतिक्रिया र व्यवहार एकदमै राम्रो थियो।

त्यसवेला अहिलेको जस्तो व्यवस्थित कक्षाकोठाहरू थिएनन्। कुनै कक्षाहरू खरले छाएको टहरामा पढाइन्थ्यो। कुनै कक्षाहरू रूखको छायाँमा पढाइन्थ्यो। विद्यालयमा पर्याप्त कक्षाकोठाहरू थिएनन्। जहाँ, जस्तोसुकै स्थितिमा कक्षा सञ्चालन गरे पनि विद्यार्थीहरू शान्त मुद्रामा बसेर शिक्षकले पढाएको ध्यान दिएर सुन्थे। वेलावेलामा प्रश्न गर्थे। केही कुरा सिक्न उत्सुक देखिन्थे।

पहिलो दिनको कक्षाबाट मैले महत्त्वपूर्ण कुराहरू सिकें। भोलिपल्टका लागि तोकिएको विषयको जुन पाठ पढाउनुपर्ने हो त्यसको पूर्व तयारी गर्नुपर्छ भन्ने बोध भयो। त्यस्तै जुनसुकै तरिकाले विद्यार्थीले गरेको सही प्रश्नको सही जवाफ त शिक्षकले दिन सक्नु नै पर्छ। आफ्नो स्तरअनुसार शिक्षक दक्ष, पोख्त हुनुपर्छ। विद्यार्थीको सङ्ख्यात्मक भन्दा गुणात्मक स्तर वृद्धि कसरी गर्न सकिन्छ भन्ने कुरामा सधैं तम्तयार रहनुपर्छ। पढाइका साथै अतिरिक्त क्रियाकलाप गराई हर क्षेत्रमा क्रियाशील बन्दै अगाडि बढ्नुपर्छ भन्ने भावनाको जागरण गराउनु एक शिक्षकको रूपमा मेरो दायित्व रहेछ भन्ने कुरा शिक्षण गर्दा गर्दै थाहा भयो।

मेरो आजसम्मको शिक्षण जीवनको निष्कर्ष हो, आजका विद्यार्थी नै भोलिका राष्ट्रका खम्बा हुन्। यसर्थ हामीले आफ्नो स्वार्थभन्दा पर बसेर आफ्नो कर्मशील र देशभक्त जनशक्ति तयार गर्नमा आफूलाई समर्पित गर्नुपर्दछ। हामीले पढाएका विद्यार्थी न्यायको पक्षपाती, साहसी, सृजनशील, स्वावलम्बी होऊन्। त्यसको जग त प्रावि नै हो। पढेर र सिकेर कहिल्यै सकिँदोरहेनछ। यसर्थ हामीले जीवनभर राम्रो कुरा सिक्ने र राम्रो कुरा सिकाउने उद्देश्य बोकेर भविष्यमा अगाडि बढ्नु पर्दछ। अनि मात्र शिक्षण जीवनलाई सार्थक बनाउन सकिन्छ।

**फाल्गुना दाहाल**
नवदुर्गा प्रावि, धनगढी
नगरपालिका-१२, कैलाली

# परिचयमै सकियो

२०४८ मङ्सिर ८ गते जिल्ला शिक्षा कार्यालय काभ्रे (तत्कालीन जि.शि.अ. दिलराज उपाध्याय)बाट श्री भद्रकाली प्रावि चुरीथुम्काका लागि मैले नियुक्ति पाएँ।

अस्थायी भए पनि १८ वर्षकै उमेरमा सरकारी शिक्षकमा नियुक्ति पाउँदा हर्षको सीमा रहेन। यति चाँडै ठूलै जिम्मेवारी पाएको थिएँ मैले।

भोलिपल्ट विद्यालय पुग्नुअघि मनमा अनेकौं तर्कका तरङ्गहरू चलिरहेका थिए। एकैकिसिमले डर र चिन्ता पनि लागिरहेको थियो भने अर्कोतिर स्कूले जीवनमा १०० पूर्णाङ्कको शिक्षा-शिक्षण विषय अध्ययन गरेकाले शिक्षकमा हुनुपर्ने गुण लगायत प्राथमिक तहको केही शैक्षिक ज्ञान ताजै रहेकाले आत्मविश्वास पनि थियो।

नौलो मान्छे विद्यालयमा आएको देखेर प्रअले मलाई सोधपुछ गर्नुभयो र मैले जिशिकाबाट आएको जानकारी दिएपछि अफिस कोठामा लैजानुभयो। मैले नियुक्तिपत्र र दरबन्दी थप गरेको दुई वटा चिठ्ठी दिएँ। उहाँले चिठ्ठी खोलेर हेर्नुभयो र मलाई धन्यवाद दिनुभयो।

# मुखभरी चकको धूलो !

ठीक १०:३० बजे पहिलो घण्टी लाग्यो । अरू सरहरूसँगै हाजिरी रजिष्टर लिई म कक्षातिर लागेँ । अभिवादनको आदानप्रदानपछि हाजिरी गरें र आफ्नो परिचय दिँदै भनेँ- "आज म विज्ञान शिक्षकको रूपमा तपाईंहरूलाई पढाउन आएको छु । आज तपाईंहरूलाई 'बल' पाठ पढाउँछु । सबै जना किताब र कापी साथै कलम पनि खोलेर राख्नुस् । " कक्षाकोठाको वातावरण शान्त थियो । ब्ल्याकबोर्डमा पाठको नाम (बल) लेखेर पढाउन थालेँ ।

घडीले समय सकिएको जनाउ दिएपछि ब्ल्याकबोर्ड सफा गरेर अफिसकोठा फर्किएँ । त्यहाँ पुग्नेबित्तिकै सरहरूले हँसिलो पारामा प्रश्न गर्नुभयो:

- "कक्षाकोठामा हल्ला त भएन ?"
- "भएन ।"
- "पसिनै पसिना हुनुभएछ नि !"

म हडबडाएँ र मुख छाम्न पुगें । मुखभरी चक पो दलिएछ । सरहरू झन् हाँस्नुभयो । तर अरू कुरामा सरहरूले धेरै माया गर्नुभयो । कक्षा लिनुअघि र पछिको व्यवहार फरक र अझ मिलनसार पाएँ ।

यदि शिक्षक हुनुछ भने विषयवस्तुको उच्च ज्ञान राख्नै पर्छ र पाठ्यपुस्तक बाहेक पत्रपत्रिका, रेडियो, टिभी हेर्नै पर्छ जस्तो मलाई अनुभव भयो ।

शिक्षण पेशामा लागेको आज २४ वर्ष बित्न लाग्यो । यस कालमा तीतामीठा अनुभव धेरै सँगालियो ।

यस अवधिमा मैले सिकेको कुरालाई सुझावका रूपमा राख्न चाहन्छु:

### प्रअलाई सल्लाह

- विद्यालय प्रशासन प्रजातान्त्रिक ढङ्गबाट सञ्चालन गर्नुपर्छ ।
- सम्पूर्ण कारोबार पारदर्शी हुनुपर्छ ।
- विद्यालयको भौतिक संरचनामा ध्यान दिनुपर्दछ । सबैभन्दा बढी ध्यान कक्षाकोठाको व्यवस्थापनमा दिनुपर्दछ ।
- गुणस्तरीय शिक्षाको लागि प्रअ नै बढी इमानदार र प्रतिबद्ध हुनुपर्दछ ।
- शिक्षक, विद्यार्थी र अभिभावकबीच राम्रो सम्बन्ध विकास गर्नुपर्छ ।

### शिक्षकलाई सल्लाह

- पाठयोजना बनाउने र सोही अनुसार पढाउने गर्नुपर्छ ।
- किताबमा भएको विषयवस्तु मात्र होइन विद्यार्थीलाई उपयोगी हुने नयाँ-नयाँ ज्ञान, सीपका बारेमा पनि पढाउने बानी बसाल्नुपर्छ ।
- सकेसम्म बढी स्वाध्यायन गर्ने बानी बसाल्नुपर्छ ।
- आफ्नो विषयमा देश-दुनियाँमा भइरहेका नयाँ-नयाँ आविष्कार र प्रयोगहरूबारे अद्यावधिक हुनुपर्दछ ।
- मैत्रीपूर्ण व्यवहार र विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गर्नुपर्छ ।

### शिक्षकले विद्यार्थीलाई दिनुपर्ने सल्लाह

- कक्षामा शान्त र अनुशासित भई पढाएको कुरा सुन्नुपर्छ ।
- नजानेका/नबुझेका र मनमा लागेका कुराहरू शिक्षकसित सोध्नुपर्दछ ।
- गृहकार्यहरू गर्नै पर्छ ।
- बिहान दुई घण्टा र साँझ दुई घण्टा अध्ययन गर्नैपर्छ ।
- जुनवेला पनि सरहरूसँग नजानेका कुरा सोध्नुपर्छ ।

### अभिभावकलाई सल्लाह

- बच्चाको पढाइ-लेखाइको अवस्थाबारे विद्यालयमा गई सरहरूसँग र प्रअसँग जानकारी लिनुपर्छ । थप प्रगतिको बारेमा सरसल्लाह गर्नुपर्छ ।
- बच्चालाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरू समय समयमा उपलब्ध गराइदिनुपर्छ ।
- अभिभावक भेलामा उपस्थित भई आफ्नो मनमा लागेका कुरा भन्नुपर्छ ।
- विद्यालयको स्तर राम्रो बनाउन शिक्षक र व्यवस्थापन समितिलाई घचघच्याइरहनुपर्दछ ।

### नवप्रवेशी शिक्षकलाई सल्लाह

- राम्रो र असल शिक्षक बन्छु भन्ने कुरामा भित्रैदेखि प्रतिबद्ध हुनुहोस् ।
- पाठयोजना बनाउन अल्छी नगर्नुहोस् ।
- विषयवस्तुको ज्ञान राम्रोसँग हासिल गर्नुहोस् ।
- बालमैत्रीपूर्ण र व्यावहारिक शिक्षणकला अपनाउनुहोस् ।

**भरत सिंह**
मावि निगौल-५, महोत्तरी


त्यस विद्यालयमा अस्थायी व्यवस्थापन समिति पनि रहेछ । प्रअले भोलि बैठक राखेर हाजिर गराउँछु तपाईं ढुक्क हुनुहोस् भन्नुभयो । अनि कक्षाहरूमा नयाँ शिक्षक आउनुभएको रहेछ भनी पहिले जानकारी दिएर मलाई कक्षामा पठाइदिनुभयो ।

कक्षा प्रवेश गर्ने क्रममा कक्षा १ बाट शुरु गरें । त्यहाँ परिचय दिने-लिने काम सकेर कक्षा-२ मा गएँ । ठूलो कक्षा भनिएको कक्षा-३ मा करिब १४ जना केटाकेटीहरू रहेछन् । त्यहाँ प्रवेश गर्दा उठेर स्वागत गरे । मैले शुरुमा आफ्नो परिचय दिएपछि उनीहरूको नाम थर मौखिक रूपमा सोधपुछ गरें, त्यसपछि आ-आफ्ना कापीमा नाम, थर र ठेगाना लेख्न लगाएँ । अक्षर लेखाइबाट पनि पढाइको मूल्याङ्कन गर्न सकिन्छ भन्ने कुरा मलाई थाहा थियो । त्यसपछि नेपाली, अङ्ग्रेजी, गणित लगायतका विषयहरू र पाठ के कस्तो छ भनी सबैलाई पढाइसम्बन्धी कोर्षको बारेमा सोधपुछ गरें ।

अलि ठूला-ठूला केटाकेटीहरूले सबै विषयको कोर्ष पूरै भइसकेको र वार्षिक परीक्षाको तयारी बिदा हुन लागेको पो जानकारी दिए । कक्षामा पहिलो पटक प्रवेश गरेको दिन आपसी परिचयमै सकियो ।

**राम सिं घिसिङ**
बालुवा मावि, बालुवापाटी,
नाल्दुम, काभ्रेपलाञ्चोक

डा. तीर्थबहादुर श्रेष्ठ



# त्यहाँ के छ त्यस्तो ? के'पो छैन र !



**चोरी–सिकारीको मुख्य तारो पनि गैंडा, पर्यटकले हेर्न चाहने पनि गैंडा, सञ्चारमाध्यममा धेरै ठाउँ पाउने जन्तु पनि गैंडा अनि यहाँका होटल, रेस्टुराँ र लजका नाम र विज्ञापनमा पनि गैंडा। चितवन कारागारका अधिकांश बन्दी पनि गैंडाकै चोरीसिकारीहरू। निकुञ्जको प्रगति र अधोगति नाप्ने मापदण्ड पनि गैंडाकै सङ्ख्या। अर्थात् चितवन राष्ट्रिय निकुञ्ज र गैंडा पर्यायवाची बनेका छन्।**

चित्त प्रसन्न हुने वन नै चित्तवन हो। अङ्ग्रेजहरूको चित्त प्रसन्न पार्न चितवनको सिकारमा अलमल्याएर आफ्नो सत्ता टिकाउन जङ्गबहादुर मात्र होइन जुद्धशमशेर पनि चुकेनन्। त्यतिवेला चितवनमा कस्तो वन थियो, कति बाघ, गैंडा, भालु, बँदेल अनि हरिण, मृग र हात्तीहरू थिए भन्ने कतै आँकडा छैन। सिकारमा मारिएका वन्यजन्तुको आँकडाको भरमा त्यतिवेलाको अवस्था कल्पना गर्नुपर्ने हुन्छ। *श्री ३ हरूको तथ्यवृत्तान्त* नामक पुस्तकमा पुरुषोत्तमशमशेर जबरा एउटा सिकारको बयान यसरी गर्नुहुन्छ:

"उपरोक्त सिकार सवारीमा वि.सं. १९१८, तदनुसार १८६१ ई. सिकारमा श्री ३ जङ्गले जम्मा २१ वटा हात्ती पक्राउमा पारे भने ३१ बाघ, २७ जरायो, १ गैंडा, १ अजिङ्गर, ११ अर्ना, १० बँदेल, ११ गोही, २२ चित्तल, ४ भालु, ३ चितुवा मारी मार्च ३१ तारिख १८६२ ई. का दिन काठमाडौं फर्की आइपुगे।" *(भाग १, पृष्ठ १३५)*

यस्तै सिकारको सिलसिलामा श्री ३ जुद्धशमशेरले अङ्ग्रेज पाहुना लर्ड लिनलिथगो (Lord Linlithgow) का साथमा चितवन जङ्गलमा १२० बाघ, ३८ गैंडा, १५ भालु, २७ चितुवा लगायत अनेकौं वन्यजन्तुको सिकार गरेको तथ्याङ्कले आजभन्दा ७२ वर्ष पहिलेको चितवनको जैविक सम्पन्नता झल्काउँछ। राणाशासनको अन्त्यपछि तराई र मधेशबाट लामखुट्टे निर्मूल गर्ने काम भयो। औलो हट्यो। त्यसपछि मानिसको ओइरोले चितवनलाई छोप्यो। वन विनाशको कहाली र वन्यजन्तुको तस्करीले गर्दा वन र वन्यजन्तुहरू लोप हुने क्रम दिन पर दिन तीव्र गतिमा बढ्न थाल्यो। गैंडा त सयवटा पनि बाँकी रहेनन्। लोपै हुने स्थिति आइपुग्यो। अन्ततः २०३० साल (सन् १९७३) मा शाही चितवन राष्ट्रिय निकुञ्जको स्थापना भयो। त्यतिवेला गैंडाको सङ्ख्या १७७ थियो। वर्तमानमा चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रफल ९३२ वर्ग किमी फैलिएको छ। त्यसमा चितवनबाहेक मकवानपुर, नवलपरासी र पर्सा जिल्लाका भू-भागहरू पर्छन्। आज त्यही ९३२ वर्ग किमीभित्र मात्र हाम्रा वन्यजन्तुहरू बाँच्न बाध्य छन्; त्यो पनि दुर्लभ अवशेषका रूपमा।

हात्तीप्रेमीहरूका लागि हात्ती प्रजनन् केन्द्र एउटा दर्शनीय स्थल बनेको छ। हात्तीका छावासँग खेल्न रुचाउनेहरूको भीडभाड पनि लाग्छ। यहाँका सबै छावाका पिता हात्ती जङ्गलबाटै आउने गर्दछन्। पाल्तु हात्तीले पिता बन्ने अवसर पाउँदैन।



हात्ती प्रजनन् केन्द्रमा पर्यटक।

गैंडा, बाघ, भालु लगायत विभिन्न वन्यजन्तुको बासस्थान अरू मुलुकहरूमा पनि सुरक्षित रहेनन्। विश्व संरक्षण संघ (आईयूसीएन) को वैज्ञानिक विश्लेषणले विश्वमा सङ्कटापन्न (Endangered) स्थितिमा पुगेका वन्यजन्तुमा बाघ, गैंडा, हात्ती, सोंस तथा खस्रे खरायो (Hispid Hare) पनि पर्न गए। यस्ता दुर्लभ वन्यजन्तुका अवयवहरू (खाग, हस्तीहाड, हाड, छाला इत्यादि) अन्तर्राष्ट्रिय बजारमा किनबेच तथा ओसारपसारमा निषेध भयो। नेपाल सरकारले पनि यी वन्यजन्तुलाई कानूनी रूपमा नै संरक्षण दिन थाल्यो। वस्तुत: चितवन राष्ट्रिय निकुञ्ज राष्ट्रिय मात्र नरही अन्तर्राष्ट्रिय रूपमा नै एक महत्त्वपूर्ण संरक्षित क्षेत्रको रूपमा स्थापित भयो। त्यसको फलस्वरुप सन् १९८४ मा यस निकुञ्जले विश्व सम्पदा सूचीमा प्रवेश पायो।

जैविक विविधता संरक्षणको निम्ति उच्च महत्त्व बोकेको यो प्राकृतिक क्षेत्र पर्या-पर्यटनको एक आकर्षक केन्द्र पनि बन्न पुग्यो। गत वर्ष (सन् २००९) निकुञ्ज प्रवेश गरेका १,१३,७८८ व्यक्तिमध्ये ७८,६८२ विदेशी पर्यटक थिए। पर्यटक प्रवेश शुल्कबाट उठ्ने रकमको ५० प्रतिशत निकुञ्ज वरिपरि मध्यवर्ती क्षेत्रको सामुदायिक विकासमा जाने गरेको छ। निकुञ्ज व्यवस्थापन र सामुदायिक विकासको द्वन्द्वलाई यस व्यवस्थाले केही मत्थर पारेको भए तापनि गैंडा र बाघको अवैध सिकार रोकिएको छैन। गैंडा तथा हात्ती र अरू वन्यजन्तुले आसपासका खेतीबाली नष्ट गर्ने र मानिसको जीउधनको खति समेत हुनजाने घटनाहरूले गर्दा निकुञ्ज व्यवस्थापनले चर्को समस्याको सामना गर्नुपरेको छ। अर्को समस्या बढ्दो पर्यटन पनि हो। निकुञ्ज परिसरभित्रै पनि सातवटा पर्यटन रिसोर्ट सञ्चालनमा छन्। अरू सयौं होटल, लज र सफारी क्याम्पहरू निकुञ्ज वरिपरि तैनाथ छन्। पर्यटन सेवामा १७० हात्ती र लगभग ५० वटा जीप मोटरगाडी निकुञ्जभित्रै चहार्दछन्। तिनका अतिरिक्त रिसोर्ट, होटल, लजका कर्मचारी, सरकारी कर्मचारी, सुरक्षार्थ तैनाथ नेपाली सेनाका जवानसमेत मिलाउँदा अन्दाजी १७०० व्यक्तिहरूको चहलपहल पनि निकुञ्जभित्रका वन्यजन्तुले व्यहोर्नुपर्ने नियति रहिआएको छ। यही परिदृश्यमा विश्व सम्पदा चितवन राष्ट्रिय निकुञ्जको भविष्यलाई नियाल्नुपरेको छ।

चितवन राष्ट्रिय निकुञ्ज र गैंडा एकअर्काका पर्यायवाचीको रूपमा स्थापित छन्। चोरी-सिकारीको मुख्य तारो पनि गैंडा, पर्यटकहरूले हेर्न चाहने प्रमुख आकर्षणको जन्तु पनि गैंडा, सञ्चारमाध्यमको मूल विषय पनि गैंडा अनि यहाँका होटल, रेस्टुराँ र पाहुना घरहरूका नाम र विज्ञापन पनि गैंडासँगै जोडिएका हुन्छन्। चितवनको कारागारमा पनि गैंडाका चोरीसिकारीहरू नै अधिक भेटिन्छन्। निकुञ्जको प्रगति र अधोगति गैंडाको सङ्ख्याको उतारचढावमा मूल्याङ्कन हुन्छ। स्थापनाकालमा निकुञ्जभित्र २०० गैंडा पनि थिएनन्। सन् १९९४ मा गणना गर्दा ४६६ को सङ्ख्यामा पुगेको गैंडा सन् २००० मा बढेर ६१२ पुग्यो तर 'जनक्रान्ति'पछिको अस्थिर तथा कमजोर सुरक्षाको माहोलमा चितवनले पाँच वर्षभित्रै १५७ गैंडा गुमाउनु पर्‍यो। सन् २००८ को पछिल्लो गणनामा ४३५ गैंडाको उपस्थिति देखिन्छ। तर चोरी, सिकारी र तस्करीको सिलसिला अझै पनि कायम छ।

सन् २०१० लाई बाघ वर्ष मनाउने सिलसिलामा सार्वजनिक भएको तथ्याङ्क अनुसार चितवन राष्ट्रिय निकुञ्जमा बाघको सङ्ख्या १२५ पुगेको छ। सामान्यत: जङ्गलमा बाघ देख्न र भेट्न दुर्लभ हुन्छ। तर बाघका आहारमा गनिने विभिन्न मृग जाति जस्तै चित्तल, रतुवा, लगुना, जरायो, चौसिङ्गे (चौका) र यस्तै अन्य चौपायामा गौरी गाई, बँदेल भने यहाँ सहजै देख्न सकिन्छन्। विभिन्न सिमसार, नदी र जलाशयमा गोही र घडियाल पनि वेलाबखत भेटिन्छन्। निकुञ्ज कार्यालय; कसरास्थित गोही प्रजनन् केन्द्रमा गोही दर्शन ज्यादै सुलभ छ। सोंस (डल्फिन) भने चितवनमा ज्यादै दुर्लभ भइसकेको छ। वनजङ्गल चहार्दा अवसरकै कुरो हो भालु वा जङ्गली हात्ती र अजिङ्गर पनि आमने-सामने हुन बेर लाग्दैन। हात्तीप्रेमीहरूका लागि हात्ती प्रजनन् केन्द्र एउटा दर्शनीय स्थल बनेको छ। हात्तीका छावासँग खेल्न रुचाउनेहरूको भीडभाड पनि लाग्छ। यहाँका सबै छावाका पिता हात्ती जङ्गलबाटै आउने गर्दछन्। पाल्तु हात्तीले पिता बन्ने अवसर पाउँदैनन्।

जैविक विविधताको फेहरिस्त गर्दा यहाँ स्तनधारी पशुको

# नेपाल-अध्ययन चितवन राष्ट्रिय निकुञ्ज



**सन् २०१० लाई बाघ वर्ष मनाउने सिलसिलामा सार्वजनिक भएको तथ्याङ्क अनुसार चितवन राष्ट्रिय निकुञ्जमा बाघको सङ्ख्या १२५ पुगेको छ ।**

सङ्ख्या ५८ पुग्छ । तीमध्ये २३ प्रजाति (५८ प्रतिशत) अन्तर्राष्ट्रिय व्यापारमा प्रतिबन्धित दुर्लभ प्राणीको कोटिमा पर्छन् । यस्ता थुप्रै दुर्लभ वन्यजन्तुको बासस्थान भएकै कारण चितवनको अन्तर्राष्ट्रिय महत्त्व बढेको हो । चरा प्रजातिको सङ्ख्या ५३८ पुग्न आउँछ । तीमध्ये जाडो छल्न हिमालपारिबाट आउने चखेवाचखेवी, कर्‍याङकुरुङ, खोया हाँस र अरू विभिन्न पानी हाँसहरू निकुञ्जका विशेष आकर्षण हुन् । यस्तै, धनेस, भुँडीफोर, सारस, सीमकुखुरा, लुईचे, ठेउवा, हुट्टिट्याउँ र अन्य विभिन्न चराचुरुङ्गी जस्तै तोता, मैना, जुरेली पनि प्रचुर छन् । तर चितवनको विशेष शृङ्गार पन्छी भने मयुरलाई नै मान्नुपर्छ । यो दुर्लभ छैन, सानो पनि हैन र सौन्दर्यको दृष्टिले पनि अनुपम छ ।

चितवन राष्ट्रिय निकुञ्जको केही भाग चुरेमा, केही महाभारतमा र केही भाग समथर मधेशमा पर्छ । अनि नदी प्रणालीमा नारायणी, राप्ती र रिउ नदीको बदलिँदो स्वभाव र त्यसको प्रभाव क्षेत्रभित्र पर्ने हुनाले वन, जङ्गल र बगर तथा ताल, तलैया, घोल आदि सिमसारमा वन-वनस्पतिको विविधता पनि उत्तिकै पाइन्छ । सालका घना वन र खयर-सिसौका फाँट तथा विभिन्न खालका घाँसेमैदानहरूले गर्दा यो निकुञ्जको बासस्थान-विविधता विश्व प्रसिद्ध छ । यहाँका हात्ती डुबाउने अग्ला-अग्ला ढड्डी र नरकटका घारी दक्षिणएसियाका उत्कृष्ट घाँसेमैदानका उदाहरण हुन् । त्यस्तै सिरु घाँसका सेताम्य चउर र दूबोका हरिया फाँटहरू दुर्लभ वन्यजन्तुका लागि अपरिहार्य आहारा भण्डारका रूपमा रहेका छन् । सिमल, पलाँस, फलेदो आदि वृक्षमा फूल फुल्दा राताम्य हुने वन र तिनमा रुम्ने अनगिन्ती चराचुरुङ्गी, माहुरी र कीटपतङ्गको चहलपहलले वन गुञ्जायमान हुन्छ । यी वनमा भेलरका फलहरू खाँदै गरेका गैंडा र तिनले विष्ट्याएका विष्टा परीक्षण गर्‍यौं भने गैंडा र भेलर वृक्षको रोचक सम्बन्ध उजागर हुन्छ । भेलर फलभित्र रहेका बीउका दानालाई गैंडाको पाचन प्रणालीले शुद्ध गरेपछि मात्र जमिनमा अङ्कुराउन योग्य हुन्छन् । नत्र यी बीउहरू आफैं अङ्कुराउन सक्दैनन् । यस्तो अन्तरनिर्भरता प्रकृतिको खेल रचनाभित्र धेरै देख्न पाइन्छन् ।

हाम्रा राष्ट्रिय निकुञ्जहरू छुट्ट हेर्दा दुर्लभ वन्यजन्तुका संरक्षण थलोका रूपमा चिनिन्छन् । यसले गर्दा त्यहाँ वनजङ्गल र वनस्पतिको वैभव संरक्षण भएको कुरा गौण हुने गर्दछ । जबकि ती वन्यजन्तु र चराचुरुङ्गीहरू भने विभिन्न वनस्पतिमा आश्रित हुन्छन् । चितवन निकुञ्जमा दुर्लभ प्राणीहरूसँगै खयर, बयर, हर्रा, बर्रा, अमला, नीम, कुरिलो, पलास, राजवृक्ष, सर्पगन्धा, जामुनो, क्यामुनो, बेल लगायत अनेकौं वनौषधि तथा जडिबुटी पनि संरक्षित भएका छन् । घाँस परिवारभित्रका ५० भन्दा बढी प्रजातिका वनस्पति निकुञ्जभित्र मौजुद छन् । तिनमा खसखस, काँस, कुश, विभिन्न प्रकारका खर, दूबो, नरकट र अन्य बाँस, बाबियो, सवाई घाँस, सिरु विशेष उल्लेखनीय छन् । यहाँको वृक्ष प्रजातिको बाहुल्य पनि उल्लेखनीय छ । साल, सतीसाल, सिसौ र सिमल लगायत कर्मा, कुम्भी, कदम, टुनी, टाँटरी, असना र उत्तिस लगायत ५०/६० प्रजातिका वृक्ष सहजै भेट्न सकिन्छ । झार, बुटा र लहरा जातका वनस्पतिको त लेखाजोखा पनि भएको छैन । कोइरालो, टाँकी, भोर्लाका लहराहरूमध्ये सबैको दृष्टिमा पर्ने लहरा देब्रे लहरा हो । एउटा विशाल अजिङ्गरले बेरे जस्तै रूख वृक्षलाई देब्रेतिरबाट बेर्दै आकाशतिर पुग्ने होडमा यो लहरा रूखमाथि पुग्छ । यसको कोसाभित्र ठूलठूलो पाङ्ग्रे बीउ लाग्दछ । धनेस चराले यसको बीउ खाँदा 'हाङ्ग्राले पाङ्ग्रा खायो' भन्ने उक्ति निर्माण हुन्छ ।

विश्वसम्पदा सूचीमा परेको चितवन राष्ट्रिय निकुञ्जको सर्वाधिक चासोको विषय यता आएर वनमासा (मिकानिया) लहरे झारको बिगबिगी र पर्यटन विकासको पासो बन्न थालेको छ । १५/१६ वर्ष पहिले फाट्टफुट्ट देखिएको वनमासा झारले अहिले निकुञ्जको सेरोफेरोलाई चारैतिरबाट बेरिसकेको छ । यसको नियन्त्रण गर्न सकिएन भने यो विश्वसम्पदा खतराको सँघारमा छिट्टै पुग्ने सम्भावना छ ।

अव्यवस्थित पर्यटन विकास विशेष गरेर सौराहाको ठमेल प्रवृत्ति, निकुञ्जभित्रका होटल व्यवसायी र उच्च ओहोदाका सरकारी कर्मचारीको मिलेमतोमा विकास हुने मिचाहा प्रवृत्तिले गर्दा निकुञ्जलाई खतराको दिशामा धकेल्न थालेको छ । स्थापना भएको ३७ वर्ष पुगिसक्दा पनि निकुञ्जभित्रका होटल, लज र टेन्टेड क्याम्पहरूको प्रभाव मूल्याङ्कन हुनसकेको छैन । निकुञ्ज वरपर, आसपास र मध्यवर्ती क्षेत्रमा बाटोघाटो र भवनहरूको विकास-निर्माण, उद्योगधन्दा र कृषि व्यवसायले समेत अपनाउनुपर्ने सतर्कता वा पालना गर्नुपर्ने नियम र आचारसंहिता स्थलगत रूपमा कहीं कतै देखिँदैन । पर्यटक आकर्षण गर्ने नाममा मरुभूमिबाट ऊँटहरू समेत झिकाइएका छन् । अरू विकास र विलासका क्रियाकलाप पनि निरन्तर बढ्दैछन् । यस परिदृश्यमा विश्वसम्पदामा रहेको हाम्रो राष्ट्रिय निकुञ्जको व्यवस्थापनमा केही नौलो, आँटिलो र प्रभावकारी निर्णय लिन सक्नुपरेको छ । समयमै त्यसो गर्न सकेनौं भने यो निकुञ्जको भविष्य एउटा अजायवखाना, एउटा चिडिया घर र एउटा मनोरञ्जन पार्कमा परिणत हुन्छ–जहाँ बार बन्देजभित्र गैंडा, खोरभित्र बाघ, प्रजनन् केन्द्रमा साङ्लोले बाँधिएका हात्ती, जटायु रेस्टुराँमा सिनो खान आउने गिद्ध, खोरभित्र पालिएका गोही र कछुवा अनि अनगिन्ती क्यामेरा भिरेका पर्यटकहरूको कोलाहल मात्र भेटिन सक्छ । यो अवस्थामा त्यहाँ विश्व सम्पदा चाहिँ बाँकी रहने छैन ।



# रङ्गीचङ्गी संसार

नेपालको सबैभन्दा उत्कृष्ट छापाखाना जगदम्वा प्रेसको अत्याधुनिक छपाइ मेशिनले प्रकृतिका सबै रङ्गहरूलाई जस्ताको तस्तै उतार्छ !



जगदम्वाको नयाँ मित्सुबिसी डायमण्ड ३००० पाँच रङ्गको कोटिङ्ग युनिटसहित


50 Years

Jagadamba Press

(01) 5250017-19 | fax: (01) 5250027 | japray@mos.com.np | www.jagadambapr.com

# बस्नु राम्रो

- पुण्य कार्की



जहाँ नउभिँदा हुन्छ, त्यहाँ बसे हुन्छ। जहाँ नबस्दा पनि हुन्छ, त्यहाँ सुते हुन्छ। जहाँ नकुद्‍दा हुन्छ, त्यहाँ बिस्तारै हिँडे हुन्छ। जहाँ नबोल्दा हुन्छ, त्यहाँ मौन रहे हुन्छ। जहाँ विचार नगर्दा हुन्छ, त्यहाँ निर्विचार रहे हुन्छ। मेरो यस विचारमा तपाईं सहमत हुनुहुन्छ/हुनुहुन्न त्यो मलाई थाहा छैन। तर मेरो विचारमा शरीरलाई बढी भन्दा बढी आराम दिनुछ। अरु धेरै वर्ष यो शरीरलाई बचाउनुछ। यो शरीरबाट अरु धेरै काम गराउनुछ। त्यसैले छिट्टै थोत्रे बनाउनुभएको छैन यो शरीरलाई। विरोधाभास त्यहाँनेर हुन्छ, एकातिर यो शरीरलाई जतन गर्नुछ भनिरहेको हुन्छु, अर्कोतिर लत वा स्वादको संस्कारले यही शरीरलाई हानि हुने चिज पनि खाइरहेको हुन्छु। निर्दोष शरीरउपर अत्याचार लादिरहेको हुन्छु। शरीरलाई अनावश्यक रुपमा सताइरहेको हुन्छु। जसले गर्दा शरीरभित्र रोग पस्ने प्वाल खनिँदै छन्।

मास्टरी गर्दा धेरै समय उभिनुपर्छ। विद्यार्थीसामु धेरै बोल्नुपर्छ। मेरा गुरु तथा अग्रजहरू जसले चालीस-चालीस वर्ष अध्यापन कार्यमा आयु लगानी गरिसकेका छन्। अरु उनीहरूले कति करोड शब्द सङ्ख्या बोलिसके होलान्। उनीहरूको दाँजोमा पुग्न त मलाई अरू धेरै वर्ष लाग्नेछ। तर पनि बीस वर्षको अध्यापन कालमा यो मुखबाट धेरै शब्द निकालियो होला।

बोल्दा शरीरमा भएको शक्ति व्यय भइरहेको हुन्छ। अनावश्यक ठाउँमा अनावश्यक कुरा धेरै बोलेर म शक्तिको व्यय गर्ने पक्षमा छुइनँ। त्यसैले जहाँ नबोल्दा पनि हुन्छ, त्यहाँ चुपचाप टोलाएर बस्छु। त्यस्तो क्षणमा पूर्ण मौनमा रहन्छु। उहिले उहिले वाणीको साधना गर्ने मानिस थिए, मौनताको साधना गर्ने मानिस थिए। उनीहरू धेरै धेरै वर्ष मौन रहेर ऊर्जाको सञ्चिति बढाउँथे। मौनताको साधनाले नै उनीहरू मुनि भएका होलान् भन्ने लख काट्छु। तर अहिले जमाना ठीक उल्टो छ। नबोल्ने मानिसको त कुनै पनि ठाउँमा खैरियत रहँदैन। अनि त उखान बनेको छ- बोल्नेको पीठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन।

अर्को पक्षबाट सोच्दा बोल्नु भनेको एकप्रकारले आफूभित्रको पागलपनको रेचन पनि हो। आफूभित्रको विक्षिप्तताको विरेचन पनि हो। भित्रका असन्तुष्टिहरू, गुनासा र सिकायतहरू, विरोध र स्वीकृतिहरू बोल्दाखेरी छताछुल्ल पोखिने गर्छन्। यसबाट मान्छेलाई सन्च हुन्छ। मन हलुङ्गो बन्छ। धेरै बोल्ने बानी परेका मान्छेहरूलाई नबोल्दाखेरी उकुसमुकुस र छटपटीले गाँज्छ।

आफूलाई भने बोल्न भन्दा सुन्न मजा लाग्ने भएकाले वक्ता हुनुभन्दा श्रावक हुनुमा बढी कुशलता देखेको छु। फेरि धेरै बोल्न धेरै शक्तिको खाँचो पर्दोरहेछ। कम बोल्दा कम शक्तिको व्ययीकरण भएको कुरा घरको रेडियोबाट थाहा पाउँछु। रेडियोलाई चौबीसै घण्टा बोल्न लाइराख्यो भने ब्याट्रीको पाइन दुवै दिनमा खलास बन्छ। थोरै बजायो भने धेरै दिन टिक्छ। मान्छेको शरीरभित्रको ऊर्जा पनि त रेडियोको ब्याट्री जस्तै होला।

फेरि कम बोल्दा शक्ति सञ्चय हुँदोरहेछ भन्ने कुरा भदौ महिनामा विशेष रूपमा अनुभूति गर्न सक्छु। साउन महिनामा मैले शिक्षण गर्ने शिक्षण संस्थाहरू प्राय: बन्द रहन्छन्। एक/डेढ महिनाको बर्खे बिदामा मैले करिब-करिब कम बोल्दा हुन्छ। फेरि म बढीभन्दा बढी मौन रहने चेष्टा गर्दछु। जब भदौमा स्कूल खुल्छ, अनि

अलिबार पढाउन, काम गर्न बढी ऊर्जावान् भएको महसुस गर्छु। त्यतिखेरको वाणीमा ओज र माधुर्य पनि अर्कै अर्कै हुन्छ। यसबाट तपाईंको लागि गलतै होस्, एउटा झिनो निष्कर्ष निकाल्छु- साउन महिनाको मौनताबाट शक्तिसञ्चय भएर म बढी ऊर्जावान् भएको हुँदो हुँ।

ठाउँ कुठाउँ धेरै बोल्ने बानी नभएकाले मलाई कसैकसैले यो ठ्याप्पै बोल्दैन भनेर आलोचना गरेको पनि सुनेको छु। कसै कसैले घोसे भनेको पनि थाहा पाएको छु। तर नियतवश नबोलेर घोसे भएको चाहिँ होइन। बोल्न भन्दा चुप लाग्न मन पराउने स्वभाव भएकाले यस्तो भान परेको मात्र हो। यो स्वभावले कति ठाउँमा मलाई असफल बनाएको छ। जीवनको बाटोमा यही स्वभावले कति ठाउँमा पछि पनि परेको छु। तर पनि मलाई बोल्न भन्दा मौन रहन नै मजा लागिरहेको छ।

अनि अलिकति ओछ्यान मिल्यो कि लम्पसार सुतिदिन्छु। कतिपय अवस्थामा पत्नीको गुनासो हुन्छ- के लडिका बनेर सुतिहाल्नु परेको होला ? यो बूढाको त सीधा बस्ने बानी नै छैन। बस्नुभन्दा सुत्नु जातिको आफ्नो पुराण सुनाउँछु। यस कुराले उनको दिमागी पारो अरू माथि चढ्छ। उनले जति भने पनि मैले आफ्नो बानी नफेरेपछि उनले मेरो ओछ्यानमा ढल्किने बानीलाई स्वीकारभावले हेर्न थालेकी छिन्।

अचेल म बिहान पाँच बजे उठ्छु। उठ्ने बित्तिकै आफ्नो नित्यकर्म सकेर स्कूल कुदिहाल्छु। बिहान पाँच बजे घरबाट निस्केको मान्छे माविदेखि मास्टर डिग्रीसम्मका कक्षा भ्याएर राति सात/आठ बजे घर फर्किंदा थाकेर लोथ हुन्छु। घर आएर गाँस टिपेर नौ नबज्दै ओछ्यानमा पुर्लुक्क पल्टिन्छु। त्यो वेला श्रीमतीजीका वचनबाण कानमा ठोक्किन्छन्- सुत्ने र पढाउने बाहेक तपाईंको अर्थोक काम केही भएन। म सुत्न आतुर भएको कारण शक्तिसञ्चय नै हो भन्ने कुरा बुझाउन मलाई गाह्रो परिरहेछ।

कक्षामा उभिएर प्रस्तुत गर्नुपर्ने विषयवस्तु बाहेक अरू कुरा पढाउँदा आरामसित बसेरै पढाउँदा पनि हुन्छ भन्ने मान्यता राख्छु। सहज ढङ्गले बसेर पढाउन मिल्ने ठाउँमा म त्यो अवसरलाई पनि उपयोग गरिदिन्छु। मेरो बानी बुझेका कतिपय चेलाचेलीले मलाई सहजरूपमा बस्ने चाँजोपाँजो पनि मिलाइदिन्छन्। उनीहरूले बुझिसकेका छन्, जहाँ नउभिँदा हुन्छ, त्यहाँ सजिलोसित बसेरै काम गर्नुपर्छ। जहाँ नबस्ता हुन्छ त्यहाँ सुतेर शरीरलाई आराम दिँदा हुन्छ।

यो उमेरमा पढाउनुको अलावा कमाउने र बालबच्चा पाल्ने व्यवसायका अन्य उपाय केही गरिएन। व्यापार सिकिनँ, ठेकेदारी गर्न जानिनँ। मान्छेको व्यापारमा हात हालिनँ। खेतीपातीको ख पनि शरीरले स्वीकार गरेन। विद्यार्थीलाई गोटागन्ती शब्द सिकाउनु, कापी काट्नु, अक्षरमा अनुभूति पोख्नु बाहेक अरू केही गर्न जानिनँ। यति गर्न पनि दुईदुई चोटि सर्वाकल अपरेशन व्यहोरेको मेरो कमजोर शरीरलाई धेरै धेरै ऊर्जाको आवश्यकता छ। त्यही ऊर्जा सञ्चय गर्न म जहाँ नउभिँदा हुन्छ त्यहाँ बसिदिन्छु। जहाँ नबस्दा हुन्छ त्यहाँ सुतिदिन्छु। जहाँ नदगुर्दा हुन्छ त्यहाँ सुस्तरी हिँडिदिन्छु। जहाँ नबोल्दा हुन्छ त्यहाँ मौनतामा डुबिदिन्छु। जहाँ नसोच्दा हुन्छ त्यहाँ निर्विचार भइदिन्छु। 📖

जनज्योति उमावि, चुहाडे, उदयपुर

कविता

# दशैं-तिहार

**– सरोजप्रसाद नेपाल**

छ दूर-दूर जो जहाँ
सधैं समीप ल्याउने
मिलाप नै गराउने
यिनै दशैं-तिहार हुन्

पुरातनी छ संस्कृति
बनेको नै छ सम्पदा
र सभ्यता रङ्गाउने
यिनै दशैं-तिहार हुन्

असत्यको प्रहार जो
छ सत्यले भगाउने
पवित्र प्रीति लाउने
यिनै दशैं-तिहार हुन्

प्रतीक हुन् विचारका
र न्यायका प्रचारक
मनुष्यता उठाउने
यिनै दशैं-तिहार हुन्

रहून् अनन्तसम्म यी
कथा बनेर मानवी
सबै कुरा बचाउने
यिनै दशैं-तिहार हुन्

अनन्तसम्म झल्किने
अनन्तका सितारा हुन्
अनन्त राग गाउने
यिनै दशैं-तिहार हुन्

*देउराली-१, पाल्पा*



# प्रियजन भेट

– रोहिणीप्रसाद घिमिरे

'प्रियजन भेट !' अनायासै उसका आँखा ठोक्किए राशिफलमा । त्यसो त ऊ पत्रिकामा छापिने राशिफलमा विश्वास गर्दैन तर आजको राशिफल भने उसले दोहोऱ्याई तेहेऱ्याई पढ्यो । आजको अखबारमा उसको राशिको राशिफल लेखिएको थियो- 'प्रियजन भेट ।'

उठ्नेबित्तिकै अखबार पढ्दै चियाको चुस्की लिनु उसको पुरानो आदत हो । सधैं झैं आज पनि उसले त्यसै गऱ्यो । पहिलो पृष्ठमा छापिएका सबै समाचारका शीर्षक हेऱ्यो । मुख्य-मुख्य समाचार पढ्यो र पृष्ठ पल्टायो । मध्यपृष्ठमा छापिएका लेखहरू सर्सर्ती पढिसकेर पाना पल्टाउन लाग्दा त्यसै पृष्ठको तल्लो कुनामा छापिएको राशिफलमा अनायासै उसका आँखा ठोक्किए । हुन त अखबारको त्यो कुनामा सधैं राशिफल छापिएको हुन्थ्यो तर ऊ कहिल्यै राशिफल हेर्दैनथ्यो । तर आज भने उसले राशिफल निकै चाख मानेर हेऱ्यो । किन किन उसलाई आजको राशिफलले कोही न कोही प्रियजनसँग भेट गराउला जस्तो लाग्यो ।

को हुन सक्छ त त्यो प्रियजन ? उसले आफ्ना इष्टमित्रहरू सम्झ्यो, नातागोता सम्झ्यो तर कुनै सम्भाव्यता फेला पार्न सकेन ।

आज शनिबार अर्थात् बिदाको दिन । कतै जानुपर्ने पनि थिएन । हिजो अबेरसम्मको धपेडीले गलाएको उसको शरीरमा अझै स्फूर्ति पलाउन सकेको थिएन । त्यसैले आज कतै नगई डेरामै बसेर थकाइ मार्न चाहन्थ्यो ऊ । तर राशिफलले उसको मथिङ्गलमा बारम्बार घोचिरहेको थियो ।

ऊ बसिरहेको ठाउँबाट उठ्यो । को प्रियजनसँग भेट हुनसक्ला भनेर सोच्न थाल्यो । उसले आफ्ना नातेदारहरू सम्झँदै आज भेट हुनसक्ने सम्भाव्य व्यक्ति निर्क्योल गर्न खोज्यो तर कुनै नातेदारहरूसँग आज भेट हुन सक्ने सम्भावना देखेन । उसले आफ्ना धेरै साथीसँगीहरू पनि सम्झ्यो र आजको राशिफल साकार गराउन सक्ने मित्रबारे टुङ्गोमा पुग्न खोज्यो तर त्यस्तो कुनै साथीभाइ उसको मगजमा झुल्किएन ।

'जाबो राशिफलमा पनि विश्वास गर्ने !' एक मनले त बित्थामा टाउको नदुखाउन उसलाई आग्रह पनि गऱ्यो तर अर्को मनले भने आजको राशिफलमा विश्वास गर्न कता कता कर गरिरह्यो । त्यस्तो को प्रियजनसँग भेट होला भन्ने अन्तर्द्वन्द्वमा ऊ निकैबेर अल्झियो, अल्झिरह्यो ।

'आ, राशिफल नराम्रो भए पो टाउको दुखाउनु' - उसले राशिफलबाट ध्यान अन्यत्रै हटाउन कापीकलम

## दशै-तिहार-छठको मंगलमय शुभकामना

– नागेन्द्रकुमार कर्ण

द – दया गर हे भगवती
शै – शैलपुत्री माँ दुर्गादिवी
ति – तिमी सधैं मेरो रक्षा गर
हा – हासीखुशीले मेरो जीवन भर
र – रत्तिभर म विचलित नहोऊँ
छ – छटपटी र वेदनाले कहिल्यै नछोऊँ
ठ – ठग र चोरको सङ्गत नलाऊँ
को – कोठा महल सबै म पाऊँ
मं – मंगल नै मंगल मेरो होस्
ग – गणपति र लक्ष्मी सधैं दाहिने हुन्
ल – लगन, सीप र मेहनतले म बाँचूँ
म – मनलाई सधैं प्रफुल्ल बनाई म नाँचूँ
य – यमराज पनि नजिक आउन डराओस्
शु – शुभ नै शुभको सधैं जयगान गाओस्
भ – भगवती देवी सधैं कृपा गर
का – कामना सबै मेरो पूर्ण गर
म – मह नै महमा मेरो हात होस्
ना – नाम मेरो सधैं जयजयकार होस् ॥

महोत्तरी

कविता

## ज्ञानज्योति

– परमानन्द जोशी

पाइन्छ है दु:ख गरेर ज्ञान
मिल्दैन सित्तैं सहजै नठान
विद्या सबैको मन माझिदिन्छ
एक्लै रहेमा पनि साथ दिन्छ

सङ्घर्षबाटै जुन फूल फुल्छ
त्यो फूलले ज्ञान मनमा बटुल्छ
जीवन्त सच्चा सुख दिन्छ धेर
आनन्द अर्कै छ लिए बुझेर

आँखा उघारिकन ज्योति बाली
ऊङ्कार मीठो मनमा बसाली
कोही बने गौतम बुद्ध नाथ
कोही बने विद्वान लेखनाथ

जन्मेर हर्क्यौं छ मरेर जानु
आफ्नो भनेको छ त कति लानु ?
यस्तो कलाको बिज ज्ञानज्योति
लेखौं-पढौं बालक-भाइ-साथी

बोहरीगाउँ-१, दार्चुला

झिक्यो र केही लेख्न चाह्यो । तर के लेख्ने ? जति बिर्सन खोजे पनि आजको राशिफलले बारम्बार उसको पिछा गर्न छाडेन । कहिल्यै राशिफलमा विश्वास नगर्ने ऊ आज दिनभरजसो नै राशिफलकै विषयमा घोत्लिरह्यो ।

'कतै अर्केको राशिफल त हेरिएन !' उसले पुन: अखबार पल्टायो र हेऱ्यो । राशिफल झूटो हुने कुरै थिएन । उसको नाम चिरञ्जीवी । दे, दो, चा, चि, ... मीन राशि । मीन राशिको आजको राशिफल स्पष्टसँग लेखिएको थियो - 'प्रियजन भेट ।'

राशिफलका सम्बन्धमा उसलाई सहकर्मीहरूले केही दिन पहिले सुनाएका रमाइला प्रसङ्गहरूको सम्झना आयो । राशिफलमा 'मिष्टान्न भोजन' लेखिएको दिन दिनभर भोकै बस्नुपरेको रमाइलो यथार्थ सुनाएर रमेशले खूब हँसाएको थियो । अर्को सहकर्मी मनोजले राशिफलमा 'धनप्राप्ति' लेखिएको दिन पाकेटमारले आफ्नो पाँच हजार रुपैयाँ चट् पारिदिएको मार्मिक घटना सुनाएको थियो ।

सहकर्मीहरूका उल्लिखित अनुभवहरू सम्झेर उसले आफ्नो आजको राशिफलबाट ध्यान अन्यत्रै मोड्न खोज्यो तर जति गर्दा पनि आजको राशिफलले उसलाई लखेटिरह्यो, लखेटिरह्यो । राशिफलकै विषयमा सोच्दासोच्दै पूरा दिन बितिसकेको समेत उसलाई पत्तै भएन । घडी हेर्दा पो ऊ झसङ्ग भयो । किनभने घडीले साँझको ६ बजाउनै आँटेको थियो ।

"दिन बितिसक्यो, कसैसँग भेट भएन । राशिफल सत्य भए त कोही न कोहीसँग अवश्य भेट हुनुपर्ने", उसले मनमनै सोच्यो ।

साँझ परिसकेको र अरु केही काम पनि नभएकोले चाँडै खाना खाएर चाँडै सुत्ने विचारले ऊ खाना पकाउने तरखर गर्न थाल्यो । चामल झिक्न के लागेको थियो त्यति नै वेला उसको ढोकामा बाहिरबाट ढक्ढक्याएको आवाज आयो । ऊ हठात् रोकियो र ढोकातिर फर्कियो ।

"को हो ?" उसले उत्सुकताबस सोध्यो ।

बाहिरबाट कुनै आवाज आएन । प्रत्युत्तरमा पुन: ढोका ढक्ढकियो ।

"ढोका खुलै छ, भित्रै आए हुन्छ", उसले ढोका खोलिरहनु आवश्यक ठानेन र चामल झिक्न ठीक पऱ्यो ।

"ढक् ढक् ढक् !" ढोका अर्कोचोटि ढक्ढकियो ।

"को हो ?" ऊ अलि चर्कै बोल्यो ।

अहँ, बाहिरबाट अझै कुनै प्रतिक्रिया आएन ।

उसलाई झट्ट आजको राशिफलको सम्झना भयो र बडो फुर्तिका साथ ढोका उघाऱ्यो । बाहिर उभिएको आगन्तुकलाई देखेर ऊ झन्डै चिच्यायो । उसका ओठमुख सुके । निधारमा चिटचिट पसिना आयो । शरीरै सिरिङ्ग भयो । टेकिरहेको धर्ती एक्कासि भासिए जस्तो भयो । सँघारमा सुत्केरी हुने वेला पुगेकी एउटी गर्भवती युवती उभिएकी थिई । त्यो युवती पोखिने लागेका टिलपिल टिलपिल आँसु भरिएका आँखाले ऊसँग मौन भाषामा भित्र पस्ने अनुमति माग्दै थिई ।

त्यो त्यही 'प्रिय' युवती थिई, जोसँग उसले आठ महिनाअघि 'चोखो माया' गर्दै कैयौं रात बिताएको थियो ।

बालकल्याण निमावि, शनिश्चरे-६, मोरङ

कविता



# यो राष्ट्रका रक्षक

**- धनराज सापकोटा**

शिक्षाक्रान्ति गरेर उन्नतिमहाँ लैजान्छ यो शिक्षक
थोत्रा रीति बिगारि सभ्य समता निर्माणको सर्जक ।
आफू मैनसरी खिएर अरूमा विज्ञान यो छर्दछ
राम्रो भाव नयाँ सुसंस्कृतिकला सञ्चारले भर्दछ ॥

पूर्वी ज्ञान र पश्चिमी जगतको मिश्रण गरी पस्किँदा
खुशी हुन्छ अहो ! भविष्य युगको स्रष्टा बनी टक्रिँदा ।
शैली शिल्प नयाँ विचारबलले फली अँध्यारो छटा
राम्रो मार्ग बनाउने मति लिई हिँड्यौ हटोस् दुर्दशा ॥

तिम्रो धर्म निभाउ दण्ड नदिई रक्षा गरी धर्मको
रक्षा गर्नु सधैं स्वदेश चिनिने यी नैष्ठिकी कर्मको ।
गार्गी बन्नु नबन्नु कर्कश हठी ज्ञानी बनून् शिक्षिका
दानी भाव दया र मूल-कुलका खानी बनून् शिक्षक ॥

तिम्रो कर्म बनोस् र बालहितका चर्चा चलून् देशमा
शिक्षा नाम लिई कतै नठगियोस् व्यापारीको भेषमा ।
राम्रो पाठ दिई अबोधहरूमा सोझो गरौं राष्ट्रको
खोक्रो देश गराउने नियतिको नङ्गा गरौं भ्रष्टको ॥

तार्ने माझी बनेर चिन्न सकियो अज्ञानको सागर
खोक्रो पेट लिई बढ्यो धरतिमा संज्ञानको खातिर ।
के गर्छौ जन हो ! अपार हियका यस्तै भए देशमा
चम्किन्थ्यो बिजुलीसरी प्रगतिका बाटाहरू तेजमा ॥

धेरै रक्त बगेर गो मुलुकमा मर्का परे शिक्षक
आफ्नो सान बचाई लम्क अब ता नेपालका सेवक ।
पाखण्डीपनका अगस्तिहरूले छाती लुकाउन् अब
उच्च शिर गरेर उन्नतितिर लम्कौं र जागौं सब ॥

विश्वामित्र-वशिष्ठ-सान्दिपनिका आदर्श फैलाउनु
नेपालीपनका नवीन युगका आदर्श मौलाउनु ।
थोत्रा रीति बढारि लम्कनु सधैं हे क्रान्तिका सर्जक
नौलो क्रान्ति परे गरौं अघि सरौं यो राष्ट्रका रक्षक ॥

*(शार्दूलविक्रीडित छन्द)*

कालिका कन्या मन्दिर मा.वि., बागलुङ

शिक्षक -साहित्य | निबन्ध

# घोडामार्गी हामी



- शिवशरण झवाली

श्यामश्वेत घोडा। पौराणिक कथाअनुसार विश्वविजयी सम्राटहरूले विश्वविजय गरेको निश्चित गर्न तेजी र सुन्दर अश्वहरू छाड्थे। अश्वमेध यज्ञपछि रामले छाडेको यस्तै घोडालाई उनकै छोराहरूले समातेको कथा रामायणमा छ। मदनमणि दीक्षितको उपन्यास *माधवी* मा वर्णित यस्ता चारवटा घोडा प्राप्त गर्नका लागि कथा नायिकाले अलग अलग राजाहरूबाट चारवटा छोरा पाइदिनुपर्छ। मलाई श्यामश्वेत घोडा मनपर्छ तर ती विश्वविजयको चाहना राख्ने व्यक्ति मन पर्दैन।

विद्यार्थी छँदा भन्थेँ, म विश्वविजयको सूचना बटुल्न हिँडेको श्यामश्वेत घोडा हुँ। फर्केर हेर्छु- मेरो धूले पाठशालादेखि विश्वविद्यालयको शिक्षक हुँदासम्मको यात्रालाई। आजभोलि म आफूलाई 'विश्वविद्यालयको निम्न बेतनभोगी शिक्षक' मात्र भन्छु। म न शास्त्रीय मजदुर न आधुनिक नै। कतै परिभाषामा नपरेको मजदुर, जसले निम्न बेतनमा जीवनयापन गर्छ। कसैले सङ्घर्षको उदाहरण दिँदा मेरो नाम लिएको सुन्छु। खुसी लाग्छ, उदाहरण दिने साथीलाई। म ठूल्ठूला भौतिक र मानसिक दुर्घटनाबाट उम्केर अघि बढेको छु। तापनि आज म जुन स्थानमा छु त्यो मेरो परिश्रम, साधनाका साथसाथ शिक्षा र आर्थिक बन्दोबस्तको परिणति हो भन्ने लाग्छ।

आज बिहान एउटी गाउँले चेलीको इमेल पाएँ, "म बाहिर छु युकेमा" लेखेकी रहिछिन्। चानचुन दुई वर्ष अघि काठमाडौं झरेपछि उनले स्थगित अध्ययनलाई गति दिइन्, स्नातक भइन्, केही महिना जागिरको अनुभव बटुलिन्, केही सीप सिकिन् र आज बेलायत पुगिछन्। महत्त्वाकांक्षा र मेहनतले उनलाई सात समुद्रपार पुऱ्यायो। हिजोसम्म गाउँमा घाँसको भारी बोकेर काम गर्ने चेली बेलायत पुगी भनेर म भने फुरुङ्ग छु। त्यसो त बेलायत पुग्दैमा सबै कुरा ठीक भन्ने होइन। त्यहाँ पनि जागिरको समस्या होला, महँगी होला। जेहोस् उनी आँट बोकेर त्यहाँ पुग्नु उनको शिक्षा र आर्थिक बन्दोबस्तको परिणाम हो।

गत जेठमा अचानक स्कूल पढ्दाका एकजना साथीसँग भेट भयो। उनले हाम्रो कक्षाका फर्स्ट ब्वाई र आफू सँगसँगै भएको बताए। हाम्रा फर्स्ट ब्वाई दिल्लीको कुनै होटलमा काम गर्छन् रे। उनले एसएलसीपछि आफ्नो पढाइलाई अगाडि बढाउन सकेनन्। पढाइमा अब्बल हुँदाहुँदै पनि उनी दिल्लीमा निम्नस्तरको जागिर गर्न विवश छन्। उनको जीवनमा शिक्षा र आर्थिक बन्दोबस्तको उचित संयोजन हुन सकेन, जसको परिणति उनको शैक्षिक यात्रा समाप्त भयो।

श्यामश्वेत घोडा कर्मको एउटा बिम्ब हो। हामी कर्म गर्न हिँडेका श्यामश्वेत घोडाहरू हौं। मेरो गाउँ वा समाज पनि श्यामश्वेत घोडाजस्तै विश्व भ्रमण गर्ने प्रयत्न गर्दैछ तर आफ्नै विरोधाभासले जकडिएको पनि छ। अशिक्षा, गरिबी र रोग छ। हाम्रा केही भाइबहिनी कम्प्युटर र टेलिभिजनमा रमाइरहेका छन् तर कतिपय त अहिले पनि अघिल्लो पुस्ताकै नियति भोग्न विवश छन्। आमाबाबुलाई साँझ-बिहानको छाक टार्ने समस्या नै पहाड बनिरहेको बेला छोराछोरी पढाउ अनि सुखी हुन्छौ पनि कसरी भन्ने।

विद्यालय पढ्दै गर्दा धन ठूलो कि विद्या ठूलो भनेर वादविवाद वा वक्तृत्वकला गराइन्थ्यो। वास्तवमा धन र विद्या भनेको न वादविवादका विषय रहेछन् न त वक्तृत्वकलाका नै। धनले विद्या दिनुपर्दो रहेछ, विद्याले चेतना, सक्षमता र रोजगारी दिनुपर्दो रहेछ। न कोरा र

फोस्रो शिक्षाको कुनै औचित्य छ न थुपारिएको धनको। त्यसो त उल्लिखित पात्रहरू कोही पनि समाजमा रहेका तमाम समस्याहरूका विरुद्ध उत्रन सक्ने अवस्थामा छैनन्। भर्खर-भर्खर जीवन निर्वाहका बाटा खोज्दै छन्। तर पनि कोही समस्याका बारेमा चिन्तनसम्म गर्ने अवस्थामा छन् कोहीलाई त्यही चिन्तन पनि गर्न नसक्ने बाध्यता छ। तापनि यथार्थ के हो भने कोही उडेका छौँ कोही घस्रिएका छौँ। उडे पनि घस्रिए पनि सिकाउने त त्यही परिवार नै हो, त्यही समाज नै हो, त्यही गाउँ नै हो। तसर्थ त्यो परिवार, त्यो समाज वा त्यो गाउँप्रति हाम्रा निश्चित कर्तव्यहरू छन्। भावी दिनमा त्यस्ता कर्तव्यहरू पूरा गर्न र गाउँलाई अग्रगति दिन विश्व डुलिरहेका श्यामश्वेत घोडामार्गीहरू सफल हौंला वा नहौंला? चुनौती छ।

सबैलाई दशैं, तिहार र छठको शुभकामना।

धौलागिरी बहुमुखी क्याम्पस, बाग्लुङ

## गजल

### - कुमार स्याङ्बो

असीम ज्ञानको खानी हौ शिक्षक
सिर्जनशील, स्वाभिमानी हौ शिक्षक

आफू जली अरूलाई उज्यालो छर्ने
निस्वार्थी, त्यागी र दानी हौ शिक्षक

अन्तरमनको क्लेश पखालिदिने
गंगाको पवित्र पानी हौ शिक्षक

सुन्दर फूलहरूलाई फुलाउने
अनुपम बागवानी हौ शिक्षक

सबैलाई सत्मार्गमा डोऱ्याउने
अन्तरयामी र ज्ञानी हौ शिक्षक॥

बाघभैरव निमावि, छतिवन-५
ठूलो थली, मकवानपुर

### - बिन्दु दाहाल

घोटिएर चकसँगै गयो जिन्दगी
धूलो पीठो चूर्णचूर्ण भयो जिन्दगी।

कोठा भाडा, औषधि र बोर्डिङ फिसँगै
हरेक महिना मसान्तमा रोयो जिन्दगी।

प्रत्येक इच्छा रहरहरू तुहाउँदै जाने
कस्तो नाथे मक्काएको पोयो जिन्दगी।

गुदी रस अरुले नै चुसी चुसी तान्ने
शिक्षक रै'छ आँपको जस्तो कोयो जिन्दगी।

छोडाएर मकै जति ढुकुटीमा हाली
फाल्ने या त बाल्ने रै'छ खोयो जिन्दगी।

घोटिएर चकसँगै गयो जिन्दगी
हरेक मैना मसान्तमा रोयो जिन्दगी।

जनता उमावि,
चुलाचुली, इलाम

### - पवित्र बुढा

अँध्यारो छ बत्तीमुनि कसले देख्ने ल...ल?
जल्छौ तिमी, तिम्रै कथा कसले लेख्ने ल...ल?

तयार छौ रित्तिन नै, सिद्धिन नै तयार छौँ
भत्किइसके आधारहरू कहाँ टेक्ने ल...ल?

न त ठूलो कमाइ छ, न छ बचत केही
चुहिरा'छ झुपडी त्यो केले टाल्ने ल...ल?

मात्र एउटा 'पहिचान', बाटो देखाएको
हिउँमाथिको यात्री तिमी कसले सेक्ने ल...ल?

म्याग्दी

### - पार्वती के.सी.

न त ठूलो मर्यादा छ न कमाउँछ शिक्षक
तर पनि बन्न खोज्छु म त असल शिक्षक

कसैले नि चाह गर्ने होइन यो पेशा
डाक्टर पाइलट बनाउन शुरु गर्ने शिक्षक।

कुटे पनि कुट मलाई मारे पनि मार,
आँखा नदेख्नेलाई बाटो देखाउने म शिक्षक।

सकिनँ पैसा कमाउन न झूठो बोल्न
सत्य काम मात्र गर्न जानेँ एउटा असल म शिक्षक।

जनविकास मावि, परात्मी-२, गुल्मी

## शिक्षक -साहित्य | कविता

# एउटा शिक्षकको अप्रकाशित रोजनामचा

- दिनेश अधिकारी

शिक्षक भई टोपल्नुको कारण
धेरैपटक धेरै ठाउँमा
सुन्दै आइरहेछु-
शिक्षक भनेका
अँध्यारो उज्यालो रोप्ने माली हुन्
खप्तै विपत्तिका सारा बबन्डरहरू
जसरी पनि यी
आफ्ना बिरुवाहरू फुलाउनमै उद्यत रहन्छन्
जब फुल्छन् र खेल्न थाल्छन्
एक हुल उज्याला फूलहरू
यिनीहरू फेरि
अँध्यारो उज्यालो रोप्ने दिनचर्यामै फर्कने गर्छन्
त्यसैले पनि श्रद्धेय कोही छ भने यो दुनियाँमा
ती शिक्षक हुन्।
शिक्षक भनेका
ईश्वरका अवतार हुन्
चेतनाका संवाहक हुन्...
म भने
यस्तै कुराहरू सुन्नुपरेको कारण
अचेल हरेक रात
निद्रा नलाग्ने समस्याले सताइन थालेको छ



भनूँ, कोसँग भनूँ आफ्नो कमजोरी?
मनले भनिरहेकै छ–
अक्षरहरू दुहेर
उज्यालो बाल्नुको साटो
हिजोजस्तै आज पनि म
आफ्नै स्वार्थको मियोमा घुमेर
अक्षरहरूलाई
पेट भर्ने साधन बनाउँदै आइरहेको छु
चेतना मार्दै आइरहेको छु
सम्भवत: सिक्नेले पनि
मबाट, त्यसैले
बेइमानी नै सिके
र, यसैको परिणति हुनुपर्छ
राजनेता हुनुको अग्लो परिचय बनाइसकेका
आफ्नै चेलाहरूमा
हिजोआज म
कतै दुशासन-अनुहार देख्न थालेको छु
कतै पुतना-व्यवहार छाम्न थालेको छु
देख्न थालेको छु कतैकतै भष्मासुरको बानी
र, कतै षड्यन्त्रको शकुनि भेट्न थालेको छु
उफ्! अब म के गरुँ?
र, कसलाई सुनाऊँ आफ्नो छटपटी?
साँच्चै भन्दैछु–
यो देश
यसरी भताभुङ्ग हुनुमा
अरूहरू जस्तै
म पनि उत्तिकै जिम्मेवार छु।

सीमान्त सपना, कविता सङ्ग्रह

# शिक्षकको जीवन

- लालकुमार तामाङ

खरीसँगै शिक्षकको जीवन चलिरहेको छ,
शिक्षा बाँड्दै जाँदा बढी ज्ञान बढिरहेको छ,
देशको लागि दिग्गज व्यक्तित्व जन्माइरहेको छ,
त्यसैले ऊ आत्मसन्तुष्टिमा बाँचिरहेको छ।

हिमाल, पहाड र तराई सबै ठाउँमा खटिरहेको छ,
सुगम, दुर्गम केही पर्वाह नगरी कर्तव्य पूरा गरिरहेको छ,
अरूको सुविधामा ईर्ष्या नगरी डटिरहेको छ,
त्यसैले ऊ आत्मसन्तुष्टिमा बाँचिरहेको छ।

सिद्धेश्वर उमावि, दावाँ, भोजपुर

# शिक्षक

**– भरत प्रसाई**

अज्ञानताको अन्धकारमा बत्ती बालिदेऊ
सुतिरा'को भावनालाई सचेत बनाइदेऊ।
जालझेल होइन हाम्लाई माया गरिदेऊ
हाम्रो मुटुभरि तिमी माया भरिदेऊ॥

सबैभन्दा धेरै माया तिम्ले हाम्लाई गर
आँखाभरि मुटुभरि सधैँ माया भर।
सधैँभरि उच्च सम्मान तिमी हाम्रो लेऊ
विकृतिको हिलोमाथि कमल फुलाइदेऊ॥

हामीलाई बदल्दिए संसार बदलिन्छ
सबैलाई सबैले नै तब सम्मान दिन्छ।
झ्यालढोका बन्द होइन खुला गरिदेऊ
भित्रसम्म प्रकाशलाई सधैँ जान देऊ॥

पवित्रतालाई बसाइदेऊ हाम्रो सोचमाथि
राम्रो सोच बनाइदेऊ हाम्रो जीवनसाथी।
सधैँ हाम्लाई मीठो बोली बोल्न सिकाइदेऊ
संसारभरि सुख-शान्ति सधैँ वर्षाइदेऊ॥

१६ असोज, २०६७ नेपालगञ्ज



सबै स्केच: रबिन साय्मि

## लघुकथा

# नयाँ राजा

**– राजकुमार राई**

ऊ भ्रमणको सिलसिलामा आएको थियो। यहाँको बारेमा थुप्रै जानकारी लिएर फर्कियो। केही समयपछि पुन: आयो तर भ्रमण नभएर बस्नको लागि। यताउताको दौडधूपपश्चात् नागरिकता पनि हात पाऱ्यो।

लाटाहरू त बोल्न सक्ने कुरै भएन्। बाठाहरूको मुख टाल्ने कलामा पोख्त उसले छोटो समयमै ठूला-ठूला भनाउँदाहरू समेतलाई पुच्छर हल्लाउने बनाइदियो।

जग्गा-जमिन खरिद-बिक्री र व्यापार-व्यवसाय छिटै सफल भएपछि उसले एउटा अञ्चल बराबर क्षेत्रफलको जमिन किन्यो र कारखाना खोल्यो। कारखानाको सुरक्षा हेतु अग्ला-अग्ला पर्खाल ठड्यायो। मजदुरहरूलाई आवाससहित राम्रो रोजगारी दियो।

भोका-गरिब, बेरोजगार मजदुरहरूले उसलाई 'राजा' भनेर सम्बोधन गर्न थाले। सुनियो– अब ऊ विकास क्षेत्र बराबर क्षेत्रफलको जमिन खरिद गरेर उद्योग-व्यवसाय विस्तार गर्ने योजनामा छ रे!

प्रभात बोर्डिङ स्कूल, कटारी, उदयपुर

# शिक्षक सेलो

**– ध्रुवप्रसाद ढकाल**

सबैको प्यारो हुनलाई
सुधारौं आफ्नो बानीलाई
असल कुरा सिकाऔं यी साना बाबुनानीलाई

मायाले बोलाउ भेट हुँदा
ज्ञानका कुरा भरेर
सम्झाउनु देखे बसेको
नराम्रो काम गरेर

सानालाई माया गर्दैमा
ठूलाको के नै जान्छ र
गाली र घृणा गर्नेले
भनेको कसले मान्छ र

भोलिका कर्मठ वीरहरू
कोपिला हुन् यी आजका
धन भनेका यिनै हुन्
तपाई हामी माझका

आदर गर्छन् आफैंलाई
आफूले ममता दिएमा
यिनले नि खान्छन् मदिरा
हामीले रक्सी पिएमा

सबैको प्यारो हुनलाई
सुधारौं आफ्नो बानीलाई
असल कुरा सिकाऔं यी साना बाबुनानीलाई

फुजेल-५, गोरखा

# QUESTIONS FOR CONVERSATION

To The Teacher: The best way to get your students learn spoken English is to engage them in conversation. This can be easily done by placing a question before the class, and encourage your pupils to start a conversation. Below are sample questions that you may use to start a conversation and broadly classified under the themes of "classroom," "names," and "teenage". Please use these sample questions or have the students create their own questions.

## Names

- What's your name?
- Do you know the meaning of your name? If yes, what does it mean?
  - o What does your name mean?
- Have ever changed your name?
- Do women change their name after marriage in all countries?
- Is it ever appropriate to "call someone names"? When?
- Can you name the seven continents?
- Do you believe some names or words have magical qualities?
- Do you remember any kids whose names other kids in school made fun of? Why? What were their names?
- Are you named after anyone in your family?
- Do you ever feel pressure to live up to your name?
- Can your name mean anything funny in your language?
- Have you ever known a boy that has a "girl's name" or a boy that had a "girl's name"?
- Do you wish your name was less common, or more unusual?
- How did your parents choose your name?
- Are you happy with your name?
  - o If not, why not?
- What are some of the most common names for boys and girls in our country?
- What are some really unusual names you've heard?
- Is there any name you absolutely hate?
  - o If so, what are they?
- o Why do you hate them?
- Does your name have a meaning?
  - o If so, what does it mean?
- Do you think names shape our personality? To what degree?
- Do you have a middle name?
  - o What is it?
- In your culture, when you introduce yourself, does the last name come first or the first name?
- Do you have a nickname?
  - o If so, what is it?
  - o How did you get it?
  - o Do you like it?
  - o What are some interesting nicknames that you have heard?
- How many letters are in your name?
  - o How many syllables are there in your name?
  - o Does your first name have the same number of syllables as your last name?
- What do you think of people who name their children after gods, goddess, months, seasons or days of the week?
  - o What do you think of parents who make up unique names for the children?
- Some parents give their children names in a phabetical order. Do you think this is a good idea?
- What are some titles you can think of? (e.g. Mr., Mrs., Professor, etc.)
- Do you think it is okay to give pets human names?
  - o What is the most popular name for a dog in our country?
  - o How about dogs?
- Can you name some famous world leaders?
  - o Can you name some famous music composers?

- o Can you name some famous artists?
- o Can you name some Nepali foods?
- o Can you name some Chinese foods?
- What's the name of your favorite singer?
- What's the name of your favorite character from a story you've read?
- What's the name of your favorite writer?
- What's the name of your favorite novel?
- What's the name of your favorite television show?
- What's the name of your favorite movie?

## Teenage

- Do you think teenagers today should show more respect for adults? (teachers, parents etc)
- What do you think about teenagers who dye their hair blue, green, or another crazy colour?
- Do you think that wearing uniform to school is a good idea?
- Does it matter if teenagers sometimes use bad language?
- What do you think about rock videos today?
- Do you think teenagers today have it 'too easy'?
- Did you have a good relationship with your parents? Why or why not?
- Do you think it's a good idea to give teenagers a lot of freedom? (example: come home when you like)
- Do teenagers you know have problems with drugs or alcohol?
- Should we keep teenager away from drugs and alcohol?
- Is teenage suicide a problem in our country?
- What is the most important thing a parent can do for a teenager?
- Do you think that advertising plays an important role in how teenagers think?
- Should teenagers work? why or why not?
- What is it like to be a teenager in your society?
- Would you rather be a child, teenager or an adult? Why?
- What are the advantages of being a child, a teenager and an adult? What are the disadvantages?
- At what age should teenagers be allowed to get married?
- At what age should teenagers be allowed to vote?
- Do you know any good role models for teenagers in our country?
- What do teenagers think about?
- Can teens change the world? If yes, how? If not, why not?
- As a teenager, how do you think fashion changed or affected your life?
- Among the fashion stuff that is prevalent in the world today, which do you think is the most hideous one?
- How much freedom should parents give to their teenagers?
- How do you think can we eradicate or at least lessen juvenile delinquency?
- How does media affect the thinking patterns of the teenagers of today?
- If you could do something differently, which mistake in the past would you not do and why?
- As a teenager, what do you think you can contribute to society?

## Classroom


- What do you like about your classroom?
- Do you think the teacher should assign seats to students?
- What kind of classroom setting is the best for you?
- What are five things you like about your classroom?
- What are five things you don't like about your classroom?
- What are five things you would like to change in your classroom?
- Is your classroom a nice place to study?
- Do you like the location of your desk or bench in your classroom?
- Do you think that smart students always sit down in front?




# फुर्सद



## शब्द खेल-२५



**नाम:** — — — — — — — — — —

**ठेगाना:** — — — — — — — — — —


### तेर्सो

२) सूर्यको तापयुक्त प्रकाश
६) सहयोग
८) हृदयमा रहेको वा हृदयबाट आएको
९) कृत्रिम धाक/फुर्ती/स्वाङ
१२) बान्की/बनोट/रचना
१३) निपुणता/कौशल
१५) खानेपिउने सामग्री वा अन्नपात
१७) विश्वासको अभाव/अपत्यार
१९) बग्गी, घोडा आदि हांक्ने व्यक्ति
२१) आश्चर्यजनक दक्षता वा कुशलता/चमत्कारी कार्य
२२) रातोपन/लाली
२४) नरम स्वभावको/विनीत/शिष्ट

### ठाडो

१) तत्वदर्शीहरूले निश्चित गरेको कुनै विशिष्ट कुराको मत वा सिद्धान्त
३) शङ्कर/शिव
४) सेवक/कमारो
५) प्रश्नको उत्तर
७) भोक, तिर्खा आदिबाट हुने व्याकुलता
१०) पूरा वाक्यको एक अंश
११) शरीरको उचाइ, अग्लाइ, मोटाइ आदिको समष्टि रूप/जीउडाल
१४) धेरै खाने स्वभावको/खाइरहन खोज्ने
१५) कृष्णले वृन्दावनमा गोपिनीहरूको साथ गरेको प्रमोदलीला
१६) नाश भएको/बिग्रेको/ध्वस्त
१८) आफ्नो पुरानो ठाउँ छाडी अरू ठाउँमा पुग्ने क्रिया/अस्थिरता
१९) मन्त्रिमण्डलको निर्णयलाई कार्यान्वित गराउने विशिष्ट तहको कर्मचारी
२०) धन/सम्पत्ति/पैसा
२३) अक्षर लेख्ने प्रणाली/लिखित अक्षर

## आयुर्वेद गाईको दूध



गाईको दूध र घिउ हाम्रो शारीरिक स्वास्थ्य र सौन्दर्यको लागि सस्तो र सजिलै उपयोगमा ल्याउन सक्ने वस्तु हो । गाईको दूध पिउने हो भने दुहुनासाथ तातातै अथवा उम्लिनासाथ पिउनु सबभन्दा स्वस्थकर हुन्छ । स्वास्थ्य र सौन्दर्यको हिसाबले गाईको दूधलाई हामी यसरी पनि प्रयोगमा ल्याउन सक्छौं ।

१) एक गिलास गाईको दूधमा एक चम्चा मह मिसाएर पिउने गरिराख्यो भने रगत सफा भएर अनुहारै रातो पिरो भएर आउँछ ।
२) गाईको दूधमा कपडा एक टुक्रा भिजाएर त्यसमा फट्किरीको लेप राखेर उक्त कपडाले आँखा छोपिदिनु पर्छ । आँखा पोलेको र दुखेको निको हुन्छ ।
३) गाईको दूधमा बेसार मिसाएर पिइदियो भने जीउमा कतै चोट लागेको छ वा सुन्निएको छ भने त्यो सन्चो भएर जान्छ ।
४) गाईको दूधमा मिश्री हालेर पिइदियो भने पेट र घाँटी पोलेको निको हुन्छ ।
५) थकाइ लाग्यो अथवा रिंगटा लागेको छ भने एक गिलास गाईको दूधमा एक चम्चा घिउ, एक चम्चा मिश्री राखेर पिउनुस्, फाइदा हुन्छ ।
६) पिसाब गर्दा पोल्छ भने गाईको काँचो दूधमा अलैंची एउटा पिसेर पिउनुस्, ठीक हुन्छ ।
७) गाईको दूधमा सोंठ घोटेर निधारमा लगाइदिनुस्, टाउको दुखेको निको हुन्छ ।
८) खोकी लागेको छ र रूघा वा सर्दीले छोएको छ भने सोंठ, मरीच र पिप्ला बराबर मात्रामा राखेर पिसेर राख्ने अनि दिनको दुई तीनपल्ट गाईको दूधसंग त्यो पाउडर (मिश्रण) अलि अलि खानुस् फाइदा हुन्छ ।
९) गर्भवतीहरूले गाईको दूध पिउने गरेमा उनीहरू कमजोर हुंदैनन् ।
१०) गाईको काँचो दूधमा कागती निचोर्ने र त्यही दूधले अनुहारमा दल्नुस् अनुहार सफा र राम्रो भएर आउँछ ।

**नियम:** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक मासिक* नि:शुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ ।
यस अंकका प्रश्नको जवाफ/समाधान **२० मङ्सिर २०६७** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगाना:** ***शिक्षक*** मासिक, मच्छिन्द्र मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

## सुडोकु-२५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ८ | | | ३ | | | १ | |
| ३ | ५ | | | ४ | | | ७ | ६ |
| | | | २ | | १ | | | |
| २ | | | | ९ | | | | ५ |
| | ३ | ९ | ४ | | ७ | ६ | २ | |
| ४ | | | | ५ | | | | ९ |
| | | | ८ | | ४ | | | |
| ८ | २ | | | १ | | | ४ | ७ |
| | ६ | | | ७ | | | ९ | |

**नाम:** __ __ __ __ __ __ __ __ __ __

**ठेगाना:** __ __ __ __ __ __ __ __ __ __

## सुडोकु-२३ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ८ | ३ | ६ | ४ | ९ | ७ | ५ | १ |
| ४ | ६ | ९ | ५ | ७ | १ | ३ | २ | ८ |
| १ | ७ | ५ | ८ | २ | ३ | ९ | ४ | ६ |
| ५ | ९ | ७ | ४ | ८ | ६ | २ | १ | ३ |
| ६ | ४ | २ | १ | ३ | ५ | ८ | ९ | ७ |
| ८ | ३ | १ | २ | ९ | ७ | ४ | ६ | ५ |
| ९ | ५ | ८ | ७ | ६ | ४ | १ | ३ | २ |
| ३ | २ | ६ | ९ | १ | ८ | ५ | ७ | ४ |
| ७ | १ | ४ | ३ | ५ | २ | ६ | ८ | ९ |

## सामान्यज्ञान-२५

१. विश्वमा ८,००० मिटरभन्दा अग्ला १४ वटा हिमाल छन् । तीमध्ये सबैभन्दा अग्लो सगरमाथा (८,८४८ मि.) हो भने १४ औं अग्लो हिमालको नाम के हो ?

२. इन्टरनेटको आविष्कार कसले गरेको हो ?

३. विश्वको सबैभन्दा प्रतिष्ठित 'नोबेल पुरस्कार' सन् १९०१ देखि प्रदान गर्न थालिएको हो । उक्त पुरस्कार पाउने पहिलो एसियाली नागरिक को हुन् ?

४. जनगणना २०५८ अनुसार नेपालमा चार परिवारका ९२ प्रकारका भाषा अस्तित्वमा छन् । अब भन्नुहोस्, ती चार भाषा परिवारको नाम के हो ?

५. २०१३ सालदेखि प्रदान गर्न थालिएको मदन पुरस्कार अहिलेसम्म एक जनाले मात्रै तीनपटक प्राप्त गरेका छन् । ती पुरूषार्थी को हुन् ?

### सामान्यज्ञान-२३ को सही उत्तर

१. संसारको सबैभन्दा लामो रेल सुरूङ मार्ग जापानमा छ । जसलाई से इकान सुरूङ मार्ग भनिन्छ । यो ५३.८५ किमि लामो छ ।

२. संसारमा सबैभन्दा बढी प्रति छापिएको पुस्तक बाइबल हो ।

३. आफ्नो खेलजीवनमा सबैभन्दा बढी गोल गर्ने फूटबल खेलाडी पेले (१२८० गोल) हुन् ।


४. सबैभन्दा लामो समयसम्म पदमा रहने अमेरिकी राष्ट्रपति फ्रयाङ्कलिन रूजवेल्ट हुन्, उनको कार्यकाल १९३३-१९४५ सम्म १२ वर्षको रह्यो ।

५. डिजेल पत्ता लगाउने व्यक्ति जर्मनीका रूडोल्फ क्रिश्चियन कार्ल डिजेल (Rodulf Christian Karl Diesel) हुन् ।





## अन्ताक्षरी-२५




नामः

ठेगानाः

१) भित्री मन/भित्री चेतना (४)
२) आश्विन शुक्ल परेवादेखि नवमीसम्मका शारदीय दुर्गापूजाका नौ दिन (४)
३) आयुर्वेदका अनुसार हर्रो, बर्रो र अमला- यी तीन फलहरूको समष्टि (३)
४) लक्षणसम्बन्धी/लक्षणाशक्तिद्वारा अर्थबोध गराउने (शब्द वाक्य आदि) (४)
५) धमाधम कस्ने काम/परस्परको कसाइ (४)
६) परामर्शदाता (५)
७) कुनै आकर्षणद्वारा जन्मिने अनुराग/हिमचिम (४)
८) अरूको दुःख देखेर आफ्ना मनमा हुने सहानुभाव (५)
९) तीन खण्डको एक खण्ड/तृतीयांश (३)
१०) कुनै अख्तियारवाला अड्डाले कुनै कामकुराको निम्ति दिइएको अनुमति (४)
११) कुनै कामका निम्तिको तत्परता (४)
१२) परस्परको कुनै काम वा कुराकानीमा हुने गडबड/खिचोला (४)
१३) चकचके/चुलबुले (३)
१४) लाज मान्ने स्वभावको/लज्जाशील (३)
१५) एक साथ धमाधम भएको लुटाइ (४)
१६) पातको थाल जस्तो भाँडो (३)
१७) क्रोध/रिस (२)

**शब्दखेल-२३ को सही उत्तर**

तेर्सोः १) आकलझुकल ५) डल्ले ६) खप्पिस ७) गयल ८) झीर ९) नाश १२) मानभाउ १३) खण्डहर १५) कलि १७) माउ १८) खतरा १९) खराउ २१) रात २२) रहनसहन । ठाडोः २) कम्पायमान ३) झुरो ४) लखरलखर ५) डसना १०) शहर ११) ताउरमाउर १२) मारक १४) हरतरह १६) लिखत २०) यान ।

**अन्ताक्षरी-२३ को सही उत्तर**

१) अकिञ्चन २) नगदानगदी ३) दीर्घजीवी ४) वीर ५) रखवाला ६) लाखापाखा ७) खाइपाइ ८) इज्जत ९) तर्कना १०) नातावाद ११) दर्शक १२) करकाप १३) परिचित १४) तकिया १५) यातना १६) नालायक १७) कचकच ।



## पुरस्कार विजेता र सही समाधान पठाउनेहरू

**शब्दखेल-२३ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *लीलाराम खत्री*, सरस्वती मावि, सहारे-८, सुर्खेत**

**सही समाधान पठाउने अन्य सहभागी**

- ध्रुवकुमार खड्का, जालपादेवी प्रावि, देउराली-१, रामेछाप
- शिवराम अधिकारी, हरिश्चन्द्र लम्साल, भैरवकाली उमावि, रम्घा-६, लमजुङ
- मदन अधिकारी, कंचनजंघा निमावि, मेनपा-१३, सालघारी, झापा
- शशिधर पौडेल, जनता मावि, पाही, राङखानी, बाग्लुङ
- निसान सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- कृष्णबहादुर लिम्बू 'कमल', कुरूले तेनुपा-५, धनकुटा
- मदन पन्त, ताङ्लिचोक मावि, गोरखा
- प्रवीण दियाली, भीमबहादुर हेम्मू, शारदा प्रावि, लप्सीबोटे-४, इलाम
- माधवप्रसाद भट्टराई, रा.ज. उमावि, भ्रमरपुरा, महोत्तरी
- सन्तु शर्मा चापागाईं, शारदापुर बालविकास केन्द्र, पाङ-३, पर्वत
- रमेश शर्मा, राजकुलेश्वर निमावि, दोलखा
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- भीमप्रसाद न्यौपाने, महामाया भवानी उमावि, रूपन्देही
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क, धनकुटा
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३
- गोविन्दप्रसाद आचार्य, जनकल्याण उमावि, पालुङ, मकवानपुर
- लोमश खतिवडा, दिक्तेल-५, खोटाङ
- लालबहादुर डि.सी., सरस्वती मावि, सहारे-८, सीमघाट, सुर्खेत
- हेमराज अर्याल, नलाङ मावि, नलाङ, धादिङ
- रामचन्द्र सुवेदी, वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- रामाकान्त चौधरी, नेपाल टेलिकम, भद्रकाली, काठमाडौं
- सुमधुर खनाल, अमलेश्वर प्रावि, बैरेनी-९, राहुडाँडा, धादिङ
- उद्धवप्रसाद सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर

**सुडोकु-२३ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *रामशरण पुडासैनी*, कल्याणीदेवी उमावि, जिलिङ, नुवाकोट**

**सही समाधान पठाउने अन्य सहभागी**

- प्रेमबहादुर हमाल, विश्वज्योति मावि, पाखापानी-४, सिम्ले, पर्वत
- तिलमाया पुन भण्डरी, भीम मावि, राजदाङ, म्याग्दी
- टेकबहादुर चौहान, महेन्द्रोदय मावि, बोया-४, भोजपुर
- प्रकाश तजले, वाइज ल्याण्ड सेकेण्डरी स्कूल, जगाती, भक्तपुर
- रामचन्द्र सुवेदी, वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं
- दीपेन्द्र कुमार झा, भीमेश्वर निमावि, रामपुर, रामेछाप
- डिल्लीप्रसाद आचार्य, बौडेचौर मावि, सिगाना-१, बाग्लुङ
- प्रकाश खड्का, वेस्ट प्वाइन्ट ई.बो. स्कूल, झलारी-७, कञ्चनपुर
- डिगराज दाहाल, कालिका प्रावि, दिक्तेल-८, खोटाङ
- सुनिल भट्टराई, कटुञ्जे मावि, कटुञ्जे-८, ओखलढुङ्गा
- ओमबहादुर भण्डारी, बघौडा-९, रमाइलोडाँडा, चितवन
- लेखनाथ सुवेदी, मार्गादेवी प्रावि, बेलहरा-३, धनकुटा
- झलक शर्मा, सरस्वती प्रावि, थापाठाना-१, पर्वत
- माधव अधिकारी, जनहित उमावि, खनालथोक, काभ्रे
- दिलीप गिरी, रत्नराज्य उमावि, काठमाडौं
- इन्दिरा पराजुली, दाप्चा मावि, डराउने पोखरी-९, काभ्रे
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- रूद्रबहादुर श्रेष्ठ, पाँचकन्या प्रावि, कदमवास-७, भैंसे, सिन्धुपाल्चोक
- सेवक रिजाल, झिम्पे-९, सल्यान
- चन्द्रप्रकाश बजगाई, छतिवन-५, गोठखोला, मकवानपुर
- कमला श्रेष्ठ, पिपल्टार-५, बोर्लाङ, गोरखा
- बच्चु सापकोटा, बागेश्वरी प्रावि, कोगटे-७, सानोबाह्रघरे, मकवानपुर
- अमृतप्रसाद चापागाई, पाङ धैरेनी उमावि, पाङ, पर्वत
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- ओमप्रकश श्रेष्ठ, राम्चे प्रावि, बुंकोट, गोरखा
- रत्नराज इटनी, भुवनेश्वरी मावि, चैनपुर-१, तल्लोरामपुर, धादिङ
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क, धनकुटा
- सन्तोषकुमार मेहता, नरसिंह-८, सुनसरी
- दीपकराज आचार्य, सरस्वती मावि, सिम्घाट, सहारे-८, सुर्खेत
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, चुल्ठेपानी मझुवा-४, रामेछाप
- मदन अधिकारी, कञ्चनजंघा निमावि, मेनपा-१३, सालघारी, झापा
- राजकुमार लामा, शारदा निमावि, साल्धारा-३, देउराली, काभ्रे
- गणेशबहादुर श्रेष्ठ, सातकन्या कालिकादेवी प्रावि, कदमबास-१, लप्से, सिन्धुपाल्चोक
- जगन्नाथ पौड्याल, सरस्वती मावि, सिम्घाट, सहारे-८, सुर्खेत
- सन्दिप लिम्बू, धरान-१९, सृजना मार्ग, सुनसरी
- प्रमोद कुमार दास, दीपेन्द्र निमावि, जोगीडाँडा, रिस्कु-६, उदयपुर
- लोकबहादुर गरौंजा मगर, ज्ञानोदय निमावि, सिर्थौली-४, कपिलाकोट, सिन्धुली
- नवराज सापकोटा, बुद्धि कल्याण प्रावि, श्रीनाथकोट-३, डाँडागाउँ, गोरखा
- जनकप्रसाद आचार्य, प्रभात मावि, पालुङ, मैनादी-३, पाल्पा
- निरमाया श्रेष्ठ, सातकन्या कालिकादेवी प्रावि, कदमबास-१, लप्से, सिन्धुपाल्चोक
- देवचन्द्र श्रेष्ठ, बैकमार्ग '७१' ग, बागबजार, काठमाडौं
- कृष्णबहादुर लिम्बु 'कमल', कुरूले तेनुपा-५, धनकुटा
- भोजनारायण श्रेष्ठ, ताङ्लिचोक मावि, पातिस्वाँरा, गोरखा
- विवेक श्रेष्ठ, ग्रामीण आदर्श बहुमुखी क्याम्पस, नेपालटार, काठमाडौं
- मदनकुमार राना, शारदा निमावि, साल्धारा-३, देउराली, काभ्रे
- गुप्तबहादुर भण्डारी, महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- कौशलकुमार यादव, मधेशी शिक्षक फोरम नेपाल, जिल्ला समिति, महोत्तरी
- शम्भुबहादुर आले मगर, नीलकण्ठेश्वर मावि, कठजोर, रामेछाप
- रामाकान्त चौधरी, नेपाल टेलिकम, भद्रकाली, काठमाडौं
- ध्रुवप्रसाद ढकाल, फुजेल-५, गोरखा
- रंगलाल सुनुवार, गोल्माडाँडा प्रावि, दाइजोर, रामपुर-८, रामेछाप
- गणेश थापा, सिमरा कलेज, सिमरा, बारा
- टेकनाथ दुलाल, सेतीदेवी प्रावि, किमालुङ-७, भोजपुर
- अशोक कुमार गुप्ता, बसडिलियापथ, सि.न.पा.-८, भैरहवा, रूपन्देही
- हेमराज पौडेल, लक्ष्मीनारायण निमावि, अमलाचौर-९, सरङ्गी, बाग्लुङ
- शिवबहादुर खड्का, जनशक्ति उमावि, नामजुङ-४, गोरखा
- विष्णुप्रसाद भट्टराई, नेशनल युनाइटेड स्कूल, हात्तीगौडा, काठमाडौं
- नरेशराज जोशी, सेतीगाउँ उमावि, ककरपाखा, बैतडी
- बलराम शिवाकोटी, राजकुलेश्वर निमावि, दोलखा
- रमेश शर्मा, राजकुलेश्वर निमावि, दोलखा
- रामजी राउत, जनज्योति प्रावि, माकुरे, रिस्कू-४, उदयपुर
- राजनविक्रम शाह, बालभैरव प्र.नि.मा.वि., थारी, सुर्खेत

**अन्ताक्षरी-२३ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *देवनारायण चौधरी*, हडिया-४, उदयपुर**

**सही समाधान पठाउने अन्य सहभागी**

- दिलीप कोइराला, नवदुर्गा मावि, दलगाउँ, भोजपुर
- शंकरसिंह साउद, महाकाली जनसेवा उमावि, हल्दुखाल, कञ्चनपुर
- माधवप्रसाद भट्टराई, रा.ज. उमावि, भ्रमरपुरा, महोत्तरी
- कमला राजभण्डारी, दियाले-३, अँधेरी, ओखलढुङ्गा
- रामराज पौडेल, बहादुरे मावि, भदौरे, तामागी, कास्की
- मिलन श्रेष्ठ, लक्ष्मी मावि, काहुले-२, खोटाङ
- भावना सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- ध्रुवकुमार खड्का, जालपादेवी प्रावि, देउराली-१, रामेछाप
- गणेश सुनार, बाल भैरब प्र.निमावि, लेखगाउँ-१, थारी, सुर्खेत
- सुनिल भट्टराई, कटुञ्जे-८, ओखलढुङ्गा
- अनुप श्रेष्ठ, सरस्वती उमावि, खानीभञ्ज्याङ, ओखलढुङ्गा
- हरिनारायण खतिवडा, शारदा सं.मा.वि., बाबियाखर्क-३, रामेछाप
- अमृतप्रसाद चापागाई, पाङ धैरेनी उमावि, पाङ-१, पर्वत
- गोविन्दप्रसाद ढुङ्गाना, महांकाल निमावि, ठूलोपर्सेल-१, पकुवाल, काभ्रे
- लोमश खतिवडा, दिक्तेल-५, खोटाङ
- मदन अधिकारी, कञ्चनजंघा निमावि, मेचीनगर-१३, सालघारी, झापा
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, चुल्ठेपानी, मझुवा-४, रामेछाप
- अनुजा क्षेत्री, भगवती प्रावि, चन्द्रगढी-२, झापा
- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी न.पा-१२, कैलाली
- चन्द्र अर्याल, ह्मा कुवर, सरस्वती माता मावि, अर्घातोष-८, अर्घाखाँची
- बलराम शिवाकोटी, राजकुलेश्वर निमावि, दोलखा
- दत्तबहादुर विश्वकर्मा, गोल्माडाँडा प्रावि, रामपुर-८, चितवन
- कविता पुलामी मगर, भृकुटी निमावि, डाँडागाउँ-२, सौरे, काभ्रे
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३, मोरङ
- दिव्यराज सुवेदी, पञ्चकन्या प्रावि, ओखे-१, भोजपुर
- झलक शर्मा, सरस्वती प्रावि, थापाठाना-१, खुम, पर्वत
- रामचन्द्र सुवेदी, वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं
- रामाकान्त चौधरी, नेपाल टेलिकम, भद्रकाली, काठमाडौं

**सामान्यज्ञान २३ः सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः अमृतप्रसाद चापागाई, पाङ धैरेनी उमावि, पाङ, पर्वत**

**सही समाधान पठाउने अन्य सहभागी**

- सन्तु शर्मा चापागाई, शारदापुर बालविकास केन्द्र, पाङ-३, पर्वत
- माधव अधिकारी, जनहित उमावि, खनालथोक, काभ्रे
- इन्दिरा पराजुली, दाप्चा मावि, डराउने पोखरी, काभ्रे

## मैले पढेको स्कूल

# 'लट्ठी कहिल्यै देखिनँ'



**प्रा. डा. पुष्पराज शर्मा**, बाल विशेषज्ञ

**डा. सा'बले स्कूल कहाँ पढ्नुभयो ?**

मैले पाल्पाको तानसेनस्थित जनता विद्यालयमा पढेको हुँ। त्यहींबाट २०१७ सालमा एसएलसी गरेँ। आईएस्सी पढ्न चाहिँ बनारस गएँ। मेरी हजुरआमा त्यहाँ बस्नुहुन्थ्यो।

**स्कूल पढ्दाखेरीका कुनै सहपाठीका नाम सम्झना हुन्छ ?**

किन नहुनु ? धेरैजनाको नाम सम्झन्छु। डा. यादवप्रसाद कोइराला (त्रिवि), प्रा. विनोदप्रसाद श्रेष्ठ (त्रिवि), पृथ्वीराज लिगल (पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग), बुद्धिप्रसाद शर्मा (पछि जनता विद्यालयको प्रधानाध्यापक) र तिलकप्रसाद (नेपाली सेना) लाई सम्झन्छु। कुलचन्द्र गौतमले पनि हामीभन्दा अघि त्यहीं पढ्नुभएको हो।

**'हेड मास्टर' को हुनुहुन्थ्यो ?**

जगतबहादुर जोशी। स्कूल बनाउन त्यसवेला 'हेडसर'सित चादर बोकेर चन्दा उठाउन हिँडेको अहिले पनि सम्झन्छु। जगत सर मेरो आदर्श शिक्षक हुनुहुन्छ। उहाँको आनीबानीबाट म प्रभावित थिएँ। त्यस भेकमा उहाँलाई धेरैले चिन्थे। उहाँ मेरो छिमेकी पनि हुनुहुन्थ्यो। *(हे. जोशीको व्यक्तित्व विवरण, शिक्षक पूर्णाङ्क १३, वैशाख २०६६।)*

**अन्य शिक्षकबारे डा. सा'बको धारणा ?**

स्कूलमा छँदा शिक्षकहरूबाट कहिल्यै सजाय पाइनँ। एकचोटि मैले स्कूलले आयोजना गरेको कार्यक्रममा कविता सुनाएँ। त्यसको एउटा पङ्क्ति आफूले लेखेँ र अर्को पङ्क्ति कुनै किताबबाट सारेको थिएँ। नेपालीको सरले त्यो थाहा पाइहाल्नु'भो। तैपनि उहाँले मलाई कुनै सजाय दिनुभएन। त्यसो नगर्ने अर्ती चाहिँ दिनुभयो। त्यो जमानामा पनि मैले स्कूलमा लट्ठी लिने कुनै शिक्षक देखिनँ।

**स्कूलको भौतिक अवस्था कस्तो थियो ?**

सानो कक्षामा सुकुलमा बसेर पढ्थ्यौँ। माथिल्लो कक्षामा पुगेपछि बेन्चमा बस्न पायौँ। स्कूल र कक्षाकोठाको सरसफाई हामी आफैं गर्थ्यौं। स्कूल परिसरमा मौलाएको सिस्नु काट्न मैले घरमा गएर छालाको पञ्जा लगाएर धरी आएँ।

**तपाईंलाई त्यो स्कूलले के दिएको ठान्नुहुन्छ ?**

त्यहाँबाट मैले संस्कार पाएँ। पढ्नुपर्छ, चोरी गर्नुहुन्न। मान्यजनलाई आदर गर्नुपर्छ। यस्ता समाजोपयोगी संस्कार मैले स्कूलबाटै सिकेँ। त्यसवेला हामी शिक्षकलाई गुरुका रूपमा सम्मान गर्थ्यौं। तर आजभोलि त्यस्तो छैन। फोहोरी राजनीतिक संस्कारले स्कूलहरू बर्बाद भएका छन्।

**यसरी बर्बाद बनाइएका स्कूललाई कसरी सुधार्न सकिएला त !**

स्कूलप्रति प्रतिबद्ध र पढाउन सक्ने क्षमता भएका शिक्षकहरूको व्यवस्था गर्न सक्यौँ भने हाम्रा सामुदायिक स्कूलमा पठनपाठन सुध्रने छ। शिक्षक र समाजबीच सम्बन्ध टुटेको अवस्था छ। त्यो सम्बन्ध पुनः जोडिनुपर्दछ। स्कूलमा राजनीति बन्द गरिनुपर्दछ। समाजले शिक्षकलाई पूरापूर सहयोग गर्नुपर्दछ।

**बाल विशेषज्ञ चिकित्सकको नाताले शिक्षकहरूलाई के सल्लाह दिन चाहनुहुन्छ ?**

बालबालिकाले संस्कार परिवार र स्कूलबाट सिक्दछन्। उनीहरूले परिवारका सदस्यबाट चालचलन सिक्छन् भने शिक्षकबाट सामाजिक उत्थान र मर्यादाका कुरा सिक्छन्। स्कूलबाट बालबालिकाले जीवनोपयोगी क्षमता अर्थात् 'लाइफ स्किल' सिक्न पाउनुपर्दछ। यसमा शिक्षकहरू सधैँ सजग रहनुपर्दछ। शिक्षक कक्षामा सरल, सफा र मित्रवत् ढङ्गले प्रवेश गर्नुपर्दछ। त्यसो भयो भने बालबालिकाले शिष्टता सिक्छन्, एकले अर्कोलाई माया गर्न जान्दछन्। शिक्षक हातमा लट्ठी लिएर रिसाएको मूडमा झ्वाक्किँदै कक्षामा प्रवेश गरे भने त्यसले बालबालिकामा उत्तेजनाको बीजारोपण गरिदिन्छ। तसर्थ कक्षामा जाँदा शिक्षक रिसाएको पनि देखिनुहुँदैन; लट्ठी बोकेर जानु त महाभूल नै हुन्छ।

**स्कूल र बच्चाको स्वास्थ्यमा सम्बन्ध छ भन्न खोज्नुभएको हो ?**

एकदमै हो। एकदिन मेरो क्लिनिकमा एउटी आमा स्कूल जाने उमेरको बिरामी बच्चा लिएर आइन्। 'डा. सा'ब मेरो बच्चाले खानै मान्दैन' भन्ने कुरा उनले भनिन्। मैले सोधेँ, "तपाईंको बच्चा बिहान कति बजे उठ्छ ? के के खुवाउनुहुन्छ ? स्कूल कति बजे पठाउनुहुन्छ ?..." महिलाको जबाफ थियो, "६ बजेतिर उठ्छ, जे खुवाउन खोजे पनि मनै गर्दैन। अनि भोकभोकै ७ बजे स्कूल जान्छ।"

त्यो बच्चाले बिहान उठ्नासाथ; एक घण्टामा के खाओस् ! अनि बच्चा बेलुकी ५-६ बजेतिर घर फर्किन्छ। थाकेको हुन्छ। ऊ साँझमा पनि खान मन गर्दैन। नखाई सुत्छ। जसका कारण त्यो बच्चालाई कुपोषण भएको थियो।

यसरी स्कूलले गर्दा हाम्रा बच्चाको स्वास्थ्य बिग्रिरहेको छ। घरमा चाउचाउ लगायतका 'जङ्क फुड' खान नदिएर के गर्ने ? स्कूलमा त्यस्ता खाना 'फ्रि' छ। यस्ता कुरामा स्कूलहरूले ध्यान दिएको पाइँदैन। यो दुःखद् कुरा हो।

**ध्रुब सिम्खडा**

# शिक्षक मासिक ग्राहक बन्नका लागि सम्पर्क ठेगाना

१. पाँचथर
सरस्वती पुस्तक पसल, फिदिम, ०२४-६९००८३

२. इलाम
इलाम पुस्तक पसल
फोन: ०२७-५२०४२३, ९८४२६२७४२३

३. झापा
जीविका इन्टरप्राइजेज, बिर्तामोड, ९८४२६२४६७७

४. तेह्रथुम
श्रेष्ठ भण्डार, म्याङलुङ
फोन: ०२६-४६०१९३, ९८४१६८७७०७

५. भोजपुर
त्रिवेणी छापाखाना, फोन: ०२९-४२०१९०

६. मोरङ
- वाणी प्रकाशन
  विराटनगर, ०२१-५२८१२०, ९८०४३०१४४१
- कट्टेल न्यूज एण्ड स्टेशनरी
  विराटनगर, ९८५२०२२५३३, ०२१-४७२३८७

७. सोलुखुम्बु
मेरिना बुक्स एण्ड स्टेशनरी
सल्लेरी: ०३८-५२०१४९, ९७४३००५८००

८. ओखलढुङ्गा
- श्रेष्ठ पत्रपत्रिका सेन्टर
  भैरवटोल: ०३७-५२०२१२
- उदास पुस्तक पसल
  चोकबजार: ०३७-५२०२०२, ९८४१०३४०३७

९. उदयपुर
अनुप पुस्तक पसल
कटारी, ०३५-४५००१३

१०. खोटाङ
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दिक्तेल, ०३६-४२०२३२, ९८४२८४९२३२

११. धनुषा
जनज्योती पुस्तक पसल
जनकपुर, ०४१-५२१८८४

१२. दोलखा
- हारती स्टेशनरी एण्ड सप्लायर्स
  भीमेश्वर, ०४९-४२१३२७, ९८४४०६५४६६
- जिरी स्टेशनरी
  जिरी, ०४९-६९०४७८, ९७४४००१०१६

१३. सिन्धुली
न्यू परजुना स्टेशनरी
सिन्धुली, २ नं. बजार: ०४७-५२००२५

१४. रामेछाप
- जे.एन. पुस्तक पसल
  मन्थली, ०४८-५४०३१०, ९७४१०५००११
- मिलिजुली पुस्तक तथा स्टेशनरी
  मन्थली, ०४८-५४००८३

१५. रौतहट
प्रभात स्टेशनरी, चन्द्रनिगाहपुर ०५५-५४०५०२

१६. पर्सा
माइस्थान बुकसप, वीरगन्ज, ०५१-५२३४५०

१७. बारा
गौरीशंकर पुस्तक भण्डार
निजगढ, ०५३-५४०१९२, ९८४५०९७०५९

१८. मकवानपुर
पत्रपत्रिका सेन्टर, हेटौंडा, ०५७-५२१४३३

१९. काभ्रे
- प्रगति पुस्तक पसल
  बनेपा, ०११-६६१२५७, ९८४१६०६५०६
- श्रेष्ठ ट्रेडर्स, पनौती
  फोन: ०११-४४००५४, ९८४१४७४९५१

२०. सिन्धुपाल्चोक
- केशव स्टेशनरी, चौतारा
  फोन: ०११-६२०२२६, ९८४१९२४४३७
- शुभकामना स्टेशनरी
  बाह्रबिसे, ०११-४८९०८१
- प्रगति स्टेशनरी, बलेफि, ०१-६९१४३१५

२१. काठमाडौं
- ए.बी.जी. स्टेशनरी
  बुढानिलकण्ठ, ०१-४३७७४९५
- किपु बुक प्वाइन्ट, कीर्तिपुर, ०१-४३३१७७५

२२. धादिङ
- त्रिपुरा पुस्तक पसल, धादिङवेसी: ०१०-५२०१९०
- न्यू धादिङ स्टेशनरी
  निलकण्ठ, ०१०-५२०६६५
- हिमाल बुक्स एण्ड स्टेशनरी
  धादिङ, बैरेनी, ०१०-५२९२६०

२३. नुवाकोट
उत्सुक जेनेरल स्टोर, बिदुर, ०१०-५६०४१९

२४. चितवन
नारायणी पुस्तक सदन
नारायणगढ, ०५६-५२१२८०, ९८४५०६३९२३

२५. नवलपरासी
मिलन पुस्तक पसल
सुनवल, ०७८-५७०२११, ९८४७०२२१०८

२६. रूपन्देही
- सरल स्टेशनरी केन्द्र
  भैरहवा, ०७१-५२१७३४, ९८४७०२३२२९
- विशाल पुस्तक पसल, बुटवल, ०७१-५४६५५९

२७. गुल्मी
रेसुङ्गा विज्ञापन सेवा
तम्घास: ०७९-५२०६८६, ९८४७०७२८२६

२८. पाल्पा
श्रेष्ठ न्युज एजेन्सी, तानसेन: ०७५-५२०१८२

२९. तनहुँ
- गण्डकी पुस्तक पसल
  दमौली, ०६५-५६०१२८, ९८५६०२४४५६
- अविद स्टेशनर्स
  डुम्रे, ०६५-५८००५५, ९८४६०६०८०१

३०. गोरखा
रोजिना पुस्तक भण्डार
विद्यालय मार्ग, ०६४-४२०१६३, ९८५६०२७३७५

३१. लमजुङ
झरना पुस्तक पसल
बेसीशहर, ०६६-५२०५१०, ९८४६०९९८३६

३२. कास्की
सफल मिडिया हाउस
पोखरा, ०६१-५३८९१३, ९८५६०२६५७२

३३. अर्घाखाँची
उमेश छापाखाना, सन्धिखर्क, ०७७-४२०१७०

३४. दाङ
- खनाल पुस्तक पसल, भालुबाङ, ०८२-५८०१५८
- जनता बुक स्टल, घोराही
  फोन: ०८२-५६०२९८, ९८४७८३२१५४
- नयाँ ज्योती अफसेट प्रेस
  तुलसीपुर, फोन: ०८२-५२०९२१

३५. रोल्पा
न्यू पूर्णिमा स्टेशनरी एण्ड सप्लायर्स
लिवाङ, ०८६-४४००४०, ९७४८५१५१५१

३६. बाँके
- हिमाल डिस्ट्रिब्युटर, नेपालगन्ज
  फोन: ०८१-५२३८४८, ९८४८०९९३४५
- न्यू त्रिवेणी पुस्तक सदन, धम्बोजीचोक
  फोन: ०८१-५२२५६३, ९८४८०२२७९९
- न्यू आदर्श बुक्स एण्ड स्टेशनरी
  बी.पी.चोक, नेपालगञ्ज, ०८१-५२३८१५
- क्षितिज न्यूज कर्नर
  कोहलपुर, फोन: ०८१-५४१६०८

३७. बर्दिया
- न्यू अर्याल पुस्तक पसल, भुरिगाउँ
  फोन: ०८४-६९२२८१, ९८४८०३५४०३

३८. बाजुरा
सृजना स्टेशनरी एण्ड फोटोकपी सेन्टर
मार्तडी, ०९७-५४१०३४, ९८४८४३२२६३

३९. बझाङ
सगुन स्टेशनरी, ०९२-४२१२३२, ९८४८४५८४६३

४०. दैलेख
शर्मा स्टेशनरी
फोन: ०८९-४२००७४, ९८४८०६२८९६

४१. सुर्खेत
- संगम पुस्तक पसल
  सुर्खेत: ०८३-५२१०७९, ९८४८०४१७०६
- अल्फा स्टेशनरी, बुद्धपथ, ०८३-५२११३७
- न्यू बिहानी पुस्तक पसल
  छिन्चु, फोन: ०८३-५४००५३

४२. जुम्ला
शाही जनरल स्टोर, खलङ्गा बजार
फोन: ०८७-५२००५८, ९८४८३००९८०

४३. कैलाली
- निलम पुस्तक पसल
  अत्तरिया, ०९१-५५०७३८, ९८५८४२०७३८

४४. अछाम
भावुक स्टेशनरी
साँफेबगर: ०९७-६९०१९४, ९७४९०२०९८५

४५. कञ्चनपुर
महाकाली समाचार केन्द्र
महेन्द्रनगर, ०९९-५२१६५३

४६. दार्चुला
चौलानी पुस्तक पसल, गोकुलेश्वर
फोन: ०९३-६९०३३८, ९७४१११८९२५

यहाँहरूलाई उपलब्ध भइरहेको *शिक्षक* मासिकको सहज भुक्तानीको लागि राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा अन्तर्गत हिमाल एसोसिएसनको नाममा रहेको चल्ती खाता नं ११४०००१५४५०१ मा रकम जम्मा गरिदिनुहुन अनुरोध छ । रकम जम्मा गरेको रसिद सुरक्षित राख्नुहोला । रकम प्राप्त भएपछि तपाईंको नाममा आम्दानी जनाइनेछ ।




Corporate Office (home tv):
Lalitpur-3, Pulchowk, Nepal. P.O.Box No: 20939. Tel: 5009240. Fax: 5009070.
E-mail: help@hometvnepal.com, booking@hometvnepal.com URL: www.hometvnepal.com

Toll Free No. 16600110101